"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार"

## राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालयको

# वार्षिक गतिविधि पुस्तिका

## २०७८/०७९


राष्ट्रिय मानव अधिकार आयोग

गण्डकी प्रदेश कार्यालय, पोखरा

# आयोगबाट सम्पादित कार्यक्रमको झलक


















"जीवन,मर्यादा,समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार"

# वार्षिक गतिविधि पुस्तिका

## आ.व. २०७८/०७९

## राष्ट्रिय मानव अधिकार आयोग

### गण्डकी प्रदेश कार्यालय, पोखरा

## आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय तप बहादुर मगर

**सदस्यहरू**

माननीय डा.सूर्यप्रसाद शर्मा ढुङ्गेल

माननीय मिहिर ठाकुर

माननीय मनोज दुवाडी

माननीय लिली थापा

**का.मु.सचिव**

मुरारिप्रसाद खरेल

| | |
|---|---|
| **सल्लाहकार** | : चन्द्रकान्त चापागाई |
| **संयोजन** | : टंकप्रसाद खनाल |
| **लेखन/सम्पादन** | : खिमलाल सुवेदी<br>मोहन काफ्ले |
| **व्यवस्थापन** | : विनोद परियार |
| **प्रकाशक** | : राष्ट्रिय मानव अधिकार आयोग<br>गण्डकी प्रदेश कार्यालय, पोखरा । |
| **फोन** | : ०६१-५८६०५९, ५८६०८१ |
| **प्रकाशन मिति** | : २०७९ असार |
| **मुद्रण** | : सञ्चार अफसेट प्रेस, पोखरा-११, फूलबारी |
| **संस्करण** | : दोस्रो |
| **प्रति** | : ५०० |
| **©सर्वाधिकार** | : राष्ट्रिय मानव अधिकार आयोग<br>गण्डकी प्रदेश कार्यालय, पोखरा |
| **इमेल** | : nhrcpkr@gmail.com |
| **वेवसाईट** | : www.nhrcnepal.org |

*© आयोगको यस कार्यालयको पूर्व स्वीकृति विना यस प्रतिवेदनलाई बौद्धिक वा शैक्षिक प्रयोजन बाहेक व्यापारिक वा अन्य प्रयोजनका लागि पुनः उत्पादन एवम मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाईने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिने छ ।*

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

नेपालको संविधानको धारा २४९ ले मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन गर्ने जिम्मेवारी राष्ट्रिय मानव अधिकार आयोगलाई प्रदान गरेको छ। राज्यले मानव अधिकारको परिपालना गर्नुपर्ने विषयमा आफ्नो दायित्वबाट विमुख हुन पुगेको अवस्थामा खबरदारी गर्ने र राज्यलाई जिम्मेवार बनाउनु आवश्यक हुन्छ। मानव अधिकारको संरक्षण, संवर्धन र त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितताको लागि संवैधानिक अङ्गको रुपमा राष्ट्रिय मानव अधिकार आयोग क्रियाशिल रहँदै आएको छ।

आयोगको गण्डकी प्रदेश कार्यालय पोखराले मानव अधिकारको संरक्षण र संवर्धनको लागि बार्षिक रुपमा सम्पादित गतिविधिहरूलाई समेटी वार्षिक गतिविधि पुस्तिका (२०७८/७९) प्रकाशित गरेकोमा खुशी लागेको छ। आयोग आफ्नो छैठौं रणनीतिक योजना मार्फत **"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार: दिगो शान्ति र संवृद्धिको आधार"** भन्ने दुरदृष्टिका साथ अगाडि बढिरहेको छ। यसले लोकतन्त्र, गणतन्त्र र कानुनी शासनको प्रत्याभूत भई नागरिकको मानव अधिकार संरक्षणको साथै समग्रमा मानव अधिकारको सम्मान हुन सक्दछ।

अन्त्यमा, यस प्रकाशनले गण्डकी प्रदेश भित्रको समग्र मानव अधिकार अवस्थाबारे चित्रण गर्नुका अलावा सम्बन्धित सरोकारवालाहरूलाई आयोगको गण्डकी प्रदेश कार्यालयबाट वार्षिक रुपमा गरिएका गतिविधिहरूको सन्दर्भमा जानकारी गराउन सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु। यस पुस्तिका तयार गर्न संलग्न आयोगको गण्डकी प्रदेश कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु।

तप बहादुर मगर
अध्यक्ष

२०७९ असार

फोन नं. ०० ९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहरभवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## मन्तव्य

राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय पोखराले आफ्नो वार्षिक रुपमा सम्पादित कार्यहरूलाई समेटी गतिविधि पुस्तिका प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ । आयोगको पोखरा कार्यालयले संविधान प्रदत्त सूचनाको हक तथा नेपाल कानुनद्वारा संरक्षित गरिएको मानव अधिकारका विभिन्न अवयवहरु मध्ये नागरिकले समयमा सही सूचना पाउनु पर्ने आवश्यकता पहिचान गरी वर्षभरी गरेका गतिविधिहरूलाई समेटेर पुस्तिका प्रकाशन गरी गण्डकी प्रदेशको मानव अधिकार अवस्थालाई उजागर गर्न खोजेको प्रयास सहानीय छ ।

राष्ट्रिय मानव अधिकार आयोग पोखरा कार्यालयको स्थापना नेपालमा सशस्त्र द्वन्द चरम् उत्कर्षमा रहेको अवस्थामा भएको थियो । स्थापनाकाल देखि हालको अवस्था सम्म कार्यालयले विभिन्न आरोहअवरोहहरू पार गरी यस क्षेत्रका नागरिकको मानव अधिकार संरक्षण र संवर्धनमा निरन्तर क्रियाशील रहदै आएको छ । विगतमा पनि यस कार्यालयले सम्पादित आफ्ना गतिविधिहरूलाई समेटेर प्रदेशको समग्र मानव अधिकार अवस्थालाई चित्रण गर्दै राज्यका सम्बद्ध निकायहरूलाई सुसूचित गराउनुका साथै मानव अधिकार प्रति संवेदनशील बन्न अभिप्रेरित गरिरहेकोमा यस आ.व. ०७८/०७९ को प्रकाशनले पनि यस क्षेत्रका नागरिकको मौलिकहक तथा मानव अधिकार संरक्षण एवं संवर्धनमा टेवा पुऱ्याउने नै छ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, गतिविधि पुस्तिका प्रकाशन गर्न संलग्न आयोग गण्डकी प्रदेश कार्यालय, पोखराका प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद व्यक्त गर्दछु ।

असार २०७९

मुरारिप्रसाद खरेल
का.मु.सचिव

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
गण्डकी प्रदेश कार्यालय, Gandaki Province Office
पोखरा-८, एयरपोर्ट(पर्यटन मार्ग), Pokhara-8, Airport(Paryatan Marga)

# दुई शब्द

मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाकोरुपमा स्थापित राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चित गर्ने मुल ध्येयका साथ आफ्नो कार्यादेश पूरा गर्न क्रियाशील छ। यसको लागि आयोगले देशका विभिन्न प्रदेशहरूमा आफ्ना प्रदेश तथा प्रदेश शाखा कार्यालयहरू स्थापना गरी कार्य गरिहेको छ। मिति २०६२ साल वैशाख २१ गते पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको रुपमा स्थापना भएको आयोगको यस कार्यालय संघिय संरचना अनुरुप हाल गएपछि गण्डकी प्रदेश कार्यालयको रुपमा रहि प्रदेश अन्तर्गतका ११ जिल्लामा क्रियाशिल रहदै आएको छ। यसै सन्दर्भमा आ.व.२०७८/०७९ मा यस कार्यालय बाट भएका प्रमुख गतिविधिहरू लाई आम नागरिक समक्ष जानकारी गराउने उद्धेश्यले यो वार्षिक गतिविधि पुस्तिका प्रकाशन गर्न लागेका छौं। यस पुस्तिकामा आयोगको यस कार्यालयमा रहेका उजुरी विवरण,गण्डकी प्रदेशको मानव अधिकार अवस्था,प्रदेश अन्तर्गत विभिन्न जिल्ला तथा स्थानिय तहमा सम्पन्न भए/गरिएका अनुगमन,अनुसन्धान,सम्वर्द्धनात्मक क्रियाकलापहरु,प्रदेश स्तरिय अन्तरक्रिया,छलफल,कार्यशाला,सम्मेलन लगायतका गतिविधिहरु समेटिएका छन।

यस कार्यालय बाट विभिन्न जिल्ला तथा स्थानीय तहमा गरिएको अनुगमन,आयोगको कार्यालयमा दर्ता भएका उजुरी,निवेदनहरु,प्रदान गरिएको परामर्श आदिको आधारलाई हेर्दा यो वर्ष पनि उपभोक्ता अधिकार, स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार, वातावरण र विकासको अधिकार, जातिय भेदभाव विरूद्धको अधिकार, यातना विरुद्धको अधिकार, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, आदिवासी जनजातिको अधिकार, आप्रवासी कामदारहरुको अधिकार, लैंगिक तथा यौनिक अल्पसंख्यकको अधिकार, बलपूर्वक बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार, संक्रमणकालिन न्याय जस्ता सवालहरु त्यतिकै समस्याको रुपमा देखा परे। त्यसै गरी महिला तथा बालबालिका माथि हुने हिंसाका घटनाहरुमा कमी आउन सकेन। ज्येष्ठ नागरिकहरु घर परिवारबाट अपहेलित भएका सवालहरु त्यतिकै रहे। नेपाल सरकारको पांचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना छ भन्ने कुराको अधिकांश सरोकारवाला निकायलाई जानकारी भएको पाईएन। यसबाट पनि स्थानीय तह लगायत अन्य जिम्मेवार निकायहरु मानव अधिकारको सम्मान,संरक्षण र परिपालनामा पनि गम्भीर बन्न नसकेको देखिन्छ।

अन्तमा यस कार्यालयबाट सम्पादित गतिविधिहरुको बारेमा जानकारी राख्न चाहने विभिन्न निकाय,संघ संस्था,व्यक्तिहरुलाई यस प्रकाशनबाट केही मद्दत पुग्नेछ भन्ने अपेक्षाका साथ यस कार्यालयलाई अझ बढी सक्षम, उत्तरदायी र प्रभावकारी बनाउने सन्दर्भमा यहाँहरुको ठोस र रचनात्मक सुझावको अपेक्षा गर्दछु। यो गतिविधी पुस्तिका लेखन सम्पादनका साथ संयोजन गर्ने मानव अधिकार अधिकृत टंकप्रसाद खनाल एवं लेखन तथा सम्पादन कार्यमा सरिक मानव अधिकृतहरु खिमलाल सुवेदी,मोहन काफ्ले, व्यस्थापन गर्नुहुने नायव सुव्वा विनोद परियार सहित यस कार्यालयका सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु।

चन्द्रकान्त चापागाईं
(नि.कार्यालय प्रमुख)

असार २०७९

फोन नं. ०६१-५८६०८१,५८६०५९ फ्याक्स नं. ००९७७-६१-५३५८७५ पो.ब.नं. ७२ पोखरा, नेपाल
Phone: +977 61-586081, 586059 Fax: +977 61-535875, G.P.O. Box: 72, Pokhara, Nepal
Email: nhrcpkr@gmail.com website www.nhrcnepal.org

# विषय सूची


**परिच्छेद १**

| | | |
|---|---|---|
| १. | प्रतिवेदन सारांश | १ |
| २. | संगठनात्मक संरचना, कार्यादेश र कार्यक्षेत्र | ३ |
| ३. | प्रशासनिक कार्यहरु | ६ |
| ४ | संरक्षण सम्बन्धी कार्यहरु | ८ |
| | ४.१. उजूरी र परामर्श | ८ |
| | ४.२ पीडित उपर परामर्श सेवा | ९ |
| | ४.३ आयोगबाट भएका निर्णयहरु | ९ |
| | ४.४ अनुसन्धान सम्बन्धी गतिविधि | ९ |
| ५ | अनुगमन सम्बन्धी कार्यहरु | ११ |
| ६ | प्रवर्द्धनात्मक कार्यक्रमहरु | १५ |
| ७ | आन्तरिक तथा बाह्य तालिम र वैठक | १७ |
| ८ | सञ्चारमाध्यमहरुमा सहभागिता | १७ |
| ९ | अन्य निकायले सञ्चालन गरेको कार्यक्रममा सहभागिता | १८ |
| १० | अन्य संस्थाले आयोजना गरेको तालिम कार्यक्रममा स्रोत व्यक्ति | २७ |
| ११ | समन्वय र सहकार्य | २८ |
| १२ | केन्द्रीय कार्यालयबाट भएका पदाधिकारीको भ्रमण | २८ |

**परिच्छेद २**

| | | |
|---|---|---|
| २ | मानव अधिकारको अवस्था (विषयगत सन्धिका आधारमा) | ३०-४५ |

**परिच्छेद ३**

| | | |
|---|---|---|
| ३ | आयोगको गण्डकी प्रदेश कार्यालयका गतिविधिहरु | ४६-५८ |

**परिच्छेद ४**

| | | |
|---|---|---|
| ४ | प्रदेश कार्यालयका उपलब्धि, चुनौती र सुझावहरु | ५९-६१ |
| | ४.१ उपलब्धिहरु | ५९ |
| | ४.२ चुनौती | ६० |
| | ४.३ सुझावहरु | ६० |
| | **अनुसूचीहरु : (१-८)** | ६२-६६ |
| | **कार्यक्रमका झलकहरु** | |

## १ प्रतिवेदन साराशं

राष्ट्रिय मानव अधिकार आयोग एक स्वतन्त्र र स्वायत्त संवैधानिक निकाय हो । नेपालको संविधानको धारा २४८ ले मानव अधिकारको सम्मान्,संरक्षण र सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चितता गर्ने प्रमुख दायित्व राष्ट्रिय मानव अधिकार आयोगलाई प्रदान गरेको छ । राष्ट्रिय मानव अधिकार आयोग ऐन २०५३ बमोजिम २०५७ साल जेठ १३ गते आयोगको स्थापना भएको हो । आयोगको स्थापनासंगै क्षेत्रीय तहमा समेत मानव अधिकार संरक्षण, संम्वर्द्धन तथा आम नागरिकको आयोग समक्ष पहुँच विस्तारका लागि २०६२ साल वैशाख २१ गते पोखरामा आयोगको क्षेत्रीय कार्यालय स्थापना भएको थियो । हाल आयोगको यस कार्यालय गण्डकी प्रदेश अन्तर्गतका ११ जिल्लामा मानव अधिकारको संरक्षण र सम्वर्द्धन सम्वन्धी कार्यमा निरन्तर क्रियाशील रहेको  छ । आयोगले तर्जुमा गरेको छैठौं रणनीतिक योजना (२०२१-२०२६) ले " जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार : दिगो शान्ति र संवृद्धिको आधार" भन्ने अवधारणालाई स्थानीय तहसम्म पुऱ्याउन सदैव सरोकारवालासंग समन्वय र सहकार्य गर्दै अगाडि बढेको छ ।

आर्थिक वर्ष २०७८/७९ मा आयोगको यस कार्यालयले गण्डकी प्रदेशको मनाङ्ग जिल्ला बाहेकका १० जिल्लाहरुमा संरक्षण,सम्वर्द्धन  र प्रवर्द्धन सम्वन्धी विभिन्न कार्यक्रमहरु सम्पन्न गरेको छ । गण्डकी प्रदेशका ८५ स्थानीय तहहरु मध्ये ३५ वटा तहमा संरक्षण र सम्वर्द्धन सम्वन्धी विभिन्न गतिविधिहरु सम्पन्न भएका छन् । जसमा अनुगमन, अनुसन्धान, मानव अधिकार शिक्षा, सचेतना कार्यक्रम मार्फत आयोगको उपस्थिती रहेको छ । यस कार्यालयले गण्डकी प्रदेश सरकार, नागरिक समाज, प्रहरी प्रशासनको सहकार्यमा अन्तराष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्वर) पोखरामा सम्पन्न गरेको छ भने जेष्ठ नागरिकको अधिकार र प्रदेश सरकारको भूमिका विषयक प्रदेश स्तरीय अन्तरत्रक्रिया,गण्डकी प्रदेश स्तरीय मानव अधिकार रक्षकको सम्मेलन लगायतका महत्वपूर्ण कार्यक्रमहरु भएका छन् ।  त्यसैगरी यस कार्यालयले गोरखा, पर्वत, कास्की, स्याङ्जा, नवलपुरमा पाँचौ मानव अधिकार राष्ट्रिय कार्य योजना कार्यान्वयन अवस्थाको अनुगमन, बागलुङ र लमजुङमा दिगो विकास लक्ष्य र मानव अधिकार अवस्था अनुगमन, नवलपुर र लमजुङमा नागरिकको स्वास्थ अधिकार अवस्था अनुगमन, स्याङ्जामा विन्नि सिमान्तकृत अल्पसंख्यक समुदायको मानव अधिकार अवस्था अनुगमन, मुस्ताङ, तनहुँ, पर्वत र म्याग्दीमा महिला तथा बालबालिकाको अधिकार अवस्था अनुगमन, तनहुँमा दैवी प्रकोप अर्न्तगत बाढी पहिरोको अनुगमन, पर्वत जिल्ला कारागारको आकस्मिक अनुगमन लगायतका कार्यक्रमहरु सम्पन्न भएका छन् । यसैगरी

केन्द्रीय कार्यालयबाट भएका कार्यक्रमहरुमा स्थानीय तह र सञ्चारकर्मीलाई तालिम पोखरा, पर्वत, म्याग्दी, लमजुङ, गोरखा र नवलपुर तथा जेष्ठ नागरिकको अधिकार सम्बन्धी छलफल तथा अनुगमन कार्यक्रम अन्तर्गत कास्की र लमजुङमा आयोगको यस कार्यालयबाट सहभागी तथा सहजीकरण गरिएको थियो ।

यस अवधिमा यस कार्यालयवाट ३५ वटा निवेदन तथा मौखिक गुनासोहरुका सम्वन्धमा विभिन्न परामर्श सेवा प्रदान गरिएको छ । बालबालिका तथा महिला हिंसा सम्वन्धीका घटनाहरुमा विभिन्न संघ संस्थासँगको सहकार्यमा संयुक्त अनुगमन र पीडितको सुरक्षा तथा मनोविमर्श सेवाको लागि समेत आवश्यक पहल गरिएको  छ । विभिन्न संघसस्थाहरुले आयोजना गरेका ७६ ओटा कार्यक्रमहरुमा यस कार्यालयवाट प्रमुख अतिथि तथा अतिथिको रुपमा सहभागीता, १३ ओटा कार्यक्रममा स्रोत व्यक्ति तथा सहजकर्ता तथा विभिन्न ८ ओटा रेडियोमा अन्तरवार्ता कार्यक्रममा सहित आयोगको सहभागिता रहेको थियो ।

यस आर्थिक वर्षमा अनुसन्धान सम्पन्न भएका २३ ओटा उजुरीको निर्णयार्थ केन्द्रीय कार्यालयमा पठाइसकिएको छ भने बाँकी ४७ वटा उजूरी उपर अनुसन्धान सम्पन्न भई आवश्यक निर्णयार्थ केन्द्रीय कार्यालयमा पठाउने तयारी गरिएको छ । यस आ.व.मा १ मात्र न्याय प्रशासनसंग सम्बन्धित उजुरी आयोगको यस कार्यालयमा दर्ता भएको छ ।

गण्डकी प्रदेश सरकार, नागरिक समाज सञ्जाल, नेपाली सेना, नेपाल प्रहरी, स्थानीय प्रशासन तथा विभिन्न सामाजिक संघ संस्था समेतको सहकार्यमा विविध मानव अधिकार सम्बन्धी सचेतनामुलक कार्यक्रम सम्पन्न भई आयोगको समन्वय र सहकार्यमा अभिवृद्धि भएको छ । साथै आवधिक निर्वाचन अन्तर्गत स्थानीय तह निर्वाचनको आयोगबाट निर्वाचनपूर्व, निर्वाचनको समय र निर्वाचन पश्चात गरी तीन चरणमा यस प्रदेशका विभिन्न ११ जिल्लाको अनुगमन गरी प्रतिवेदन केन्द्रीय कार्यालयमा पठाइसकिएको छ ।

मानव अधिकार शिक्षा मार्फत समाजका हरेक वर्ग तथा समुदायलाई सचेत बनाउदै मानव अधिकार संस्कृति निमार्ण गर्ने कार्य सबै सरोकारवालाको सहकार्य  र समन्वय विना संभव नहुने कुरालाई मनन् गर्दै स्थानीय तह, मानवअधिकार संघ संस्था, नागरिक समाज, कानून व्यवसायी, संचारकर्मी तथा अन्य सामाजिक संघ संस्थासंगको निरन्तर समन्वय र सहकार्यबाटै आम नागरिकले मानव अधिकारको निर्वाध उपभोग गर्ने वातावरणका लागि आयोग सदैव क्रियाशील छ ।

## २. संगठनात्मक संरचना, कार्यदेश र कार्यक्षेत्र

### २.१ कूल दरवन्दी र कार्यरत संख्या

आयोगको गण्डकी प्रदेश कार्यालय पोखराको भौगोलिक क्षेत्राधिकार अन्तर्गत विभिन्न ११ जिल्ला रहेका छन् । उक्त कार्यक्षेत्रको निरन्तर रुपमा अनुसन्धान तथा अनुगमनका लागि १८ जना कर्मचारीको दरवन्दी तोकिएको छ । आयोगको गण्डकी प्रदेश कार्यालय पोखरामा हाल कार्यरत र खाली दरवन्दी तपसील बमोजिम रहेको छ ।

| क्र. सं | तह | पद | कुल दरवन्दी संख्या | हाल कार्यरत संख्या | खाली | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रथम श्रेणी | सहसचिव | १ | ० | ० | |
| २ | द्वितीय श्रेणी | उपसचिव | १ | १ | ० | |
| ३ | तृतीय श्रेणी | मानव अधिकार अधिकृत | ६ | ३ | ३ | |
| ४ | नायव सुब्वा | नायव सुब्वा | ३ | १ | २ | |
| ५ | श्रेणीविहिन | सवारी चालक | २ | २ | ० | |
| ६ | श्रेणीविहिन | कार्यालय सहयोगी | २ | २ | ० | |
| ७ | श्रेणीविहिन | सुरक्षा गार्ड | ३ | २ | १ | काजमा सानेपा |
| | | जम्मा | १८ | ११ | ७ | |

### २.२ कार्यरत कर्मचारीहरू

| क्र.स. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | चन्द्रकान्त चापागाई | उपसचिव/नि.कार्यालय प्रमुख | |
| २ | खिमलाल सुवेदी | मानव अधिकार अधिकृत/सूचना अधिकारी | |
| ३ | मोहन काफ्ले | मानव अधिकार अधिकृत | |
| ४ | टंकप्रसाद खनाल | मानव अधिकार अधिकृत | |
| ५ | विनोद परियार | नायव सुब्वा | |
| ६ | हरि तमाङ | सवारी चालक | |
| ७ | पासाङ लामा | सवारी चालक | |
| ८ | देवु खवास | कार्यालय सहयोगी | |
| ९ | वीरबहादुर महतारा | कार्यालय सहयोगी | |
| १० | दामोदर पौडेल | सुरक्षा गार्ड | |
| ११ | गीता भण्डारी | सुरक्षागार्ड | सानेपा काजमा |
| १२ | सिता चौधरी | सुरक्षा गार्ड | |

## २.३ पद र जिम्मेवारी

| पद | जिम्मेवारी |
|---|---|
| कार्यालय प्रमूख | ▪ प्रशासनिक तथा आर्थिक क्रियाकलाप संचालनको लागि अख्तियारी लिने खाता संचालन गर्ने/गराउने ।<br>▪ उजूरी अनुसन्धान योजना बनाउने क्रममा सम्बन्धित अधिकृतलाई सुझाव दिने ।<br>▪ अनुसन्धान प्रक्रिया र प्रतिवेदन स्वीकार्य मापदण्ड अनुसार भए/नभएको जाँच गर्ने ।<br>▪ कार्ययोजना बमोजिम कार्य गर्न आवश्यक मार्गदर्शन गर्ने, मानव अधिकार अवस्थाको निरन्तर अनुगमनका साथै भैपरी आउने र आकस्मिक घट्नाहरुको अनुगमन गर्ने गराउने ।<br>▪ उजूरीउपर अनुसन्धान सम्पन्न भैसकेको फाइलहरु आफ्नो राय सहितको टिप्पणी उठाई निर्णयको लागि केन्द्रीय कार्यालयमा पेश गर्ने ।<br>▪ मानव अधिकार सम्वर्द्धनात्मक गतिविधिहरु संचालन गर्ने गराउने ।<br>▪ प्रदेश स्तरमा मानव अधिकार रक्षकहरु, मानव अधिकारका क्षेत्रमा कार्य गर्ने संघसंस्थाहरुसँग सम्बन्ध विस्तार र सुदृढीकरणको लागि आवश्यक पहल गर्ने ।<br>▪ कार्यालयमा संचालित सम्पुर्ण क्रियाकलाप र कार्यक्रमहरुको बारेमा पूर्ण रुपमा जिम्मेवार, जवाफदेही र उत्तरदायी बन्ने ।<br>▪ सुपरीवेक्षण गरी सम्पूर्ण कर्मचारीहरुलाई आवश्यक दिशा निर्देशन गर्ने ।<br>▪ दैनिक तथा मासिक प्रतिवेदन तयार गर्न लगाई केन्द्रीय कार्यालयमा पेश गर्ने ।<br>▪ आवश्यकता अनुसार केन्द्रीय कार्यालय लगायत सरकारी निकायहरुसँग समन्वय र सहकार्य गर्ने गराउने । |
| अनुसन्धान र अनुगमन शाखा | ▪ मानव अधिकार उल्लंघनका घट्नाहरुको उजूरी ग्रहण गर्ने ।<br>▪ मानव अधिकार उल्लंघनका घटनामा अनुसन्धान तथा अनुगमन गर्ने ।<br>▪ मानव अधिकार उल्लंघनका घटनाहरुमा सम्वन्धित निकायहरुमा पत्राचार, ताकेता, पुनः ताकेता गर्ने ।<br>▪ उजूरीहरुको अनुसन्धान सम्पन्न गरी निर्णय गर्नुभन्दा पूर्व अनुसन्धानबाट प्राप्त तथ्यहरुको आधारमा सम्बन्धित पक्षहरुलाई प्रतिक्रियाको लागि पत्राचार गर्ने ।<br>▪ अनुसन्धान सम्पन्न भैसकेको उजूरीउपर निर्णयको लागि कार्यालय प्रमुखसमक्ष राय तथा परामर्शको लागि उजूरी फाइलहरु पेश गर्ने ।<br>▪ मानव अधिकार प्रवर्द्धनात्मक गतिविधिहरु संचालन गर्ने, आवश्यक समन्वय गर्ने आदि ।<br>▪ विभिन्न तालिम, गोष्ठी, अन्तरर्क्रियाहरुमा सहभागी भई मानव अधिकार सम्वर्द्धन र संरक्षणमा सघाउने ।<br>▪ विभिन्न घटना तथा मानव अधिकार अवस्थाको सम्वन्धमा अनुगमन गर्ने । |

| | |
|---|---|
| उजूरी शाखा : | ▪ मानव अधिकार उल्लंघन सम्बन्धी उजूरी ग्रहण गर्ने ।<br>▪ उजूरी कारवाही सम्बन्धी अन्य कार्यहरु गर्ने ।<br>▪ पीडितहरुलाई अन्य निकायको कार्यक्षेत्र अन्तर्गतका विषयबस्तुहरुको सन्दर्भमा सम्बन्धित निकायमा जानको लागि आवश्यक सहयोग एवं परामर्श प्रदान गर्ने । |
| सूचना अधिकारी | ▪ कार्यालयका प्रमूख क्रियाकलापहरुको अद्यावधिक गर्ने ।<br>▪ अद्यावधिक सुचनाहरु सुचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५ बमोजिम कुनै पनि निकाय वा व्यक्तिलाई उपलब्ध गराउने ।<br>▪ त्रैमासिक कार्यसम्पादन विवरण प्रकाशन गर्ने । |
| प्रशासन शाखा: | ▪ आवश्यक प्रशासनिक चिठीपत्रहरु तयार गर्ने र पठाउने ।<br>▪ अन्य शाखाहरुबाट माग भएका बस्तु र सेवाको उपलब्ध गराउन पहल गर्ने, आवश्यक समन्वय गर्ने ।<br>▪ जनशक्ति व्यवस्थापन (कर्मचारी सरुवा, पदपूर्ति र स्वीकृति सम्बन्धि कार्य) हरुको अभिलेख राख्ने ।<br>▪ कार्यालय व्यवस्थापन, दैनिक प्रशासनिक कार्यहरु संचालन तथा कर्मचारीहरुको विदाको अभिलेखीकरण गर्ने ।<br>▪ सबै शाखाहरुबाट कार्यालयलाई आवश्यक पर्ने सामानहरुको विवरण माग गरी सामानहरुको खरिद प्रक्रिया अघि वढाउन समन्वय गर्ने ।<br>▪ चिठीपत्र दर्ता, चलानी र सम्बन्धित शाखामा बुझाउने व्यवस्था गर्ने ।<br>▪ रेकर्ड फाइल, चिठीको खाम, ब्रोसर्स लगायत विभिन्न सामग्रीहरुको प्रकाशन गर्ने प्रक्रियाको आवश्यक समन्वय गर्ने ।<br>▪ भण्डार शाखाको संचालन र व्यवस्थापन गर्ने ।<br>▪ स्टाफ बैठकको समन्वय गर्ने र माइनुट तयार गर्ने ।<br>▪ अतिथि सत्कारको लागि आवश्यक व्यवस्था गर्ने ।<br>▪ कार्यालयमा प्राप्त सम्पूर्ण सामग्रीहरुको रेकर्ड राख्ने, चेक जाँच गर्ने ।<br>▪ प्रशासनिक सुपरिवेक्षण गर्ने । |

| | |
|---|---|
| आर्थिक प्रशासन शाखा | ▪ कार्यालय प्रमुखको निर्देशनमा रही खाता संचालन गर्ने गराउने ।<br>▪ को.ले.नि.का.संग समन्वय गर्ने ।<br>▪ कर्मचारीहरुलाई तलव भत्ता वितरण गरी अभिलेख राख्ने ।<br>▪ पेश्की दिने,फर्छ्यौट गर्ने तथा उक्त कार्य गर्दा आवश्यक कागजातहरु मिले नमिलेको चेकजाँच गरी सम्बन्धित अधिकारीलाई नपुग कागजातहरु माग गर्न सूचित गर्ने ।<br>▪ आन्तरीक तथा वाह्य लेखापरीक्षण कार्यमा समन्वय गर्ने ।<br>▪ कार्यालयको कामको शिलशिलामा रकम अभाव भए केन्द्रीय कार्यालयको आर्थिक व्यवस्थापन महाशाखासंग आवश्यक समन्वय गर्ने ।<br>▪ आर्थिक कारोवारको लेखा राख्ने ।<br>▪ आर्थिक अनुशासन कायम गर्ने ।<br>▪ वित्तिय स्रोत तथा आयोगका निर्णय र कार्यहरुबाट पर्न जाने वित्तीय असरको अभिलेखन गर्ने ।<br>▪ आर्थिक प्रतिवेदन तयार गरी पेश गर्ने । |
| सूचना प्रविधि र मानव अधिकार स्रोत केन्द्र | ▪ आयोगको कार्यलाई प्रभावकारी बनाउन सूचना प्रविधिलाई चुस्तदुरुस्त राख्ने ।<br>▪ सूचना प्रविधि सम्बन्धी विषयमा सुझाव दिने ।<br>▪ सूचना प्रविधि उपकरणहरुको रेखदेख, संचालन र संभारमा ध्यान दिने र आवश्यक समन्वय गर्ने ।<br>▪ मानव अधिकार स्रोत केन्द्र व्यवस्थापन गर्ने ।<br>▪ केन्द्रीय कार्यालयबाट प्राप्त भएका मानव अधिकार सम्वन्धी विभिन्न पाठ्यपुस्तकहरुको संरक्षण तथा अभिलेखन गर्ने ।<br>▪ प्रकाशनहरुको वितरण र पत्राचार गर्ने । |
| सुरक्षा गार्ड कक्ष | ▪ कार्यालयको सुरक्षा गर्ने तथा  सुरक्षा सजगता सम्बन्धी जानकारी दिने ।<br>▪ मानव अधिकार हनन् र सुरक्षा स्थितिको समीक्षा गर्ने ।<br>▪ सुरक्षा सम्बन्धी सल्लाह सुझाव प्रदान गर्ने ।<br>▪ सुरक्षाका अन्य कामहरु सम्पादन गर्ने । |

## ३ प्रशासनिक कार्यहरू

प्रशासनिक कार्यहरु  अन्तर्गत कार्यालयद्धारा प्रेषित एवं प्राप्त हुने चिठीपत्रहरुको व्यवस्थापन, शाखाहरुबाट माग भएका बस्तु र सेवा उपलब्ध गराउन पहल, कर्मचारीहरुको विदाको अभिलेखीकरण, भण्डार शाखाको संचालन र व्यवस्थापन, स्टाफ बैठकको समन्वय र माइनुट, अतिथि सत्कारको लागि आवश्यक व्यवस्था तथा कार्यालयमा प्राप्त सम्पूर्ण सामग्रीहरुको रेकर्ड लगायतका नियमित कार्य गरिएको छ ।

## ३.१ कर्मचारी बैठक

आ.ब. २०७८/७९ मा यस कार्यालयमा १४ पटक कर्मचारी बैठक तपसील बमोजिमका विषयहरुमा छलफल गरी विभिन्न निर्णयहरु गरेको थियो ।

| क्र. सं. | | मिति | बैठकका विषयहरु |
|---|---|---|---|
| १ | १५७ | २०७८/४/४ | - आ.ब.२०७८/०७९ को बजेट सम्वन्धमा छलफल गरि मासिक कार्ययोजना तयार । |
| २ | १५८ | २०७८/४/१९ | - आ.ब.२०७७/०७८ मा सम्पन्न भएका कार्यक्रमहरुको समीक्षा सम्वन्धमा ।<br>- जनशक्ति व्यवस्थापन सम्वन्धमा छलफल ।<br>- उजुरी फाईल व्यवस्थापन सम्वन्धमा छलफल । |
| ३ | १५९ | २०७८/६/२५ | - भदौ र असोज महिनामा सम्पन्न भएका कार्यक्रमहरुको समीक्षा ।<br>- बडा दशै र तिहारको अवसरमा शुभ-कामना आदान प्रदान सम्वन्धमा ।<br>- दशै बिदामा कार्यालय खोल्ने सम्वन्धमा । |
| ५ | १६० | २०७८/७/१ | - कार्यालय तथा कर्मचारीहरुको समस्या सम्वन्धमा ।<br>- अनुसन्धान टोली खटाउने सम्वन्धमा ।<br>- मासिक प्रतिवेदन तयार गर्ने सम्वन्धमा ।<br>- पेस्की फर्छ्यौट सम्वन्धमा ।<br>- तिहार विदामा कार्यालय खोल्ने सम्वन्धमा । |
| ६ | १६१ | २०७८/८/१ | - अघिल्लो महिना सम्पन्न भएका कार्यक्रमहरुको समिक्षा सम्वन्धमा ।<br>- अन्तर्राष्ट्रिय मानव अधिकार दिवश तथा बाल अधिकार दिवस मनाउने सम्वन्धमा ।<br>- वार्षिक कार्ययोजना अनुरुप मंसिर महिनामा गरिनुपर्ने कार्यक्रम सम्वन्धमा ।<br>- कार्यालय प्रयोजनका लागि जग्गा भाडामा लिने सम्वन्धमा । |
| ७ | १६२ | २०७८/८/१९ | - अघिल्लो महिना सम्पन्न भएका कार्यक्रमहरुको समीक्षा सम्वन्धमा ।<br>- के.का. मा सम्पन्न भएको प्रथम चौमासिक कार्यक्रमको समीक्षा ।<br>- मानव अधिकार रक्षक दिवस मनाउने सम्वन्धमा ।<br>- अनुगमन टोली खटाउने सम्वन्धमा । |

| | | | |
|---|---|---|---|
| ८ | १६३ | २०७८/९/१ | - पौष महिनामा सम्पन्न गरिने कार्यक्रमहरको योजना सम्वन्धमा । |
| ९ | १६४ | २०७८/११/१७ | - मानव अधिकार रक्षकहरुको प्रादेशीक सम्मेलनका लागि कार्य विभाजन सम्वन्धमा ।<br>- खरिद ईकाइ समिति गठन सम्वन्धमा । |
| १० | १६५ | २०७८/११/१८ | - स्वागत सम्वन्धमा ।<br>- कार्यालय तथा कर्मचारीहरुको गतिविधि सम्वन्धमा । |
| ११ | १६६ | २०७८/११/२५ | - आ.ब. २०७९/८० को वार्षिक कार्ययोजना तयारी सम्वन्धमा ।<br>- फागनु महिनामा सम्वन्न भएका कार्यकमहरुको समिक्षा तथा चैत्र महिनामा सम्पन्न गरिने कार्यक्रमहरुको छलफल सम्बन्धमा । |
| १२ | १६७ | २०७८/१२/२२ | - लैङ्गिक  समानता तथा सामाजिक समावेशीकरण नीति समितिको कमिटी गठन गर्ने सम्वन्धमा ।<br>- सुरक्षा गार्डको पोशाक सम्वन्धमा ।<br>- बार्षिक गतिविधि पुस्तक तयारी सम्वन्धमा ।<br>- मिडिया मोनिटरिङ्ग सम्वन्धमा । |
| १३ | १६८ | २०७९/१/२३ | - समीक्षा सम्वन्धमा ।<br>- स्थानीय तह निर्वाचन अनुगमन सम्वन्धमा । |
| १४ | १६९ | २०७९/२/२३ | - मासिक कार्ययोजना बमोजिम बाँकी रहेका कार्यहरु सम्पन्न गर्ने सम्वन्धमा ।<br>- अनुसन्धान टोली खटाउने सम्वन्धमा । |

### ३.२ खरीद इकाईको गठन

शाखाहरुबाट माग भएका कार्यालयलाई आवश्यक पर्ने पुँजीगत सामाग्री खरिदको लागि खरिद इकाई गठन गरिएको छ । मानव अधिकार अधिकृत खिमलाल सुवेदीको संयोजकत्वमा मानव अधिकार अधिकृत मोहन काफ्ले र लेखा तथा प्रशासन सहायक बिनोद परियार सदस्य रहेका छन् ।

## ४. संरक्षण सम्बन्धी कार्यहरू

### ४.१ उजूरी र परामर्श

आ.व. २०७८/०७९ मा १ वटा उजूरी दर्ता भएको छ ।  यस आ.ब.मा ४७ वटा उजूरीहरु उपर अनुसन्धान सम्पन्न भई आवश्यक निर्णयार्थ केन्द्रीय कार्यालयमा फाइलहरु पठाउने क्रममा रहेका छन । अनुसन्धानमा रहेका उजूरीहरुको संख्या २०३ वटा रहेका छन् । (विस्तृत विवरण अनुसूची १ मा राखिएको छ)

**यस आ.व.मा यस कार्यालयमा दर्ता हुन आएका उजूरीहरुको विवरण।**

| क.सं. | महिना | उजूरीको विषय | संख्या | जम्मा संख्या |
|---|---|---|---|---|
| १. | साउन | दर्ता नभएको | | |
| २. | भदौ | दर्ता नभएको | | |
| ३. | असोज | दर्ता नभएको | | |
| ४. | कार्तिक | दर्ता नभएको | | |
| ५. | मंसीर | दर्ता नभएको | | |
| ६. | पौष | दर्ता नभएको | | |
| ७. | माघ | दर्ता नभएको | | |
| ८. | फागुन | दर्ता नभएको | | |
| ९. | चैत | दर्ता नभएको | | |
| १०. | वैशाख(२०७९) | **न्याय प्रशासन** | १ | **१** |
| ११. | जेठ | दर्ता नभएको | | |
| १२. | असार | दर्ता नभएको | | |
| | | | **जम्मा** | **१** |

## ४.२ पीडित उपर परामर्श सेवा:

यस अवधिमा ३५ वटा निवेदनका सम्वन्धमा विभिन्न परामर्श सेवा प्रदान गरिएको छ। महिला हिंसा सम्वन्धी विभिन्न घटनाहरुमा आयोग र अन्य संघसंस्थावाट संयुक्त अनुगमन भएको, पीडितहरुको लागि नि:शुल्क कानूनी सहायताको लागि पहल गरेको तथा पीडितको सुरक्षा र मनोविमर्श सेवाको लागि समेत पहल गरिरहेको छ।

## ४.३. राष्ट्रिय मानव अधिकार आयोगबाट भएका निर्णय विवरण :

यस अवधिमा यस कार्यालयबाट विभिन्न उजूरीहरु उपर अनुसन्धान सम्पन्न भई आवश्यक निर्णयका लागि केन्द्रीय कार्यालयमा पठाइएका उजुरीफाइलहरुमा यस आ.व.मा तपसील २७ वटा फाइलहरु उपर आयोगवाट आवश्यक निर्णय भएको छ।

| कार्यालय | सिफारिस संख्या | | तामेली | खारेज | जम्मा फछ्र्यौट संख्या | पुन: पेश गर्ने | जम्मा निर्णय |
|---|---|---|---|---|---|---|---|
| | नीतिगत | उजुरीगत | | | | | |
| गण्डकी प्रदेश कार्यालय पोखरा | | ५ | २१ | ० | २६ | १ | २७ |
| जम्मा निर्णय : | ० | ५ | २१ | ० | २६ | १ | २७ |

## ४.४ अनुसन्धान सम्बन्धी गतिविधि

यस आ.ब को कार्ययोजनामा ९ ओटा अनुसन्धान मिसन सम्पन्न गर्ने लक्ष्य राखिएकोमा ८ ओटा अनुसन्धान मिसन सम्पन्न भई विभिन्न विषयका ४७ वटा उजूरीहरुको अनुसन्धान कार्य सम्पन्न भई आवश्यक निर्णयार्थ केन्द्रीय कार्यालयमा पठाउने तयारी भएको छ।

| क्र. सं | अनुसन्धान मिति | उजूरीको विषय/अनुसन्धान सम्पन्न संख्या | जिल्ला | अनुसन्धान टोली |
|---|---|---|---|---|
| १ | २०७८।०७।५ देखि ११ गतेसम्म | तत्कालिन माओवादीबाट धम्की १<br>तत्कालीन माओवादीबाट हत्या १<br>स्वच्छ वातावरणको अधिकार १<br>रोजगारीको अधिकार १<br>महिला अधिकार घरेलु हिंसा १<br>वाइसिएलबाट लुटपाट १<br>सेनाबाट वेपत्ता १<br>न्याय प्रशासन १<br>सम्पत्तीको अधिकार १ | नवलपरासी बर्दघाट सुस्तापूर्व | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख र खिमलाल सुवेदी मानव अधिकार अधिकृत |
| २ | २०७८।०७।११ देखि १७ गतेसम्म | सेनाबाट धम्की असुरक्षा १<br>बाल अधिकार १<br>हिरासतमा मृत्यू १<br>न्याय प्रशासन १<br>वेपत्ता हराएको १ | स्याङजा र कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत र मोहन काफ्ले मानव अधिकार अधिकृत |
| ३ | २०७८।०९।१२ देखि १८ गतेसम्म | न्याय प्रशासन आपवासी कामदार सम्बन्धी -१<br>पक्राउ तथा थुनामा राखिएको सम्बन्धी -१<br>न्याय प्रशासन उजुरी ग्रहण नगरिएको -१<br>महिला  अधिकार घरेलु हिंसा-१ | पर्वत कास्की | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत र विनोद परियार, नायव सुब्बा |
| ४ | २०७८।०९।२१ देखि २७ सम्म | माओवादीबाट हत्या-१<br>न्याय प्रशासन-१<br>अपाङ्गता भएका व्यक्तिको रोजगारको अधिकार -१<br>सुरक्षाकर्मीबाट यातना-२<br>सम्पत्तीको अधिकार माओवादीबाट तालबन्दी -१ | बाग्लुङ र म्याग्दी | मानव अधिकार अधिकृतद्धय खिमलाल सुवेदी र मोहन काफ्ले |
| ५ | २०७८।११।२६ गतेदेखि २०७८।१२।२ सम्म | विस्थापित  ३<br>महिला अधिकार १<br>न्याय प्रशासन २<br>वेपत्ता /सम्पत्तीको अधिकार १<br>धम्की असुरक्षा १ | लमजुङ | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख र टंकप्रसाद खनाल मानव अधिकार अधिकृत |

| | | | | |
|---|---|---|---|---|
| ६ | २०७८।१२।४ देखि २०७८।१२।१० | नेपाली सेनाबाट कुटपीट र यातना ३<br>माओवादीबाट वेपत्ता १<br>सेनाको हवाइ फायरबाट मृत्यु १ | बाग्लुङ र म्याग्दी | मानव अधिकार अधिकृतद्धय खिमलाल सुवेदी र मोहन काफ्ले |
| ७ | २०७९।२।२४ देखि ३० सम्म | स्वच्छ वातवरणको अधिकार १<br>आवासको अधिकार १<br>बाल अधिकार १<br>न्याय प्रशासन २ | कास्की र तनहुँ | मानव अधिकार अधिकृतद्धय खिमलाल सुवेदी र मोहन काफ्ले |
| ८ | २०७९।२।२४ देखि ३० सम्म | न्याय प्रशासन २<br>आर्थिक अधिकार आवास १<br>जीवनको अधिकार वेपत्ता अपहरण २ | गोरखा र कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत र विनोद परियार नायव सुब्बा |

## ५. अनुगमन

यस कार्यालयले गोरखा, पर्वत, कास्की, स्याङ्जा, नवलपुरमा पाँचौ मानव अधिकार राष्ट्रिय कार्य योजना कार्यान्वयन अवस्थाको अनुगमन, बागलुङ र लमजुङमा दिगो विकास लक्ष्य र मानव अधिकार अवस्था अनुगमन, स्याङ्जा र लमजुङमा नागरिकको स्वास्थ अधिकार अवस्था अनुगमन,स्याङ्जामा विपन्न सिमान्तकृत अल्पसंख्यक समुदायको मानव अधिकार अवस्था अनुगमन,मुस्ताङ, तनहुँ, पर्वत र म्याग्दीमा महिला तथा बालबालिकाको अधिकार अवस्था अनुगमन गरिएको छ ।

| क्र. सं. | अनुगमन गरिएको जिल्ला | मिति | अनुगमन विषय | अनुगमन टोलीको नामावली |
|---|---|---|---|---|
| १. | लमजुङ, गोरखा र तनहुँ | २०७८/०४/३० देखि २०७८/०५/०४ | विपदमा नागरिकको मानव अधिकार अवस्था अनुगमन तथा छलफल | नि. कार्यालय प्रमुख चन्द्रकान्त चापागाईं र मानव अधिकार अधिकृत मोहन काफ्ले |
| २ | म्याग्दी, पर्वत, बाग्लुङ | २०७८/५/७ देखि १३ | कोभिड-१९ र समग्र मानव अधिकार अवस्था अनुगमन | मानव अधिकार अधिकृतद्धय खिमलाल सुवेदी र टंकप्रसाद खनाल |
| ३. | स्याङ्जा | २०७८/०५/१९ देखि २५ | विपन्न सिमान्तकृत तथा अल्पसंख्यक समुदायको मानव अधिकार अवस्था अनुगमन तथा छलफल | मानव अधिकार अधिकृत मोहन काफ्ले र नायव सुब्बा विनोद परियार |

| | | | | |
|---|---|---|---|---|
| ४ | गोरखा जिल्ला | २०७८/६/४ देखि २०७८/६/१० गते | गोरखा जिल्लामा पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था अनुगमन | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत |
| ५ | तनहुँ जिल्ला | २०७८।०६।१८ देखि २४ गतेसम्म | महिला तथा बाल अधिकार अवस्था सम्बन्धमा अनुगमन | चन्द्रकान्त चापागाई, नि.कार्यालय प्रमुख टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत |
| ६ | पर्वत जिल्ला | २०७८/७/१ देखि ३ गतेसम्म | जिल्ला कारागार शाखा पवर्तमा बन्दीबाट आत्महत्या गरेको विषयमा आकास्मिक अनुगमन । | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख र खिमलाल सुवेदी, मानव अधिकार अधिकृत |
| ७ | स्याङजा | २०७८।०८।२ देखि ४ गतेसम्म | बाल अधिकार अवस्था अनुगमन | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख र मोहन काफ्ले मानव अधिकार अधिकृत |
| ८ | लमजुङ | २०७८।०८।४ देखि १० सम्म | नागरिकको स्वास्थ अधिकार अवस्था अनुगमन | मानव अधिकार अधिकृतद्धय खिमलाल सुवेदी र टंकप्रसाद खनाल |
| ९ | म्याग्दी | २०७८।०८।१६ देखि १८ सम्म | अपाङ्गता भएका व्यक्तिहरुको अधिकार कार्यान्वयन अवस्था सम्बन्धमा आकास्मिक अनुगमन | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख र खिमलाल सुवेदी, मानव अधिकार अधिकृत |
| १० | पर्वत | २०७८।०८।२४ देखि २९ सम्म | मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था सम्बन्धी | मानव अधिकार अधिकृतद्धय खिमलाल सुवेदी र टंकप्रसाद खनाल |
| ११ | कास्की | २०७८।०९।०७ | बालबालिकामाथि दुर्व्यवहार, अमानवीय व्यवहार अनुगमन | मानव अधिकार अधिकृत टंकप्रसाद खनाल |
| १२ | नवलपरासी बर्दघाट सुस्तापूर्व | २०७८।०९।०३ देखि ०९ सम्म | नागरिकको स्वास्थ्य अधिकारको अवस्था अनुगमन | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख र मोहन काफ्ले, मानव अधिकार अधिकृत |

| | | | | |
|---|---|---|---|---|
| १३ | कास्की, बागलुङ र तनहुँ जिल्ला | मिति २०७८/९/९ देखि २०७८/९/१६ गते सम्म | मानसिक स्वास्थ्य अधिकार विषयमा केन्द्रीय कार्यालयको टोलीसंग अनुगमन | खिमलाल सुवेदी,मानव अधिकार अधिकृत |
| १४ | लमजुङ | २०७८।०९।१९ देखि २१ सम्म | मानव अधिकार अवस्था सम्बन्धमा आकास्मिक अनुगमन | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख र टंकप्रसाद खनाल मानव अधिकार अधिकृत |
| १५ | बागलुङ | २०७८।०९।२७ देखि २०७८।१०।०२ | दिगोविकास लक्ष्य र मानव अधिकार अवस्था अनुगमन | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख र टंकप्रसाद खनाल मानव अधिकार अधिकृत |
| १६ | पर्वत | २०७८।११।५ देखि २०७८।११।११ | महिला तथा बालबालिकाको अधिकार अवस्था अनुगमन | मानव अधिकार अधिकृतद्धय खिमलाल सुवेदी र टंकप्रसाद खनाल |
| १७ | म्याग्दी | २०७८।११।११ देखि २०७८।११।१७ | महिला तथा बालबालिकाको अधिकार अवस्था अनुगमन | मोहन काफ्ले मानव अधिकार अधिकृत र विनोद परियार नायव सुब्बा |
| १८ | तनहुँ | २०७८।११।२३ देखि २०७८।११।२४ | मानव अधिकार अवस्थाको आकस्मिक अनुगमन | चन्द्रकान्त चापागाई, नि.कार्यालय प्रमुख र मोहन काफ्ले मानव अधिकार अधिकृत |
| १९ | मुस्ताङ | २०७८।१२।१२ देखि १८ | महिला तथा बालबालिकाको अधिकार अवस्था अनुगमन | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत र विनोद परियार नायव सुब्बा |
| २० | कास्की, तनहुँ र स्याङ्गजा | २०७९/१/११ देखि २०७९/१/१३ गते सम्म | स्थानीय तह निर्वाचन उम्मेदवारी दर्ता अनुगमन | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख र टंकप्रसाद खनाल मानव अधिकार अधिकृत |
| २१ | म्याग्दी र मुस्ताङ | २०७९/१/२७ देखि २०७९/१/३१ गते | स्थानीय तह निर्वाचन अनुगमन | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत मुक्तिराम सुवेदी, नायव सुब्बा र सागर श्रेष्ठ, नायव सुब्बा |

| | | | | |
|---|---|---|---|---|
| २२ | पर्वत, म्याग्दी र बाग्लुङ | २०७९/१/११ देखि २०७९/१/१३ गतेसम्म | स्थानीय तह निर्वाचन उम्मेदवारी दर्ता अनुगमन | खिमलाल सुवेदी मानव अधिकार अधिकृत र विनोद परियार नायव सुब्वा |
| २३ | गोरखा र तनहुँ | २०७९/१/२७ देखि २०७९/१/३१ गते | स्थानीय तह निर्वाचन अनुगमन । | खिमलाल सुवेदी मानव अधिकार अधिकृत र विनोद परियार नायव सुब्वा |
| २४ | स्याङ्जा र कास्की | २०७९/१/२७ देखि २०७९/१/३१ गते | स्थानीय तह निर्वाचन अनुगमन | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख र रेगम महर्जन,मानव अधिकार अधिकृत |
| २५ | पर्वत ,बाग्लुङ | २०७९/१/२७ देखि २०७९/१/३१ गते | स्थानीय तह निर्वाचन अनुगमन | मानव अधिकार अधिकृतद्धय मोहन काफ्ले र लक्ष्मी पौडेल |
| २६ | पर्वत, बागलुङ | २०७९।२।१ देखि २०७९।२।३ सम्म | निर्वाचनको आकस्मिक अनुगमन | मानव अधिकार अधिकृतद्धय खिमलाल सुवेदी र मोहन काफ्ले |
| २७ | तनहुँ | २०७९।२।३ देखि २०७९।२।६ सम्म | निर्वाचनको आकस्मिक अनुगमन | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख र टंकप्रसाद खनाल मानव अधिकार अधिकृत |
| २८ | लमजुङ | २०७९।०३।०३ देखि २०७९।०३।०८ | दिगो विकास लक्ष्य र मानव अधिकार | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत र विनोद परियार नायव सुब्बा |
| २९ | पर्वत | २०७९।०३।०८ देखि २०७९।०३।१० | मानसिक स्वास्थ्य अवस्था सम्बन्धी आकस्मिक अनुगमन | मोहन काफ्ले मानव अधिकार अधिकृत,वीरबहादुर महतारा कार्यालय सहयोगी |
| ३० | तनहुँ | २०७९।०३।११ देखि २०७९।०३।१३ | दैवी प्रकोप र मानव अधिकार अवस्था आकस्मिक अनुगमा | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत र विनोद परियार नायव सुब्बा र देवु खवास कार्यालय सहयोगी |
| ३१ | स्याङ्जा र नवलपुर | २०७९।०३।१४ देखि २०७९।०३।१९ | पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था अनुगमन | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख, मानव अधिकार अधिकृतद्धय खिमलाल सुवेदी र मोहन काफ्ले |

## ६. प्रवर्द्धनात्मक कार्यक्रम

| क्र.सं | जिल्ला/स्थान | मिति | कार्यक्रमको विषय | कार्यक्रमको उद्देश्य |
|---|---|---|---|---|
| १ | कास्की पोखरा | २०७८।०६।०१ | विश्वव्यापी आवधिक समीक्षा परामर्श कार्यक्रम | विश्वव्यापी आवधीक समीक्षाका क्रममा नेपाललाई प्राप्त सुझाव तथा सिफारिसहरुको बारेमा जानकारी प्रदान गर्नु |
| २ | गोरखा | २०७८।०६।८ | मानव अधिकार राष्ट्रिय कार्ययोजना सम्बन्धी छलफल | नेपाल सरकारको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनाको बारेमा सचेतना/जानकारी प्रदान गर्ने |
| ३ | कास्की पोखरा | २०७८।०६।१५ | जेष्ठ नागरिकको अधिकार तथा प्रदेश सरकारको भूमिका विषयक छलफल अन्तरक्रिया | जेष्ठ नागरिकको अधिकार तथा प्रदेश सरकारको भूमिकाका बारेमा सरोकारवाला निकायलाई जानकारी प्रदान गर्नु । |
| ४ | कास्की पोखरा | २०७८।०६।१३ देखि १५ गतेसम्म | मानव अधिकारमैत्री पत्रकारिता तालिम कार्यक्रम | प्रदेशका सञ्चारकर्मीहरुलाई मानव अधिकार र पत्रकारिताका बारेमा जानकारी प्रदान गर्नु |
| ५ | स्याङ्जा, पुतलीबजार नपा | २०७८।०६।१७ | पुतली बजार नपामा मानव अधिकार राष्ट्रिय कार्ययोजना सम्बन्धी छलफल | नेपाल सरकारको मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनाको बारेमा सचेतना/जानकारी प्रदान गर्ने |
| ६ | तनहुँ व्यास नपा | २०७८।०६।२२ | महिला तथा बाल अधिकार अवस्थाबारेमा सरोकारवालावीच छलफल | स्थानीय तहमा महिला तथा बालबालिकाको अधिकार अवस्था सम्बन्धमा नीतिगत, कानुनी तथा समग्र समस्याबारे छलफल |
| ७ | स्याङ्जा | २०७८।०८।३ | स्याङ्जा जिल्लामा बाल अधिकारको अवस्था र सरोकारवालाको भूमिका | बाल अधिकारका बारेमा सचेतना |

| | | | | |
|---|---|---|---|---|
| ८ | कास्की | २०७८।०८।१५ | पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था अन्तरक्रिया | मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाबारे जानकारी दिने |
| ९ | पर्वत | २०७८।०८।२८ | पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था अन्तरक्रिया | मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाबारे जानकारी दिने |
| १० | कास्की | २०७८।०८।२३ | मानव अधिकार रक्षकको अवस्था सम्बन्धी अन्तरक्रिया | मानव अधिकार रक्षकको अधिकार सम्बन्धी सचेतना पुऱ्याउने |
| ११ | कास्की | २०७८।०८।२४ | अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा प्रभात फेरी तथा फलफुल वितरण र दीप प्रज्ज्वलन कार्यक्रम | मानव अधिकार सम्बन्धी सचेतना पुऱ्याउने |
| १२ | कास्की | २०७८।११।१९ | गण्डकी प्रदेशमा मानव अधिकारको अवस्था | मानव अधिकारको अवस्था बारेमा छलफल तथा जानकारी लिने |
| १३ | पोखरा | २०७८।११।२० र २१ गते | मानव अधिकार रक्षकहरुको प्रादेशिक सम्मेलन | मानव अधिकार रक्षकको संरक्षण र सुरक्षाको सवालमा छलफल गर्ने |
| १४ | तनहुँ बन्दीपुर | २०७८।११।२४ | अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा अन्तरक्रिया | नारी दिवसको बारेमा सचेतना तथा महिला अधिकारको अवस्था बारे छलफल |
| १५ | कास्की अन्नपूर्ण गा.पा | २०७८।१२।२६देखि २७ गतेसम्म | आयोगको गण्डकी प्रदेश कार्यालयको अर्धवार्षिक समीक्षा कार्याक्रम | बार्षिक कार्यक्रमको योजना र उपलब्धी सम्बन्धी समीक्षा गर्ने |
| १६ | कास्की अन्नपूर्ण गा.पा | २०७९ जेठ २० गते | जातीय भेदभाव तथा छुवाछुत विरुद्धको राष्ट्रिय दिवसका अवसरमा छलफल तथा अन्तरक्रिया | सन्धी अनुरुपको दिवस मनाउने |
| १७ | पोखरा मनपा कास्की | २०७९ जेठ २३ गते | विश्व वातावरण दिवस कार्यक्रम | सन्धी अनुरुपको दिवस मनाउने |

## ७. आन्तरिक तथा बाह्य तालिम र बैठकसम्बन्धी विवरण

| क्र. सं. | बैठक/कार्यक्रम | सहभागीको नाम तथा कार्यालय | तालिमको अवधि (मिति र दिन समेत) |
|---|---|---|---|
| १. | अनुसन्धान सम्बन्धी तालिम सौराह चितवन | मानव अधिकार अधिकृतहरु खिमलाल सुवेदी, मोहन काफ्ले र टंकप्रसाद खनाल | २०७८/५/२६ देखि ३१ |
| २ | के.का. को आयोजनामा सम्पन्न भएको लेखा तथा प्रशासन सम्वन्धी तालिममा सहभागी भएको | विनोद परियार लेखा प्रशासन | मिति २०७८/८/१४ देखि २०७८/८/१६ गते सम्म |
| ३ | के.का. को आयोजनामा सम्पन्न भएको आयोगको चौमासिक कार्यक्रमको समीक्षा तथा कार्यान्वयनको अवस्था सम्वन्धी बैठकमा सहभागी | चन्द्रकान्त चापागाई, नि.कार्यालय प्रमुख | मिति २०७८/८/६ देखि २०७८/८/९ गते सम्म |
| ४ | आयोगमा निरन्तर १५ बर्ष सेवा अवधी पुरा गरेका कर्मचारीहरुलाई सम्मान कार्यक्रममा सहभागी | नि.कार्यालय प्रमुख चन्द्रकान्त चापागाई, मानव अधिकार अधिकृतद्धय खिमलाल सुवेदी, मोहन काफ्ले र नायव सुब्बा विनोद परियार | २०७९/२/१३ देखि १४ सम्म |

## ८ सञ्चार माध्यमहरूमा सहभागिता :

| क्र. सं. | कार्यक्रमको विषय | मिति | सञ्चार माध्यमको नाम | सहभागी कर्मचारी |
|---|---|---|---|---|
| १ | रोम विधान र अनुमोदनको आवश्यकता अन्तरवार्ता | २०७८।०४।०३ | रेडियो अन्नपूर्ण | नि.कार्यालय प्रमुख चन्दकान्त चापागाई |
| २ | आजको सवाल रेडियो कार्यक्रम | २०७८।०४।०३ | रेडियो बाराही | नि.कार्यालय प्रमुख चन्दकान्त चापागाई |
| ३ | गण्डकी प्रदेशमा कोरोना खोप अभियान र मानव अधिकार आयोगको भूमिका रेडियो सम्वाद | २०७८।०४।०९ | रेडियो अन्नपूण पोखरा | मानव अधिकार अधिकृत खिमलाल सुवेदी |

| | | | | |
|---|---|---|---|---|
| ४ | बेपत्ता विरुद्धको अन्तर्राष्ट्रिय दिवसमा रेडियो सम्वाद | २०७८/५/१४ | रेडियो बाराही | मानव अधिकार अधिकृत टंकप्रसाद खनाल |
| ५ | बेपत्ता नागरिकको अधिकार संरक्षणमा मानव अधिकार संस्थाको भूमिका | २०७८/५/१४ | पोखरा टि.भी. | मानव अधिकार अधिकृत टंकप्रसाद खनाल |
| ६ | मानव अधिकार अवस्था रेडियो संवाद | २०७८।०६।०५ | थ्रिएन्जल रेडियो | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत |
| ७ | मानव अधिकार अवस्था रेडियो संवाद | २०७८।०६।१५ | रेडियो अन्नपूण पोखरा | मानव अधिकार अधिकृत खिमलाल सुवेदी |
| ८ | विश्व मानव अधिकार दिवस रेडियो संवाद | २०७८।०८।२३ | रेडियो बाराही | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत |
| ९ | विश्व मानव अधिकार दिवस रेडियो संवाद | २०७८।०८।२३ | रोडियो अन्नपूर्ण | मोहन काफ्ले, मानव अधिकार अधिकृत |
| १० | मानव अधिकार सचेतना रेडियो कार्यक्रम | २०७८।१०।१३ | रेडियो सराङकोट | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत |

## ९. अन्य निकायले संचालन गरेको तालिम/कार्यक्रममा सहभागिता

| क्र.सं. | तालिम/कार्यक्रमको विषय | संचालन गर्ने निकायको नाम, ठेगाना | आयोगको तर्फबाट भाग लिने सहभागीको नाम | तालिम/कार्यक्रमको अवधि (मिति र दिन समेत) |
|---|---|---|---|---|
| १ | अपाङ्गता समावेशीकरण पुन:स्थापना एवम् क्लस्टरको वैठक | राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेश कार्यालय पोखरा | खिमलाल सुवेदी,मानव अधिकार अधिकृत | २०७८।०४।०८ |
| २ | गण्डकी प्रदेशमा दिगो विकास लक्ष्य कार्यान्वयनको प्रगती र चुनौति छलफल कार्यक्रम | कोपिला नेपाल पोखरा | मोहन काफ्ले,मानव अधिकार अधिकृत | २०७८।०४।११ |
| ३ | लैङ्गिक सामावेशीताको विद्यमान कानुनी व्यवस्था र अवस्था भर्चुअल छलफल | नागरिक सम्वाद केन्द्र, पोखरा | टंकप्रसाद खनाल,मानव अधिकार अधिकृत | २०७८।०४।०८ |

| | | | | |
|---|---|---|---|---|
| ४ | महिला अधिकार संरक्षण तथा लैङ्गिक हिंसा न्यूनिकरणमा सरोकारवालाको भूमिका | मानव अधिकारका लागि महिला, महिला एकल समूह, गण्डकी | टंकप्रसाद खनाल,मानव अधिकार अधिकृत | २०७८।०४।११ |
| ५ | घरेलु हिंसा सम्बन्धी कानुनी व्यवस्था र सामाजिक चुनौति छलफल | नागरिक सम्वाद केन्द्र, पोखरा | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०४।१५ |
| ६ | गण्डकी प्रदेशमा मानव अधिकारको अवस्था समीक्षा | कोपिला नेपाल | खिमलाल सुवेदी,मानव अधिकार अधिकृत | २०७८।०४।२६ |
| ७ | नदीजन्य पदार्थको उत्खनन् सम्बन्धी ऐन तर्जुमा छलफल | नागरिक संवाद केन्द्र | मानव अधिकार अधिकृत टंकप्रसाद खनाल | २०७८/५/२ |
| ८ | अपांगता भएका द्वन्द्वपीडित नागरिकको अधिकार संरक्षणमा नागरिक समाजको भूमिका | अपांगता भएका द्वन्द्वपीडितहरुको राष्ट्रिय संजाल | नि. कार्यालय प्रमुख चन्द्रकान्त चापागाईं | २०७८/५/१२ |
| ९ | बेपत्ता विरुद्धको अन्तर्राष्ट्रिय दिवसमा दीप प्रज्वलन | आयोग र अन्य सरोकारवाला निकाय | मानव अधिकार अधिकृत खिमलाल सुवेदी | २०७८/५/१४ |
| १०. | गण्डकी प्रदेश सरकारको प्रस्तावित मिडिया विधेयक छलफल | सेन्टर फर मिडिया रिसर्च | मानव अधिकार अधिकृत टंकप्रसाद खनाल | २०७८/५/१५ |
| ११ | कोभिड-१९ ले दलित समुदायलाई पारेको प्रभाव विषयक छलफल | इन्फिनिटिभ इनिसियटिभ नेपाल | मानव अधिकार अधिकृत टंकप्रसाद खनाल | २०७८/५/१७ |
| १२ | आधारभूत मानवीय सिद्धान्त र लैंगिक हिंसासँग सम्बन्धी सुरक्षित संप्रेषण तालिम | ओरेक नेपाल | मानव अधिकार अधिकृत मोहन काफ्ले | २०७८/५/२५ |
| १३ | अनलाइनबाट बालवालिकामा परेको यौन हिंसा सम्बन्धी रिसर्च प्रतिवेदनमाथि छलफल | सिविन नेपाल | मानव अधिकार अधिकृत खिमलाल सुवेदी | २०७८/५/२५ |
| १४ | आत्महत्या रोकथाममा सरोकारवालाको भूमिका छलफल | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, गण्डकी प्रदेश | मानव अधिकार अधिकृत टंकप्रसाद खनाल | २०७८/५/२५ |
| १५ | आप्रवासी श्रमिकको अधिकार सम्बन्धी सरोकारवाला निकायसंगको छलफल | पिपुल्स फोरम नेपाल कास्की | खिमलाल सुवेदी,मानव अधिकार अधिकृत | २०७८।०६।०१ |
| १६ | कोपिला नेपालको बार्षिक साधारण सभा तथा अधिवेशन | कोपिला नेपाल कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७८।०६।०२ |
| १७ | मानव अधिकार तथा मानवीय अवस्था सम्बन्धी अन्तरक्रिया | इन्सेक पोखरा | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७८।०६।०६ |

| | | | | |
|---|---|---|---|---|
| १८ | सामाजिक विकासमा संघ संस्थाको भूमिका अन्तरक्रिया | शिक्षा,संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय,गण्डकी | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७८।०६।०८ |
| १९ | द्वन्द्व पीडितको परिपूरणको अधिकार तथा सरोकारवालाको भूमिका | वकालत मञ्च पोखरा | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७८।०६।०९ |
| २० | गण्डकी प्रदेश प्रहरी ऐन २०७७ मा मानव अधिकार र जवाफदेहिता अन्तरक्रिया | वकालत मञ्च पोखरा | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७८।०६।१० |
| २१ | श्रम आप्रवासनका सरोकारवाला पक्षको अन्तरसम्बन्ध र भूमिका सम्बन्धी अन्तरक्रिया | समता फाउण्डेसन | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७८।०६।१५ |
| २२ | नेपाल सरकारको तर्फबाट बाल अधिकार समितिमा पेश गरिने छैठौं र सातौं प्रतिवेदन मस्यौदामाथि छलफल कार्यक्रम | राष्ट्रिय बाल अधिकार परिषद | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७८।०६।१६ |
| २३ | अपाङ्गता समावेशी जनगणनाको लागि सरोकारवालाको भूमिका अन्तरक्रिया | राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेश पोखरा | चन्द्रकान्त चापागाई, नि.कार्यालय प्रमुख | २०७८।०७।१७ |
| २४ | अन्तर्राष्ट्रिय बाल दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिन अभियान सम्बन्धी छलफल | शिक्षाँ संस्कृति, विज्ञान प्रविधी तथा सामाजिक विकास मन्त्रालय गण्डकी | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७८।०७।२६ |
| २५ | व्यवसाय र मानव अधिकार सम्बन्धी राष्ट्रिय कार्ययोजनाको मस्यौदामाथि छलफल परामर्श | श्रम रोजगार तथा सामाजिक विकास मन्त्रालय | खिमलाल सुवेदी र मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७८।०७।२८ |
| २६ | आप्रवासी श्रमिकको मानव अधिकार अवस्था अन्तरक्रिया | सुरक्षित आप्रवासनका लागि राष्ट्रिय नेटवर्क | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७८।०७।२८ |
| २७ | महामारी र विपदले नागरिक समाजमा पारेको असर | इन्सेक पोखरा | चन्द्रकान्त चापागाई, नि.कार्यालय प्रमुख | २०७८।०७।२९ |
| २८ | कानुन निर्माण प्रक्रियामा नागरिक समाजको भूमिका परामर्श कार्यक्रम | इन्सेक पोखरा | चन्द्रकान्त चापागाई, नि.कार्यालय प्रमुख | २०७८।०७।२९ |

| | | | | |
|---|---|---|---|---|
| २९ | अन्तर्राष्ट्रिय बाल अधिकार दिवसको अवसरमा आयेजित प्रदेशस्तरीय बाल प्रतिभा छनौट प्रतियोगिता | शिक्षा,संस्कृति,विज्ञान प्रविधि तथा सामाजिक सुरक्षा मन्त्रालय | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०८।०४ |
| ३० | विस्तृत शान्ति सम्झौताको १५ वर्ष उपलब्धी र चुनौति | एड्भोकेसी फोरम नेपाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०८।०५ |
| ३१ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउने सम्बन्धी समन्वय वैठक | शिक्षा,संस्कृति,विज्ञान प्रविधि तथा सामाजिक सुरक्षा मन्त्रालय | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०८।०६ |
| ३२ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान शुभारम्भ कार्यक्रम | शिक्षा,संस्कृति,विज्ञान प्रविधि तथा सामाजिक सुरक्षा मन्त्रालय तथा अन्य सरोकारवाला निकाय | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०८।०९ |
| ३३ | मानव वेचविखन विरुद्धको अग्रगामी कार्ययोजना परामर्श कार्यक्रम | एटविन नेपाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०८।०९ |
| ३४ | अपाङ्गता भएका महिलाको मुद्दा र पहुँचयुक्त न्यायिक प्रणलीका चुनौतीहरु नीतिगत सम्वाद | अपाङ्गता महिला सशक्तिकरण केन्द्र कास्की | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०८।०९ |
| ३५ | मर्यादित महिनावारी सञ्जाल घोषणा कार्यक्रम | पहल नेपाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०८।१० |
| ३६ | विश्वव्यापी आवधीक समीक्षाको सिफारिस सम्बन्धमा छलफल | इन्सेक काठमाडौं | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०८।१० |
| ३७ | निर्माणमुखि सामग्रीको व्यवस्था गर्न बनेको विधेयक छलफल | नेपाल कानुन समाज | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०८।०७ |
| ३८ | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान तथा मानव अधिकार अवस्था | थ्री एन्जल रेडियो,पोखरा | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०७८।०८।२१ |
| ३९ | अन्तर्राष्ट्रिय अपाङ्गता दिवस कार्यक्रम | शिक्षा,संस्कृति,विज्ञान प्रविधि तथा सामाजिक सुरक्षा मन्त्रालय तथा अन्य सरोकारवाला निकाय | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०८।१७ |

| | | | | |
|---|---|---|---|---|
| ४० | लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान तथा मानव अधिकार अवस्था | रेडियो अन्नपूर्ण | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०८।२१ |
| ४१ | बाल अधिकार सन्धीजनित नागरिक समाजको पुरक प्रतिवेदन | बालबालिका शान्ति क्षेत्र अभियान | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख र मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०८।२१ |
| ४२ | मानव अधिकार रक्षकको अवस्था र चुनौति | रेडियो बाराही | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०७८।०८।२३ |
| ४३ | संघ,प्रदेश र स्थानीय सरकारका अवसर, अवस्था र चुनौति छलफल | नेपाल कानुन समाज | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०८।२९ |
| ४४ | खिष्टमसको अवसरमा शुभकामना आदन प्रदान | नेपाल खिष्टमस समाज, गण्डकी प्रदेश | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०७८।०९।०६ |
| ४५ | कास्की जिल्लाको मानव अधिकार अवस्था समीक्षा कार्यक्रम | इन्सेक पोखरा | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०७८।०९।०७ |
| ४६ | इन्टरनेट अनलाइनमा बालबालिका तथा किशोर किशोरीले भोगीरहेका समस्या र समाधान | बाल हेल्पलाइन,पोखरा | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०९।०१ |
| ४७ | मानव वेचविखन तथा बाल संरक्षण सम्बन्धी अभिमुखीकरण | कानुन अन्वेषण तथा स्रोत विकास केन्द सेलर्ड | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०९।०२ |
| ४८ | मदिराले जनस्वास्थ्यमा पार्ने नकारात्मक प्रभाव र विद्यमान कानुनी व्यवस्था छलफल | उपभोक्ता हित संरक्षण मञ्च गण्डकी | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०७८।०९।०९ |
| ४९ | मनोरञ्जनका क्षेत्रहरुलाई प्रभाकारी व्यवस्थापन | शक्ति समूह कास्की | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०९।१३ |
| ५० | जोखिमपूर्ण समुदायका नागरिकको मानव अधिकार सवाल | रिकभरिङ्ग नेपाल | चन्द्रकान्त चापागाई ,नि.कार्यालय प्रमुख | २०७८।०९।०२ |
| ५१ | यौन श्रमिक महिलाहरुको हक अधिकार सम्बन्धी छलफल | गोरेटो नेपाल | चन्द्रकान्त चापागाई ,नि.कार्यालय प्रमुख | २०७८।०९।१३ |
| ५२ | यातना पीडितहरुको सवालमा सरोकारवाला निकायसंगको छलफल | कोपिला नेपाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०९।१४ |

| | | | | |
|---|---|---|---|---|
| ५३ | लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको अधिकार तथा जनगणनाको अर्थपूण प्रयोग | नीलहिरा समाज | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०९।१६ |
| ५४ | मनोरञ्जन क्षेत्रमा काम गर्ने मजदुरहरुको मानव अधिकार र सुरक्षा अन्तरक्रिया | शक्ति समूह पोखरा | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७८।१०।०३ |
| ५५ | पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना सम्बन्धी प्रदेश समन्वय वैठक | मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय गण्डकी प्रदेश | खिमलाल सुवेदी र मोहन काफ्ले | २०७८।१०।२३ |
| ५६ | नेपाल मानव अधिकार वर्षपुस्तक २०२२ विमोचन | इन्सेक | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।११।०७ |
| ५७ | नागरिक संस्थाहरुको सवल वातावरण निर्माणका लागि सरोकारवालाको भूमिक | गैसस महासंघ गण्डकी | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।११।०८ |
| ५८ | इन्टरनेट अनलाइनमा बालबालिका तथा किशोरीहरुले भोगीरहेको समस्या र समाधानका उपाय | सिविन पोखरा | चन्द्रकान्त चापागाई, नि.कार्यालय प्रमुख | २०७८।११।१६ |
| ५९ | बालअधिकार,बालबालिका सशक्तिकरण  र पोषण | जागृती बाल तथा युवा सरोकार नेपाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।११।२२ |
| ५० | अन्तर्राष्ट्रिय नारी दिवस कार्यक्रम मुल समारोह | शिक्षा,संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय | टंकप्रसाद खनाल मानवअधिकार अधिकृत | २०७८।११।२४ |
| | मिडियामा महिला सहभागीता | नेपाल पत्रकार महासंघ, कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७८।११।२४ |
| ५१ | नेतृत्वमा महिला सहभागीताको सुनिश्चितता आजको आवश्यकता | कोपिला नेपाल,शान्तिका लागि नागरिक समाजको सञ्जाल,कास्की | चन्द्रकान्त चापागाई, नि.कार्यालय प्रमुख | २०७८।११।२५ |
| ५२ | महिलाको सफलताको लागि हिंसामुक्त कार्यस्थलको आवश्यकता | मिडिया एड्भोकेसी ग्रुप सोलीडारिटी सेन्टर | चन्द्रकान्त चापागाई, नि.कार्यालय प्रमुख | २०७८।११।२६ |

| | | | | |
|---|---|---|---|---|
| ५३ | मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिय कार्ययोजना कार्यान्वयन, विश्वव्यापी आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिस कार्यान्वयन कार्यायोजना र आर्थिक, सामाजिक तथा सास्कृकति अधिकार सम्बन्धी प्रतिज्ञापत्रको चौथो आवधीक प्रतिवेदनको मस्यौदा उपर छलफल | नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय,सिंहदरबार काठमाडौं | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख | २०७८।१२।०७ |
| ५४ | निर्वाचन आचार संहिताको प्रभावकारी कार्यान्वयन र सरोकारवालाको भूमिका अन्तरक्रिया | निर्वाचन आयोग, नेपाल कानुन समाज | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख | २०७८।१२।०८ |
| ५५ | शिक्षा, स्वास्थ्य, खाद्य र आवासको अधिकारका सवालमा सरोकारवालाको भूमिका अन्तरक्रिया | इन्सेक गण्डकी प्रदेश पोखरा | चन्द्रकान्त चापागाई, नि.कार्यालय प्रमुख | २०७८।१२।११ |
| ५६ | पुनस्थापित सेवाग्राहीहरुवीचको तेस्रो वार्षिक सम्मेलन | थ्रि एन्जल नेपाल नेपाल | चन्द्रकान्त चापागाई, नि.कार्यालय प्रमुख | २०७८।१२।१३ |
| ५७ | नेपालमा नागरिकहरुको सहभागीताको लागि सामाजिक सद्भाव परियोजना सम्बन्धी सरोकारवाला निकायसंगको परिचयात्मक कार्यशाला गोष्ठी | मानव अधिकारका लागि महिला, महिला एकल समूह कास्की | चन्द्रकान्त चापागाई, नि.कार्यालय प्रमुख | २०७८।१२।१५ |
| ५८ | गौरी प्रधानसंग बाल अधिकार सम्बाद | सिविन नेपाल | चन्द्रकान्त चापागाई, नि.कार्यालय प्रमुख | २०७८।१२।१७ |
| ५९ | मानसिक स्वास्थ्य सम्बन्धमा प्रदेशस्तरीय छलफल | स्वास्थ्य निर्देशनालय,गण्डकी | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७८।१२।२५ |
| ५० | पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा सरोकारवालाको भूमिका | इन्सेक गण्डकी प्रदेश,पोखरा | मानव अधिकार अधिकृतद्धय खिमलाल सुवेदी र मोहन काफ्ले | २०७८।१२।२९ |
| ५१ | विभेदपूर्ण लिङ्ग छनौट अन्त्यका लागि राष्ट्रिय रणनीति २०७८-२०८८ कार्यान्वयन सम्बन्धी प्रदेशस्तरीय गोष्ठी | स्वास्थ्य मन्त्रालय काठमाडौं | मानव अधिकार अधिकृत मोहन काफ्ले | २०७९।१।०५ |

| | | | | |
|---|---|---|---|---|
| ५२ | अशक्त तथा असहाय व्यक्तिलाई आवश्यक सामग्री तथा खाद्यन्न वितरण कार्यक्रम | निर्वाचन आयोग, नेपाल कानुन समाज | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख | २०७९।१।१५ |
| ५३ | जिल्लास्तरीय बाल सञ्जाल गठन तथा परिचालन | सामाजिक विकास मन्त्रालय तथा इन्सेक पोखरा | चन्द्रकान्त चापागाई, नि.कार्यालय प्रमुख | २०७९।१।२१ |
| ५४ | अपाङ्गता भएका व्यक्तिको राजनैतिक अधिकार सुनिश्चित गर्न र पहुँचयुक्त निर्वाचन प्रणालीको विकासका निम्ती नीतिगत सम्वाद | अपाङ्गता स्वावलम्बन विकास संघ डिडा नेपाल | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९।१।१६ |
| ५५ | स्काउट समर क्याम्प २०२२ | हिमाली स्काउट फाउण्डेसन | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९।१।२० र २१ |
| ५६ | संघीय संरचनामा दलितको सवाल | बहिनी एजुकेशन फाउण्डेसन | टंकप्रसाद खनाल,मानव अधिकार अधिकृत | २०७९।१।१३ |
| ५७ | स्थानीय तह निर्वाचन सम्बन्धी सर्वपक्षीय छलफल कार्यक्रम | मुख्य निर्वाचन अधिकृतको कार्यालय,कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९।१।१७ |
| ५८ | स्थानीय तह निर्वाचन २०७९ मा राजनीतिक दलको घोषणापत्रमा मानव अधिकार र जवाफदेहीता | वकालत मञ्च पोखरा | चन्द्रकान्त चापागाई, नि.कार्यालय प्रमुख | २०७९।१।२३ |
| ५९ | वेपत्ता पारिएका व्यक्तिहरुको परिपुरण सिफारिस सम्बन्धी कार्यविधि २०७८ सम्बन्धमा छलफल | मुख्य न्यायाधीवक्ताको कार्यालय,गण्डकी प्रदेश | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख | २०७९।२।११ |
| ६० | गणतन्त्र दिवस मुल समारोह | आन्तरिक मामिला मन्त्रालय, गण्डकी | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०७९।२।१५ |
| ६१ | गोपनियताको हक र तथ्यांक संरक्षण सम्बन्धी नेपाली कानुनी व्यवस्था अन्तरक्रिया | डिजिटल राइट नेपाल | खिमलाल सुवेदी, मानव अधिकार अधिकृत | २०७९।२।१६ |
| ६२ | गणतन्त्रको संस्थागत विकास कार्यान्वयनको अवस्था अन्तरक्रिया कार्यक्रम | सामाजिक विकास कार्यालय,कास्की | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९।२।२१ |

| | | | | |
|---|---|---|---|---|
| ६३ | ज्येष्ठ नागरिक सम्बन्धी नीति तथा कार्यक्रमबारे कार्याशाला | ज्येष्ठ नागरिक महासंघ गण्डकी | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०७९।२।२१ |
| ६४ | श्रम ऐन र बाल श्रम निषेधित नियमन गर्ने ऐन समीक्षा कार्यक्रम | कोक्याप, नेपाल | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख | २०७९।२।२६ |
| ६५ | नागरिक समाजको बर्तमान अवस्था र भावी कार्यदिशा अन्तरक्रिया कार्यक्रम | कोक्याप, नेपाल | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख | २०७९।२।२७ |
| ७७ | कोपिला नेपालद्धारा कास्की जिल्लामा सञ्चालित परियोजना समीक्षा कार्यक्रम | कोपिला नेपाल पोखरा | चन्द्रकान्त चापागाई नि.कार्यालय प्रमुख | २०७९।२।२९ |
| ६७ | महिला विरुद्धका सबै प्रकारका भेदभाव र उन्मुलन गर्ने महासन्धी सिड निष्कर्श सुझाव कार्यान्वयन सम्बन्धी प्रदेशस्तरीय संवाद | राष्ट्रिय आदीवासी जनजाति महिला मञ्च, काठमाडौं | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९।०३।०७ |
| ६८ | मानव अधिकार वर्षपुस्तक पूर्व समीक्षा कार्याक्रम कास्की | इन्सेक पोखरा | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९।०३।०८ |
| ६९ | संक्रमणकालिन न्याय सम्बन्धी कानून तथा संरचनागत सुधार सम्बन्धी परामर्श | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय काठमाडौं | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९।०३।१० |
| ७० | थुनुवाहरुको मृत्यु, मानव अधिकार र सरोकारवाला निकायको भूमिका संवाद कार्यक्रम | कास्की जिल्ला अदालत बार एशोसिएसन र एड्भोकेसी फोरम | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९।०३।१० |
| ७१ | पहिचान नभएका संक्रमणकालीन न्यायका पीडितहरुको बारेमा संवाद | मानव अधिकारका लागि महिला, महिला एकल समूह कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९।०३।११ |
| ७२ | नेपाल पत्रकार महासंघको ४३ औं स्थापना दिवस, पत्रकारिताको चुनौति र अवसर अन्तरक्रिया | नेपाल पत्रकार महासंघ कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९।०३।१२ |
| ७३ | दि लाइब्रेरी क्याफे पुस्तकालय समुद्घाटन कार्यक्रम | जिल्ला प्रहरी कार्यालय,कास्की | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९।०३।१३ |
| ७४ | नागरिक समाज तथा सञ्चारकर्मीविच न्यायमा पहुँच सम्बन्धी न्यायिक संवाद | उच्च अदालत पोखरा | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९।०३।३१ |

## १०. अन्य संस्थाले आयोजना गरेको तालिम/कार्यक्रममा स्रोत व्यक्ति

| क्र. सं. | तालिम/कार्यक्रमको विषय | संचालन गर्ने निकायको नाम, ठेगाना | आयोगको तर्फबाट भाग लिने सहभागीको नाम | तालिम/कार्यक्रमको अवधि (मिति र दिन समेत) |
|---|---|---|---|---|
| १. | विपद जोखिममा रहेका समूहको मानव अधिकार संरक्षण | नेपाल रेडक्रस सोसाइटी | नि. कार्यालय प्रमुख चन्द्रकान्त चापागाईं | २०७८/५/१० |
| २. | मानव अधिकारको अवधारणा, सिद्धान्त र आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार अनुगमन | ईन्सेक, गण्डकी प्रदेश कार्यालय, पोखरा | नि. कार्यालय प्रमुख चन्द्रकान्त चापागाईं | २०७८/५/१६ |
| ३. | हिंसापीडितको न्यायमा पहुँच अन्तरसंवाद | वालन्याय समिति, कोपिला नेपाल | मानव अधिकार अधिकृत टंकप्रसाद खनाल | २०७८/५/१५ |
| ४. | दिगो विकास लक्ष्य र मानव अधिकार | कोपिला नेपाल | मानव अधिकार अधिकृत खिमलाल सुवेदी | २०७८/५/२० |
| ५ | स्थानीय न्यायिक समितिका पदाधिकारी, अपाङ्गता क्षेत्रमा कार्यरत मानव अधिकाररक्षकलाई प्रशिक्षण | नेपाल अपाङ्ग महिला संघ काठमाडौं | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७८।०८।०९ |
| ६ | सेवाकालिन तालिम | गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान | टंकप्रसाद खनाल, मानव अधिकार अधिकृत | २०७८।०८।१८ |
| ७ | महामारी र विपदमा राष्ट्रिय मानव अधिकार संस्था र नागरिक समाजको भूमिका | इन्सेक काठमाडौं | चन्द्रकाँन्त चापागाई ,नि.कार्यालय प्रमुख | २०७८।०९। |
| ८ | मानव अधिकार रक्षकहरुको सुरक्षा सवाल | इन्सेक पोखरा | चन्द्रकाँन्त चापागाई ,नि.कार्यालय प्रमुख | २०७८।०९। |
| ९ | स्काउट समर क्याम्प २०२२ | हिमाली स्काउट फाउण्डेसन | मोहन काफ्ले, मानव अधिकार अधिकृत | २०७९।१।२० र २१ |

| | | | | |
|---|---|---|---|---|
| १० | महिला विरुद्धका सवै प्रकारका भेदभाव र उन्मुलन गर्ने महासन्धी सिड तथा अन्य अन्तर ाष्ट्रिय दस्तावेजहरुको कार्यान्वयन सम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया | राष्ट्रिय महिला आयोग | मोहन काफ्ले मानव अधिकार अधिकृत | २०७९।०३।१३ |
| ११ | मानव अधिकार संरक्षणमा सञ्चारकर्मीको भूमिका अन्तरक्रिया कार्यक्रम | क्रियाशील महिला पत्रकार गण्डकी र कानुन, सञ्चार तथा प्रदेश मामिला मन्त्रालय गण्डकी | टंकप्रसाद खनाल मानव अधिकार अधिकृत | २०७९।०३।१५ |
| १२ | पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था सम्बन्धी वैठक | मानव अधिकार राष्ट्रिय कार्ययोजनाकार्यान्वयन प्रदेश समन्वय समिति गण्डकी | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७९।०३।२१ |
| १३ | मानव अधिकार,मानसिक स्वास्थ्य र आत्महत्या न्यूनीकरण सम्बन्धी सुरक्षाकर्मीलाई अभिमुखिकरण | कोशिश नेपाल र रा.मा.अ.आ. पोखरा | खिमलाल सुवेदी मानव अधिकार अधिकृत | २०७९।०३।२९ |

## ११ समन्वय र सहकार्य

आयोगको यस कार्यालयले मानव अधिकारको संरक्षण र सम्वर्द्धनको सवालमा प्रदेश सरकार, विभिन्न जिल्लाका सरकारी तथा सुरक्षा निकाय, स्थानीय तहहरु,नागरिक समाज, मानव अधिकारकर्मी तथा मानव अधिकारको क्षेत्रमा क्रियाशील विभिन्न संघसस्थाहरुसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गर्दै आईरहेको छ । त्यसैगरी विषयगत संघसंस्थाको समन्वय र सहकार्यमा अन्तराष्ट्रिय मानव अधिकार दिवस, आयोगको स्थापना दिवस, जातीय भेदभाव विरुद्धको दिवस, वातावरण दिवस, बाल अधिकार दिवस, अपांगता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दिवस जस्ता विभिन्न कार्यक्रमहरु सम्पन्न गरिएको छ। साथै विभिन्न संघ संस्थाद्धारा आयोजना गरिएको मानव अधिकार सम्वन्धी तालिममा स्रोतव्यक्तिको रुपमा आयोगको यस कार्यालयवाट उपस्थित भई मानव अधिकार शिक्षा सम्वन्धी जानकारी दिदै आईरहेको छ ।

## १२. केन्द्रीय कार्यालयबाट भएका पदाधिकारीको भ्रमण तथा कार्यक्रम

आयोगका पदाधिकारीको उपस्थिति तथा केन्द्रीय कार्यालयको आयोजनामा तपसीलका कार्यक्रम सफलतापूर्वक सम्पन्न भएका छन् ।

| क्र.स. | भ्रमण गरेको मिति | भ्रमण गर्ने व्यक्तिको नाम | सम्बद्ध संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | २०७८/६/१ गते | माननीय सदस्य श्री सूर्य ढुंगेल र माननीय सदस्य श्री मनोज दुवाडी | राष्ट्रिय मानव अधिकार आयोग | युपिआर आवधिक समीक्षा कार्यक्रम |
| २ | २०७८/६/१२ गते | माननीय सदस्य श्री लिलि थापा | राष्ट्रिय मानव अधिकार आयोग | मानव अधिकार पत्रकारिता तालिम |
| ३ | २०७८/८/१३-१५ | का.मु सचिव श्री मुरारी प्रसाद खरेल | राष्ट्रिय मानव अधिकार आयोग | लेखा तथा प्रशासन सम्बन्धी तालिम कार्यक्रम |
| ४ | २०७८।११।१ देखि ४ सम्म | माननीय सदस्य श्री मनोद दवाडी | राष्ट्रिय मानव अधिकार आयोग | उजुरी फाइल निरीक्षणका लागि |
| ५ | २०७८।११।१८ | माननीय अध्यक्ष श्री तपबहादुर मगर | राष्ट्रिय मानव अधिकार आयोग | मानव अधिकार रक्षकको प्रादेशिक सम्मेलनका क्रममा |
| ६ | २०७८।११।१८ | का.मु सचिव श्री मुरारी प्रसाद खरेल | राष्ट्रिय मानव अधिकार आयोग | मानव अधिकार रक्षकको प्रादेशिक सम्मेलनका क्रममा |

## २. मानव अधिकारको अवस्था

मानव अधिकारको सम्मान,संरक्षण र परिपूर्ति गर्ने दायित्व राज्यको हुन्छ । संविधान, ऐन कानून र अन्तर्राष्ट्रिय सन्धि महासन्धिद्वारा प्रद्धत अधिकारहरुको प्रचलनमा राज्यले कानुनद्धारा नै ब्यवस्थापन गर्नु पर्दछ । प्रदेशमा मानव अधिकारको अवस्था, मानव अधिकार सम्वन्धी महासन्धिहरु एवम् राष्ट्रिय स्तरमा निर्माण गरिएका ऐन कानूनद्वारा प्रद्धत अधिकारहरुको समग्र उपभोगको अवस्थाको आधारमा सन्धिजनित विषयमा मानव अधिकार अवस्थालाई यहाँ संक्षिप्त रुपमा विश्लेषण गरिएको छ ।

### २.१ नागरिक तथा राजनीतिक अधिकारको अवस्था

हरेक व्याक्तिले नागरिकको हैसियतले प्राप्त गर्ने सम्पूर्ण अधिकारहरु जसलाई राष्ट्रिय तथा अन्तर र्ाष्ट्रिय रुपमा संविधान, ऐन कानुन तथा सन्धी महासन्धीमा उल्लेख गरिएका अधिकारलाई नागरिक तथा राजनीतिक अधिकार भनिन्छ । नागरिक तथा राजनीतिक अधिकारको अवस्थाबाट नै देशको मानव अधिकारको अवस्था कस्तो छ भन्ने सुचकको रुपमा हेर्न सकिन्छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ जारी भएपछि संयुक्त राष्ट्र संघबाट सन् १९६६ मा नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी महासन्धि जारी गरिएको हो । यस महासन्धिका अन्य २ ऐच्छिक आलेखहरु समेत रहेका छन् । यस महासन्धिले अभिव्यक्ति स्वतन्त्रताको अधिकार, गोपनियताको अधिकार, प्रेस स्वतन्त्रताको अधिकार,धार्मिक स्वतन्त्रताको अधिकार, संगठित हुन पाउने र भेला हुन पाउने स्वतन्त्रताको अधिकार, स्वच्छ सुनुवाईको अधिकारका अतिरिक्त निर्वाचनमा भाग लिन र चुनिन पाउने लगायतका अधिकारको प्रत्याभूत गरेको छ । जसलाई मुलतः निम्न अधिकारको अवस्थाको आधारमा चित्रण गरि प्रस्तुत गरिएको छ ।

#### २.१.१ जीवनको अधिकार (सम्मानजनक रूपमा बाँच्न पाउने अधिकार)

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ३ र नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ को धारा ६ मा जीवनको अधिकारका सम्बन्धमा उल्लेख गरिएको छ । यस महासन्धिको दोश्रो ऐच्छिक आलेख १९८९ मा मृत्यु दण्ड सम्बन्धी प्रावधानलाई उन्मुलन गरिएको छ । नेपालको संविधानको धारा १६ मा सम्मानपुर्वक बाँच्न पाउने हकलाई सुरक्षित गरी मौलिक हकको रूपमा स्वीकार गरिएको छ । साथै नागरिक अधिकार ऐन २०१२ ले पनि नागरिकको जीवनको अधिकारलाई सुनिश्चितता प्रदान गरेको अवस्था छ । आयोगको गण्डकी प्रदेश कार्यालय पोखराद्धारा आर्थिक वर्ष २०७८/०७९ मा गरिएको अनुगमनका क्रममा नागरिकको जीवनको अधिकारको अवस्थालाई विश्लेषण गर्दा सन्तोषजनक नै रहेको पाइन्छ । राज्यपक्षबाट यस अवधीमा नागरिकको जीवन हरण हुने गरी मानव अधिकारको उल्लंघन भएको देखिदैन भने व्यक्तिबाट भएका फौजदारी अपराधका घटनाबाट भने आम नागरिक सुरक्षित हुन नसकेको अवस्था छ । गण्डकी प्रदेश प्रहरी कार्यालय पोखराको यस आ.व.को अद्यावधिक तथ्यांक अनुसार ४५ जनाको कर्तव्य गरी हत्या भएको, ६९९ जनाले आत्महत्या गरेको र ३६४ ओटा महिला तथा बालबालिकामाथि हिंसाका घटना भएको उल्लेख छ । महिला तथा बालबालिकामाथि हुने हिंसाका घटनामध्ये २११ घटना जवरजस्ती करणीका रहेको गण्डकी प्रदेश प्रहरी कार्यालयको तथ्यांकमा देखिन्छ

। अपराधका घटना र तथ्यांकको विश्लेषण गर्दा नागरिकको सम्मानजक रुपमा बाँच्न पाउँने अधिकारको हनन् भएको देखिन्छ ।

### २.१.२ विचार तथा अभिव्यक्ति स्वतन्त्रता र बालिग मताधिकार

मानव अधिकार भित्र विचार तथा अभिव्यक्ति स्वतन्त्रता र बालिग मताधिकार लोकतान्त्रिक पद्धति मानिन्छ। यसलाई नेपालको संविधान तथा अन्य कानूनले समेत सम्बोधन गरेको छ । अभिव्यक्ति स्वतन्त्रताको प्रमुख सूचकको रुपमा रहेको बालिग मताधिकार तथा आवधिक निर्वाचनबाट नै लोकतन्त्रको संस्थागत विकास हुन्छ । हरेक नागरिकले स्वतन्त्ररुपमा आफ्नो मताधिकार प्रयोग गर्न तथा निर्वाचनमा भाग लिन, निर्वाचनमा प्रत्यासी भई जनताको अभिमतबाट निर्वाचित भई जनप्रतिनिधिको रुपमा जनताको सेवा गर्न पाउने कुराको सुनिश्चितता संविधान र कानुनले प्रदान गरेको छ। यस आर्थिक वर्षमा स्थानीय तहको निर्वाचन शान्तिपूर्ण रुपमा सम्पन्न भएको छ र २०७९ वैशाख ३० गते सम्पन्न निर्वाचनको मानव अधिकार दृष्टिकोणबाट आयोगको गण्डकी प्रदेश कार्यालय पोखराले निर्वाचन पूर्व,निर्वाचनको दिन र निर्वाचन पछि गरी तीन चरणमा अनुगमन सम्पन्न गरेको छ। स्थानीय तहको निर्वाचनको अनुगमनका क्रममा अभिव्यक्ति स्वतन्त्रता तथा जनताको निर्वाचनमा भाग लिन पाउने अधिकारमा कहि कतैबाट अवरोध भएको पाईएन । केही स्थानमा भएका सामान्य विवाद र झडपका घटना बाहेक निर्वाचन समग्ररुपमा शान्तिपूर्ण रुपमा सम्पन्न भएको पाइयो । आयोगको गण्डकी प्रदेश कार्यालय पोखराबाट अनुगमन गरिएका ११ जिल्लामा औसतमा ६५ प्रतिशत मतदान भएको र महिला, ज्येष्ठ नागरिक, अपांगता भएका ब्याक्तिहरुको मतदानमा उल्लेखनिय सहभागिता रहेको पाइयो । यद्यपी मतदान केन्द्रहरु अपाङ्गमैत्री तथा पहुँचयुक्त नभएको र अधिकाशं मतदान केन्द्र विद्यालयमा तोकिएको अवस्था थियो । यस्तै गण्डकी प्रदेश सरकारको प्रस्तावित सूचना तथा सञ्चार सम्बन्धी विद्येयकले अभिव्यक्ति स्वतन्त्रताको हनन् र हस्तक्षेप हुने भन्दै सञ्चारकर्मीहरुले विरोध जनाएका छन् । यद्यपी विद्येयक विचाराधिन अवस्थामा रहेको छ ।

### २.१.३ कैदी-बन्दीहरूको अधिकार

आधुनिक अवधारणा अनुसार कारागार भनेको कानुन बमोजिम कसुरदारले सजाय भोग्ने बन्दीगृह मात्र होईन, सुधार गृह पनि हो । अपराध गर्ने व्याक्तिहरुलाई अपराधिक मनोवृति वा क्षणिक आवेशका कारण हुन पुगेको अपराधको प्रायश्चित गर्ने, आफ्नो आचरण र व्यबहारमा सुधार गर्ने, सीपमुलक कार्यमा संलग्न हुने तथा सभ्य, सुसंस्कृत र असल नागरिकका रूपमा रुपान्तरणका लागि राखिने ठाउँलाई कारागार भनिन्छ । आधुनिक र सभ्य समाजमा कारागारलाई सुधारगृहको रुपमा परिभाषित गरिएको छ। अपराध प्रमाणित भई कानुन बमोजिम तोकिएको सजाय भोग्ने क्रममा कैदीबन्दी तथा थुनुवाले आधारभूत मानव अधिकारको उपभोग गर्न पाउने नैसर्गिक हकको संरक्षण गर्ने दायित्व राज्यको हो । नेपालको सबिधानले न्याय सम्वन्धी हक र यातना बिरुद्दको हकलाई मौलिक हकका रुपमा राखेको छ र विद्यमान न्याय प्रणालीले सुधारात्मक दण्ड प्रणालीको नीति समेत अवलम्बन गरेको छ । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४) मा भएका वैकल्पिक कारागारका अवधारणाहरु कैदीबन्दीको आचरण एवम् व्यवहार सुधार

तथा कारागारको समग्र सुधारतर्फ निर्देशित छन । त्यसैगरि नकारात्मक सुचिमा नपरेका र असल आचरण भएका कैदीबन्दीहरुलाई कैद छुट हुने प्रावधानले कारागारलाई सुधारगृहका रुपमा बिकास गर्ने कार्यमा सहयोग पुगेको छ ।

गण्डकी प्रदेशमा रहेका जिल्लामा कारागारहरुको विद्यमान संरचनाको क्षमता ९८८ जना कैदीबन्दीलाई सहज रुपमा कारागारमा राख्न सकिने अवस्था छ । हाल गण्डकी प्रदेशका १० जिल्लाका कारागारहरुमा कैद सजाय तोकिएका ९७१ पुरुष र ६१ महिला गरी १०३२ जना कैदी रहेका छन् भने ७३० पुरुष र ३० महिला गरी ७६० मुद्दा पुर्पक्षको क्रममा रहेका थुनुवा  रहेका छन् । गण्डकी प्रदेशमा आ.व.२०७८/०७९ को असार मसान्तसम्म कुल १७९२ जना कैदीबन्दी कारागारमा रहेको कारागार व्यवस्था विभागले जनाएको छ । कारागारमा रहेका मध्ये सवैभन्दा बढी जवरजस्ती करणी मुद्दाका ५५३ जना पुरुष र १ जना महिला छन । यसैगरी कारागारमा ४ जना आश्रित बालबालिका रहेका छन् । गण्डकी प्रदेशको नवलपरासी बर्दघाट सुस्तापूर्व जिल्लामा हालसम्म कारागार स्थापना भएको छैन् । यस्तै ५० जनाको क्षमता रहेको कास्कीको सराङकोटस्थित बाल सुधार गृहमा ९८ जना बालविज्याइको मुद्दामा परेका बालकहरु रहेका छन् ।

आयोगको पोखरा कार्यालयले पर्वत जिल्ला कारागारमा एक जना कैदीको मृत्यु भएको घटनाका सम्बन्धमा अनुगमन गरेको थियो । यसै गरी विभिन्न जिल्लामा कारागार अनुगमनका क्रममा आयोगले कारागारहरुको भौतिक संरचना जीर्ण रहेको, कारागारको सुरक्षाका लागि खटिने सुरक्षाकर्मीहरुको लागि उपयुक्त व्यारेक समेत नभएको र जोखिमपुर्ण अवस्थामा वस्नु पर्दा कारागारको सुरक्षामा चुनौति थपिएको तथा भौतिक पुर्वाधारको सिमितताका कारण कैदीबन्दीले मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानुन र प्रचलित कानूनले प्रदान गरेका सुविधाहरु उपभोग गर्न कठिनाई भएको पाइएको छ । यस गण्डकी प्रदेशका मनाङ र म्याग्दी जिल्लामा कारागारको अवस्था सामान्य रहेको, बागलुङ, तनहुँ जिल्लाका कारागारको अवस्था सामान्य भएपनि मर्मत गरिनु पर्ने, कास्की जिल्लाको महिला बन्दी गृह जीर्ण रहेकोले नयाँ निर्माण गरिनु पर्ने तथा पर्वत, मुस्ताङ, लमजुङ, स्याङ्जा, गोरखा जिल्लाको कारागारको भौतिक संरचना पुरानो र जीर्ण भएकोले नयाँ निर्माण गर्नुपर्ने देखिन्छ । साथै कारागारमा क्षमता भन्दा बढी कैदीबन्दी राखिदाँ र भौतिक संरचनाको अवस्था जीर्ण भई नियमित रुपमा मर्मत संभार गर्न नसकिएकोले कैदीबन्दीलाई सहज रुपमा व्यवस्थापन गर्न कारागार प्रशासनलाई समस्या परेको भनी अनुगमनका क्रममा कारागार प्रशासनले जानकारी गराएको अवस्था छ । कारागार व्यवस्थापनका सम्बन्धमा आवश्यक व्यवस्था गरी कैदी बन्दीको आधारभूत मानव अधिकार संरक्षणका लागि सरकारले ध्यान दिनु जरुरी छ ।

## २.२ आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारको अवस्था :

### २.२.१ उपभोक्ता अधिकारको अवस्थाः

उपभोक्ताको मानव अधिकारलाई मौलिक हकको रुपमा संवैधानिक संरक्षण प्रदान गरी नेपालको संविधानको धारा ४४ ले उपभोक्तालाई गुणस्तरीय वस्तु र सेवा पाउने हक

हुने एवं गुणस्तरहीन वस्तु वा सेवाबाट कसैलाई हानी पुगेमा क्षतिपूर्ति पाउने हकको सुनिश्चितता गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ ले आम उपभोक्ताको सूचित र सुरक्षित हुन पाउने अधिकारलाई सुनिश्चित गरेको छ । त्यस्तै धारा ३० मा स्वच्छ वातावरणको हक र धारा ३५ मा स्वास्थ्य सम्वन्धी हकको समेत व्यवस्था गरेको छ। त्यस्तै मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८, संयुक्त राष्ट्रसंघद्धारा जारी उपभोक्ता संरक्षण सम्वन्धी निर्देशिका १९८५, आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकार सम्वन्धी महासन्धि, १९६६ लगायतले उपभोक्ताको अधिकार सम्वन्धमा विभिन्न व्यवस्थाहरु गरेका छन ।

त्यस्तै उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २७ ले प्रदेश वजार अनुगमन समिति र दफा २८ ले स्थानीय वजार अनुगमन समितिको व्यवस्था गरेको छ । यस सम्वन्धमा आयोगको यस कार्यालयवाट गण्डकी प्रदेशको पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र ८५ ओटा स्थानीय तहहरुमा पत्राचार गरी वजार अनुगमन सम्वन्धी नियमावली निर्देशिका तर्जुमा लगायत वजार अनुगमनको अवस्था सम्वन्धमा पत्राचार गरी जानकारी लिईएको थियो । गण्डकी प्रदेश सरकारवाट वजार अनुगमन नियमावली, २०७६ पारित भई प्रदेश वजार अनुगमन टोली गठन भई समय समयमा अनुगमन हुने गरेको भएता पनि प्रभावकारी अनुगमन हुन नसक्दाँ उपभोक्ताहरुको अधिकार सुनिश्चित हुन सकेको छैन । त्यस्तै स्थानीय तहहरुले वजार अनुगमन निर्देशिका तर्जुमा गरेको पाईए पनि स्थानीय स्तरमा स्थानीय वजार अनुगमन टोली गठन भई प्रभावकारी रुपमा वजार अनुगमन भई कारवाही प्रकिया अगाडि वढाउन सकेको देखिदैन ।

आयोगको यस कार्यालयवाट विभिन्न जिल्लामा गरिएको अनुगमन, विभिन्न पत्रपत्रिकाहरुमा प्रकाशित समाचारहरु, विभिन्न अन्तरक्रिया तथा छलफल कार्यक्रममा उपभोक्ता अधिकारको सम्वन्धमा उठने गरेका विषयहरु हेर्दा जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने तथा म्याद गुज्रिएका उपभोग्य वस्तुको वेचविखन, मुल्य एकरुपता नहुने, तौलमा कमी, अखाद्य पदार्थको मिसावट, अत्याधिक विषादीको प्रयोग, खाद्य वस्तुको गुणस्तर तथा विषादीको चेकजाँच गर्ने प्राविधिक तथा प्रविधिको पर्याप्त व्यवस्थाको अभाव, कृषि लगायतका खाद्य उपजहरुको आपूर्ति तथा निकासी र मुल्य निर्धारण प्रभावकारी हुन नसक्दा उत्पादकले उचित मूल्य नपाउने र उपभोक्ताले महंगो मुल्यमा खरिद गर्नुपर्ने र उपभोक्ता अधिकारको अनुगमन र नियमन गर्ने निकायहरुवाट यसको प्रभावकारी अनुगमन हुन नसकेको भन्ने जस्ता समस्या तथा गुनासोहरु देखिएका छन ।

### २.२.२ स्वास्थ्य अधिकारको अवस्था

संविधानको धारा ३५ मा स्वास्थ्यको हक अन्तर्गत आधारभुत स्वास्थ्य सेवा निःशुल्क, स्वास्थ्य संस्थाहरुमा सवै नागरिकको समान पहूँच, आकस्मिक स्वास्थ्य सेवावाट कसैलाई पनि वञ्चित नगरिने जस्ता व्यवस्थाहरु मौलिक हकमा व्यवस्था गरिएको छ । त्यस्तै मौलिक हक कार्यान्वयन गर्न वनेको जनस्वास्थ्य सेवा ऐन, २०७५ ले पनि नागरिकको स्वास्थ्य अधिकारको सम्वन्धमा विभिन्न व्यवस्थाहरु गरेको छ। गण्डकी प्रदेश सरकारले स्वास्थ्य नीति, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ। प्रदेशमा १ पोखरा स्वास्थ्य

विज्ञान प्रतिष्ठान, ११ जिल्ला अस्पतालहरु, १ संक्रामक तथा सरुवा रोग अस्पताल र स्थानीय पालिकाहरुमा स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, गाउँघर क्लिनिक लगायत स्वास्थ्य सस्थाहरुको व्यवस्था रहेको छ । प्रदेश सरकारको स्वास्थ्य नीति, २०७८ ले निःशुल्क आधारभुत स्वास्थ्य सेवा, आकस्मिक स्वास्थ्य सेवाको पहूच वढाउने, विशेषज्ञ र विशिष्टीकृत स्वास्थ्य सेवाको विस्तार गरी गुणस्तरीय सेवामा सवैको पहूच वृद्धि गर्दै लाने, स्वास्थ्य सस्थामा औषधी, चिकित्सकजन्य सामग्री तथा भ्याक्सिनको अटुट रुपमा आपूर्तिको व्यवस्था मिलाउने, एक चिकित्सक/स्वास्थ्यकर्मी एक सस्था नीति अवलम्वन गर्ने लगायतका नीतिहरु अवलम्वन गरेको छ ।

ऐन कानूनको फितलो कार्यान्वयन अवस्थाले गर्दा स्वास्थ्य सस्थाहरुवाट वितरण हुने सवै प्रकारका निःशुल्क औषधीको उपलव्धता नहुने, स्वास्थ्य वीमामा सवै नागरिक आवद्ध हुन नसकेका तथा स्वास्थ्य वीमा वापत प्राप्त हुने औषधीहरुको उपलव्धता नहुने, करारको म्याद सकिएर करार नवीकरण नहुदा स्वास्थ्य सस्थाहरुमा स्वास्थ्यकर्मीहरुको अभाव, दरवन्दी अनुसारका स्वास्थ्यकर्मीहरुको उपलव्धता नहुने जस्ता अवस्थाले नागरिकहरुको आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवामा पहूच सुनिश्चित हुन नसकेको अवस्था देखिन्छ । मानसिक स्वास्थ्य समस्या भएका व्यक्तिहरुको लागि स्थानीय स्वास्थ्य सस्था तथा जिल्ला अस्पतालहरुमा विशेषज्ञ सेवा नहुदा सेवा लिनका लागि पोखरा, काठमाण्डौ धाउनुपर्ने वाध्यता छ भने पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मानसिक रोगको अन्तरंग सेवा नहुदा भर्ना गरेर उपचार गर्नुपर्ने विरामीहरु महंगो पैसा तिरेर निजी अस्पतालमा जानुपर्ने वाध्यता रहेको छ । एचआईभी संक्रमितहरुको मृगौला डायलाईसिसको लागि यस प्रदेशमा कुनै व्यवस्था नहुदा काठमाण्डौ पुगेर डायलाईसिस सेवा लिनुपर्ने वाध्यता रहेको छ । जिल्ला अस्पतालहरुको सेवा तथा गुणस्तर सुधारको कार्यक्रम प्रदेश स्वास्थ्य मन्त्रालययले राखेपनि आईसियु, भेन्टिलेटर, अक्सिजन प्लान्ट जस्ता उपकरणको व्यवस्था भएपनि दक्ष जनशक्तिको अभावमा संचालन हुन नसकेको अनुगमनको क्रममा पाईएको छ ।

### २.२.३ शिक्षा अधिकारको अवस्था :

शिक्षाको हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ । मौलिक हक कार्यान्वयन गर्न वनेको अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी ऐन, २०७५ ले वालवालिकाको अनिवार्य तथा निःशुल्क शिक्षा सम्वन्धी विभिन्न व्यवस्थाहरु गरेको छ । गण्डकी प्रदेश सरकारले अनिवार्य तथा गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि गण्डकी प्रदेश शिक्षा नीति, २०७८ तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । प्रदेशको साक्षरता दरलाई हेर्दा ७४.८ प्रतिशतमा पुरुष साक्षरता ८३.५ र महिला ६७.७ प्रतिशत रहेको देखिन्छ । प्रदेशमा ३७२८ सामुदायिक विद्यालय र ५८९ संस्थागत गरी कुल ४३१७ विद्यालय रहेको छ ।(स्रोत गण्डकी प्रदेश शिक्षा नीति, २०७८)  शिक्षा नीति, २०७८ ले विद्यालयको शैक्षिक एवं भौतिक पक्षहरुलाई वालमैत्री, लैङ्गिक मैत्री, अपाङ्गतामैत्री एवं समावेशी वनाउने, अपाङ्गता भएका र विभिन्न कारणले सिकाई सम्वन्धी समस्यामा रहेका वालवालिकाहरुका सिकाई आवश्यकता पूरा गर्न विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमवाट उपयुक्त शैक्षिक अवसरहरु उपलव्ध गराउने, सवै तहको शिक्षामा समतामुलक पहूच सुनिश्चित गर्न,

गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्ने, विभिन्न प्रकारका अपाङ्गता भएका सुविधाविहिन वालवालिकाहरुका लागि पहूच सुनिश्चित हुने गरी प्रदेशस्तरमा वहुअपाङ्गता आवसीय विद्यालय स्थापना गरिने लगायतका नीतिगत व्यवस्थाहरु गरेको छ ।

आयोगको यस कार्यालयवाट सरोकारवाला निकाय, नागरिक समाजसँगको छलफल तथा अनुगमनवाट प्राप्त तथ्यहरुलाई हेर्दा सवै वालवालिकाहरुको शिक्षामा समान पहूच सुनिश्चित हुन नसकेको, अपा्गता भएका वालवालिकाहरु, सडक वालवालिकाहरु, सिमान्तकृत वर्गका वालवालिकाहरु अझै पनि विद्यालय वाहिर रहेका, दृष्टि सम्वन्धी अपाङ्गता भएका वालवालिकाहरुको लागि सवै पाठ्यपुस्तकहरु ब्रेलमा उपलव्ध हुन नसकेका,सवै वालवालिकाहरुलाई विद्यालयमा टिकाउन नसकिएको,विद्यालय छोडने वालवालिकाको संख्यामा उल्लेख्य सुधार आउन नसकेको, विद्यालयका भौतिक संरचनाहरु अपाङ्गतामैत्री वन्न नसकेका, विद्यालयमा शारिरीक दण्ड सजाय हटन नसकेको जस्ता अवस्था कायम नै देखिन्छ । हाल छात्राहरुको लागि स्यानीटरी प्याड, छात्रवृत्तिको व्यवस्था, दलित तथा अपाङ्गता छात्रवृत्ति, दिवा खाजा जस्ता कार्यक्रमले वालवालिकाहरुको कक्षा छोडने अवस्थामा केही सुधार आएको देखिन्छ ।

### २.२.४ वातावरण र विकासको अवस्था :

संविधान तथा विभिन्न ऐन कानूनहरुले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक सुनिश्चित गरेको छ । त्यस्तै नेपाल पक्ष भएका विभिन्न अन्तराष्ट्रिय सन्धिहरुले पनि स्वच्छ र स्वस्थ्य वातावरण एवं विकासको अधिकारको प्रत्याभुत गरेका छन । वातावरण र विकास वीच सामाञ्जस्यता कायम हुन नसक्दा नागरिकको मानव अधिकार प्रचलनमा समस्या देखिएको छ । मानवलाई केन्द्र विन्दुमा राखी विकासका क्रियाकलापहरु सञ्चालन हुन नसक्दा विकासको नाममा विभिन्न वातावरणीय समस्याहरु मौलाउदै गएका छन । यस प्रदेश अन्तर्गतका विभिन्न जिल्लाहरुमा विकासका नाममा जथाभावी(विना प्राविधिक) सडक निर्माण लगायतका कार्यले बाढी पहिरो, सवारी दुर्घटना, विस्थापित, अकालमा मृत्यु जस्ता घटनाहरुमा वृद्धि हुदै जादा ठुलो जनधनको क्षति व्यहोर्नु परेको अवस्था छ । प्लाष्टिकजन्य सामाग्रीको अत्याधिक अव्यवस्थित प्रयोग, अव्यवस्थित ढल, मलमूत्र, फोहरमैला, अस्पतालजन्य फोहरमैला र यसको अव्यवस्थित विसर्जनको अवस्थाले नागरिकहरुमा स्वास्थ्य समस्या वढदै गएको, प्राकृतिक स्रोत साधनको अत्याधिक दोहनले प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, विविध खाले प्रदूषणमा वृद्धि जस्ता समस्याहरु वढ्दै गएको भन्ने आयोगको यस कार्यालयवाट भएका अनुगमन, विभिन्न निकाय तथा नागरिक समाजसँगको छलफलमा  विषय उठने गरेको पाईन्छ । अव्यवस्थित शहरीकरण, मानव अधिकारमैत्री विकासको अभाव(Right to participate, Right to contribute and Right to Enjoy) अन्तरसरकारी निकायहरुको समन्वयको अभाव, ऐन कानूनको फितलो कार्यान्वयन जस्ता अवस्थाले वातावरणीय समस्याहरु वढदै गएको देखिन्छ ।

## २.३ जातिय भेदभाव विरुद्धको अधिकारको अवस्था

संयुक्त राष्ट्र संघ महासभाले सवै प्रकारका जातीय भेदभाव उन्मूलन सम्बन्धी महासन्धिलाई सन् १९६५ डिसेम्वर २१ मा महासभाबाट पारित गरेको थियो । यस महासन्धिलाई नेपालले सन् १९७१

जनवरी ३० मा अनुमोदन गरी पक्ष राष्ट्र बनेको छ। नेपालको संविधानको धारा २४ मा छुवाछूत तथा भेदभाव विरुद्धको हक, धारा ४० मा दलितको हक, धारा ४२ मा रहेको सामाजिक न्यायको हक सहित मौलिक हकको व्यवस्था गरिएको छ । यस्तै जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) ऐन, २०६८ तथा जातीय तथा अन्य सामाजिक छुवाछूत र भेदभाव (कसूर र सजाय) नियमवाली, २०७४ समेत कार्यान्वयनमा छ । संविधान तथा कानुनी रुपमा जातिय विभेद विरुद्धको हकलाई सुनिश्चित गरिएपनि व्यवहारमा दलित समुदायले कुनै न कुनै प्रकारको विभेदको सामना गरि रहनु परेको आयोगको अनुगमनका क्रममा पाइएको छ। उनीहरुले राजनीतिक, सामाजिक, साँस्कृतिक रुपमा दलित समुदायमाथि हुने विभेद नरोकिएको भन्दै त्यस विरुद्ध प्रभावकारी रुपमा सचेतनामुलक कार्यक्रम सञ्चालन गरिनु पर्नेमा जोड दिए । संविधानले व्यवस्था गरेको समावेशी सिद्धान्त अनुसार राज्यका निकायमा दलित समुदायको प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ । हालै सम्पन्न स्थानीय तह निर्वाचनमा गण्डकी प्रदेशका विभिन्न ८५ ओटा स्थानीय तहमा प्रमुख तर्फ १ जना, उपप्रमुखमा २ जना, अध्यक्षमा २ जना,उपाध्यक्षमा २ जना, वडाध्यक्षमा १८ जना, सदस्यमा ९९ जना, दलित महिला सदस्यमा ७३२ जना निर्वाचित भएका छन् भने दलित महिला सदस्यको २७ पदमा प्रतिनिधित्व नै नभएको निर्वाचन आयोगको तथ्यांकमा उल्लेख छ । आयोगद्धारा गरिएको स्थानीय तह निर्वाचनको अनुगमनमा समेत जातिय विभेद हुने डर र आशंकाले दलित महिला सदस्यमा उम्मेद्वारी दर्ता गरेर पनि पहिचान खुल्ने तथा आगामी दिनमा सामाजिक विभेदको सामाना गर्नुपर्ने डरले उम्मेद्वारी फिर्ता लिएको भन्ने समेत पाइयो । यसले संविधान तथा कानुनले अंगिकार गरेको समावेशी सिद्धान्त विपरित यस प्रदेशका २७ ओटा वडामा दलित महिला सदस्यको प्रतिनिधित्व शुन्य रहेको पाइयो । संविधानको धारा ४२ मा रहेको सामाजिक न्यायको हक अन्तर्गत सामाजिक न्यायको हकमा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति, लैंगिक तथा यौनिक अल्पसंख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुनेछ भनी उल्लेख गरिएको छ। गण्डकी प्रदेशमा यस आर्थिक वर्षमा कास्की र तनहुँमा जातिय विभेद विरुद्ध एक/एक मुद्दा दर्ता भई अनुसन्धानका क्रममा रहेको प्रदेश प्रहरी कार्यालय गण्डकीले जनाएको छ ।

आयोगले दलित समुदायको हक अधिकारका संरक्षणका सवालमा अनुसन्धान, अनुगमन तथा विभिन्न प्रवर्द्धनात्मक सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्दै सरोकारवाला निकायसंग आवश्यक समन्वय र सहकार्य गर्दै आएको छ ।

## २.४ महिला अधिकारको अवस्था

महिलाको अधिकारलाई प्रचलित नेपाल कानून एवं नेपाल पक्ष राष्ट्र भएका विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरुमा व्यवस्था गरिएको छ । महिला अधिकार संरक्षण र संवर्द्धनका लागि नीतिगत र कानूनी तहमा सकारात्मक प्रयासहरु भएतापनि व्यवहारत: लैंगिक भेदभावको अन्त्य हुन सकेको छैन । समाजमा विद्यमान कुरीति, कुसंस्कार, पितृसत्तात्मक सोंच आदिका कारण अहिले पनि महिलाहरु आर्थिक, सामाजिक, मानसिक, यौनजन्य हिंसाबाट पीडित हुनुपरेको अवस्था छ। राज्यले

समावेशीकरणको नीति अबलम्बन गरेपछि राज्यका निकायहरुमा महिलाहरुको सहभागितामा वृद्धि हुँदै गैरहेको अवस्था देखिन्छ । तथापी अझै पनि नेतृत्व तहमा महिलाहरुको उपस्थिति न्यून नै देखिन्छ । स्थानीय पालिकाहरुमा प्रमुख, उपप्रमुख वा अध्यक्ष, उपाध्यक्ष मध्ये एकजना महिला हुनुपर्ने संवैधानिक व्यवस्थाका बाबजुद भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचनमा गण्डकी प्रदेशका २० स्थानीय तहमा दुवै पदमा पुरुष उम्मेदवार विजय भएको देखिन्छ । यसले राजनीतिमा महिलाको सहभागिताको अधिकार खुम्चिन गएको देखिन्छ । लामो समय नागरिकता सम्बन्धी संघीय कानून नबन्दा नागरिकतामा लैंगिक भेदभावको अवस्था र कतिपय अवस्थामा आमाको नामबाट नागरिकता लिन अदालतको सहारा लिनुपर्ने बाध्यताका विच भर्खरै ल्याइएको नागरिकता विधेयकले उक्त समस्यालाई सम्बोधन गर्ने आशा र विश्वास गर्न सकिन्छ ।

नेपाल प्रहरीको तथ्यांक हेर्दा गण्डकी प्रदेशमा आ.व.२०७८/७९ मा बहुविवाह सम्बन्धी ४०, जवरजस्ती करणीका २११,जवरजस्ती करणी उद्योगका ५०, यौन दुर्व्यवहारको १, मानव बेचविखन तथा ओसारपसार सम्बन्धी १६ वटा मुद्दा दर्ता भएको पाईन्छ ।

गण्डकी प्रदेशमा महिला अधिकार संरक्षणमा योगदान पु¥याउने उद्देश्यले लैंगिक समानता र सामाजिक समावेशीकरण निर्देशिका, २०७७, हिंसा पीडित एवम मानव वेचविखन तथा ओसार पसारबाट प्रभावितहरुको संरक्षण, मनोसामाजिक विमर्श, स्वास्थ्य उपचार, पारिवारिक पुनर्स्थापना, पुनर्मिलन तथा स्वरोजगारमा सहयोग पुर्याई एकीकृत सेवा प्रदान गरी दीर्घकालिन पुनर्स्थापना केन्द्र संचालनका लागि प्रादेशिक पुनर्स्थापना केन्द्र संचालन मापदण्ड, २०७८, गण्डकी प्रदेशका सार्वजनिक स्थलमा कष्टपूर्ण जीवनयापन गर्न बाध्य व्यक्तिको पहिचान, उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि सडक आश्रित सहयोगापेक्षी मानव उद्धार, पुनर्स्थापना तथा व्यवस्थापन कार्यविधि, २०७८, हिंसा प्रभावितहरुको लागि सेवा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७६, एकल महिला संरक्षण कार्यक्रम सम्बन्धी कार्यविधि, २०७६ कार्यान्वयनमा ल्याइएको छ भने गण्डकी प्रदेशलाई सहयोगापेक्षी सडक मानवमुक्त प्रदेश घोषणा गरिएको छ ।

## २.५ बालवालिकाको अधिकारको अवस्था

गण्डकी प्रदेशमा वालवालिकाको अधिकार संरक्षणको लागि प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१), गण्डकी प्रदेशमा बालवालिकाको अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८, लक्षित, विपन्न समूहका, अभिभावक विहिन बालवालिकाहरुका लागि सामाजिक सुरक्षा सहयोग सम्बन्धी कार्यविधि, २०७६, सडक तथा बेवारिसे बालवालिका व्यवस्थापन सञ्चालन मापदण्ड, २०७७ लगायतका नीतिगत र कानूनी व्यवस्था गरिएको छ भने पोखरा महानगरपालिकाले समेत वालवालिकाको अधिकार संरक्षणका लागि बालवालिकाको अधिकार व्यवस्थित गर्न बनेको ऐन, २०७४ जारी गरेको छ ।

प्रदेश नीति तथा योजना आयोगको प्रथम पञ्चवर्षिय योजनाको तथ्यांक अनुसार आधार वर्ष २०७५/७६ मा गण्डकी प्रदेशमा ५ वर्षमुनिको बाल मृत्युदर (प्रतिहजार जीवित जन्ममा) २७, शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) २३ र नवजात शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) १५ रहेको छ भने आधारभूत तहमा खुद भर्ना दर ९४.८ प्रतिशत, बाल कक्षा र पूर्व प्राथमिक तहको अनुभवसहित कक्षा १ मा भर्ना दर ५९.८ प्रतिशत रहेको छ ।

बालवालिकाको स्वास्थ्य अधिकार सुनिश्चितताको लागि प्रदेशमा नियमित खोप कार्यक्रमहरु संचालन, बालवालिकाको पोषणस्तरमा सुधार ल्याउन र शैक्षिक सत्र पूरा नगरी विचमा नै कक्षा छोड्ने समस्या समाधान गर्न सामुदायिक विद्यालयका कक्षा ५ सम्मका सबै बालवालिकालाई दिवा खाजा कार्यक्रम लागू, विद्यालयहरुमा सिमान्तकृत वालवालिकाहरुका लागि छात्रवृत्तिको व्यवस्था, सेनीटरी प्याड सहितको छात्रा शौचालयको व्यवस्था, अति विपन्न वालवालिकाका लागि झोला, शैक्षिक सामाग्री, पोशाक वितरण, बाल अधिकारको बारेमा सचेतनाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बाल दिवशका अवसरमा वाल प्रतिभा छनौट लगायतका विविध सचेतनामूलक र सन्देशमूलक कार्यक्रम संचालन, प्रदेश वाल परिषद तथा वालक्लवहरु गठन जस्ता सकारात्मक कार्यहरु भएको पाईन्छ । तथापि प्रचलित कानूनले निर्दिष्ट गरेको बालसंरक्षण समितिको गठन, बालकल्याण अधिकारीहरु तोक्ने कार्य, बालमैत्री स्थानीय शासन संचालन जस्ता प्रावधानहरुको पूर्ण रुपमा कार्यान्वयन हुन सकेको छैन तथापि प्रगतिउन्मूख देखिन्छ । गरिव र सिमान्तकृत वर्गका वालवालिकाको शिक्षा र स्वास्थ्यमा पूर्ण पहुँच, हिंसा, यौनजन्य दुर्व्यवहार, बलात्कार, बालश्रम, सडक आश्रित वालवालिकाका सवालहरु यद्यपि रहेको हुँदा यस तर्फ पर्याप्त ध्यान दिनु जरुरी देखिन्छ । नेपाल प्रहरीको तथ्यांक अनुसार गण्डकी प्रदेशमा आ.व.२०७८/७९ मा बालविवाहको ५ वटा, बालयौन दुरुपयोगका ३२, बालवालिका सम्बन्धि ऐन अन्तर्गतका ४ वटा मुद्दा दर्ता भएको पाईन्छ ।

विद्यालयहरुमा बालवालिकामाथि शारीरिक दण्ड दिइने प्रवृत्तिमा कमी आएपनि अन्त्य हुन सकेको छैन । मिति २०७८ फागुन १३ गते म्याग्दी जिल्लाको वेनीस्थित प्रकाश माध्यमिक विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थी राजन पौडेल र २०७९ असार २२ गते बाग्लुङ जिल्लाको तमानखोला गा.पा.वडा नं.२ घर भई मोडर्न एकेडेमी, बुर्तिवाङमा अध्ययनरत हिक्मत बिक शिक्षकको कुटाइबाट घाइते भएको घटनाको आयोगले अनुगमन समेत गरेको थियो ।

## २.६ यातना विरुद्धको अधिकार अवस्था :

नेपाल पक्ष राष्ट्र भएको यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४ ले यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार विरुद्धका अधिकार प्रदान गरेको छ। त्यसैगरी, नेपालको संविधानको धारा १६ ले प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक, धारा २० मा कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा नराखिने, स्वच्छ सुनुवाईको हक हुने लगायतका व्यवस्था, धारा २२ मा यातना विरुद्धको हकको व्यवस्था गरेको छ भने मुलुकी अपराध संहिता, २०७४ को दफा १६७ मा यातना दिन नहुने, दफा १६८ मा अपमानजनक वा अमानवीय व्यवहार गर्न नहुने लगायतका व्यवस्थाहरु रहेको छ । आ.व.२०७८/७९ मा क्रुर, अमानवीय वा अपमानजनक व्यवहार भएको भनी यस गण्डकी प्रदेश कार्यालयमा कुनै उजुरी दर्ता हुन आएको छैन । नयाँ भौतिक संरचनाहरुको अभावमा धेरैजसो हिरासत तथा कारागारहरुमा क्षमताभन्दा बढी कैदीबन्दीहरु राखिने गरिएको, कतिपय हिरासत तथा कारागारको भौतिक संरचनाहरु जीर्ण रहेका र खानेपानी तथा सरसफाईको समस्या समेत रहेको पाईन्छ । विगतमा हिरासत कक्ष अनुगमनमा सहज पहुँच नभएतापनि अहिले समय तोकेर अनुगमन गर्ने व्यवस्था मिलाईएकोले सहजता भएको यातनाको क्षेत्रमा कार्यरत गैरसरकारी संघ संस्थाहरुको भनाई रहेको र यसले यातना रोकथाममा महत्वपूर्ण भूमिका खेल्ने

आशा गर्न सकिन्छ । प्रहरी कार्यालयहरु स्रोत साधन सम्पन्न नहुँदा र अनुसन्धान प्रक्रियामा बैज्ञानिक पद्धतिहरु अवलम्बन नगरिँदा अझै पनि यातना दिने कार्य पूर्ण रुपमा अन्त्य हुन सकेको छैन ।

## २.७ अपाङ्गता भएका व्यक्तिहरूको अधिकार अवस्था :

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारलाई नेपालको संविधानले नै मौलिक हकका विभिन्न धाराहरु मार्फत संरक्षण तथा सम्वर्द्धनको व्यवस्था गरेको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी महासन्धि, २००६ र यसको स्वेच्छिक आलेखको नेपाल पक्ष राष्ट्र भईसकेको छ । त्यस्तै नेपालले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्वन्धी ऐन, २०७४ निर्माण गरी हाल कार्यान्वयनमा समेत रहेको छ । त्यस्तै अपाङ्गता भएका व्यक्तिका लागि समावेशी शिक्षा नीति, २०७३, अपाङ्गता भएका व्यक्तिहरुको लागि पहूँचयुक्त भौतिक संरचना तथा संचार सेवा निर्देशिका, २०६९, दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) जस्ता नीति निर्देशिका तथा लक्ष्यहरु रहेका छन । उल्लेखित संविधान, अन्तराष्ट्रिय सन्धि, ऐन तथा विभिन्न नीति तथा निर्देशिकाहरुले अपाङ्गता भएका व्यक्तिहरुको सम्मानपूर्वक वाँच्न पाउने अधिकार, स्वतन्त्रताको अधिकार, शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा, सेवा, सुविधा तथा न्यायमा पहूच, भेदभाव विरुद्धको अधिकार, सामुदायिक जीवनको अधिकार, राजनीतिमा सहभागिता, नीति निर्माणमा सहभागिता, सूचना तथा जानकारीको अधिकार, सास्कृतिक जीवनमा सहभागी हुने अधिकार लगायतका अधिकारहरुको व्यवस्था गरेको छ ।

संविधान, ऐन कानूनमा अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण तथा सम्वर्द्धनको लागि विविध व्यवस्थाहरु रहेको भएपनि ऐन कानूनहरुको कार्यान्वयन अवस्था फितलो हुदाँ व्यवहारिक रुपमा अपाङ्गता भएका व्यक्तिहरुले अधिकार उपभोगको अनुभूती गर्न सकेको अवस्था देखिदैन । आयोगको यस कार्यालयमा प्राप्त हुने सूचना, जानकारी तथा कार्यालयवाट प्रदेश अन्तर्गतका जिल्लाहरुमा गरिएको अनुगमन, छलफलवाट प्राप्त तथ्यहरुलाई हेर्दा अपाङ्गता भएका व्यक्तिहरुप्रति नकारात्मक सामाजिक धारणा, अपाङ्गतामैत्री सोचको अभाव, शिक्षामा पहूँच सुनिश्चित हुन नसकेको, अपाङ्गता भए कै कारण विभिन्न भेदभाव हुने गरेका, रोजगारको सुनिश्चितता हुन नसकेको, पर्याप्त जीवनस्तरको अभाव, सामाजिक सुरक्षा भत्ता न्यून रहेको, पूर्ण अशक्त र अति अशक्त अपाङ्गताको लागि सहयोगीको व्यवस्था कार्यान्वयन हुन नसकेको, अपाङ्गतामैत्री भौतिक संरचनाको अभाव, सूचना तथा संचारमा सहज पहूँचको अभाव, सार्वजनिक निकायका सूचना सामग्रीहरु सवै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि पहूचयुक्त नभएका,स्वास्थ्य संस्था लगायत वढी जनसम्पर्क हुने सरकारी कार्यालयहरुमा दोभाषेको व्यवस्था नहुदाँ सुनुवाई, दृष्टि सम्वन्धी अपाङ्गता भएका व्यक्तिहरुले सेवा लिनमा कठिनाई भोग्नुपरेको छ । भौतिक संरचना, प्रकियागत झन्झट, कानूनी सचेतनाको अभाव जस्ता अवस्थाले अपाङ्गता भएका व्यक्तिहरुको न्यायमा पहूच सुनिश्चित हुन नसकेको देखिन्छ । मानसिक तथा मनोसामाजिक अपाङ्गता भएका व्यक्तिहरु अझै पनि उपचार अभावमा खोरमा थुनिनुपर्ने, वाँधिएर वस्नुपर्ने तथा अमानवीय जीवन विताउनु परेको अवस्था कायम नै छ । अपाङ्गता भएका वालवालिकालाई विद्यालयले भर्ना लिन अस्वीकार गर्ने, अपाङ्गतामैत्री पाठ्यकम तथा पाठ्यपुस्तक उपलव्ध हुन नसकेको, नीति निर्माण तहसम्म अझै पनि अपाङ्गता भएका व्यक्तिहरुको सहज पहुँच सुनिश्चित हुन नसकेको तथा अझै

पनि अपाङ्गता भएका व्यक्तिहरुलाई अधिकारको दृष्टिकोणवाट भन्दा पनि दया मायाका दृष्टिले हेर्ने गरिएको पाईन्छ । संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको १६ नं. मा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन गर्ने भनी उल्लेख भएपनि स्थानीय तहहरुले हालसम्म पनि अपाङ्गता सम्वन्धी कानून निर्माण लगायत नीति योजनाको तर्जुमा गरेको देखिदैन ।

## २.८ बलपूर्वक बेपत्ता पार्ने कार्य विरुद्धको अधिकार अवस्था :

देश शान्ति प्रक्रियामा प्रवेश गरेपछि बलपूर्वक बेपत्ता पार्ने कार्यहरु नभएतापनि तत्कालीन विद्रोही ने.क.पा.(माओवादी) ले २०५२ साल फाल्गुण १ गते देखि शुरु गरेको सशस्त्र द्वन्द्वका क्रममा राज्य र विद्रोही पक्षबाट बलपूर्वक बेपत्ता पारिएका नागरिकहरुको अवस्था हालसम्म पनि सार्वजनिक हुन सकेको छैन । नेपाल सरकार र तत्कालीन ने.क.पा. (माओवादी) बीच २०६३ साल मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौतामा ६० दिनभित्र वेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सार्वजनिक गर्ने उल्लेख भएतापनि हालसम्म सार्वजनिक हुन नसकेको अवस्था छ । बलपूर्वक बेपत्ता पारिएका नागरिकका हकवालाले राज्यबाट प्राप्त गर्ने राहत, सुविधाहरु प्राप्त गरेको भएतापनि हरेक नागरिकको सत्य जान्न पाउने र न्याय प्राप्त गर्ने अधिकारबाट वञ्चित भएको अवस्था छ ।

## २.९ संक्रमणकालिन न्यायको अधिकार अवस्था :

देशमा झण्डै एक दशक चलेको सशस्त्र द्वन्द्वका कारण राज्य र विद्रोही पक्षबाट भएका मानव अधिकार उल्लंघन र ज्यादतीका पीडित परिवारले हालसम्म पनि न्याय प्राप्त गर्न सकेका छैनन् । नेपाल सरकार र तत्कालीन ने.क.पा. (माओवादी) बीच २०६३ साल मंसिर ५ गते भएको विस्तृत शान्ति सम्झौता र त्यसपछि राजनीतिक दलहरुबीच भएका सम्झौताहरु एवं नेपालको अन्तरिम संविधान, २०६३ मा सत्यनिरुपण तथा मेलमिलाप आयोग र उच्चस्तरीय बेपत्ता छानवीन आयोगको स्थापना गरी द्वन्द्वपीडित नागरिकहरुलाई न्याय दिने उल्लेख भएपछि मानव अधिकार हनन्बाट पीडित भएका व्यक्तिहरुले राज्यबाट न्याय पाउने अपेक्षा गरिएको थियो । तर शान्ति सम्झौतामा उल्लेखित ६० दिनभित्र वेपत्ता पारिएका व्यक्तिहरुको अवस्था सार्वजनिक गर्ने र ६ महिनाभित्र संक्रमणकालिन न्यायका संयन्त्रहरु स्थापना गर्ने व्यवस्थाका बाबजुद झण्डै ७ वर्षपछि मात्रै संक्रमणकालीन न्यायका संयन्त्रको रुपमा २०७१ साल माघ २८ गते सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोगको स्थापना भएतापनि प्रभावकारी ढंगले काम कारवाही अगाडी बढाउन नसक्दा संक्रमणकालिन न्याय प्रक्रिया टुंगोमा पुग्न सकेको छैन । यसले द्वन्द्वपीडितहरुमा थप निराशा र पीडा थपिन पुगेको अवस्था छ । लामो समयसम्म द्वन्द्वपीडित लगायत सरोकारवालाहरुले उठाउँदै आएको बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संसोधन गर्ने विषयमा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयले प्रदेशस्तरमा कार्यशाला मार्फत सुझाव संकलन गरेतापनि छलफलका क्रममा उठाईएका सवालहरु विधेयकमा समावेश नगरी घुमाउरो पाराले पीडकलाई उन्मूक्ति दिने जस्ता प्रावधानहरु राखेर विधेयक संसदमा दर्ता भएको भन्दै यस क्षेत्रका द्वन्द्वपीडितहरुले न्याय प्राप्त गर्नेमा थप आशंका व्यक्त गरेका छन् ।

## २.१० जेष्ठ नागरिकको अधिकार अवस्था

जेष्ठ नागरिकमाथि हुने विभिन्न किसिमका हिंसा, दुर्व्यबहार, हेला होचो गर्ने जस्ता घटनाहरुबाट उनीहरु हिंसा सहन बाध्य भएका छन् । जेष्ठ नागरिकलाई सम्मान गरौं, उनीहरुमाथि कुनैपनि हिंसा, दुर्व्यवहार,अपमान, हेला नगरौं भनी नयाँ पुस्तालाई सन्देश दिने तथा समाजमा सचेतना पुऱ्याउने जस्ता कार्यक्रमहरु विभिन्न संघ संस्था तथा निकायहरुबाट सञ्चालन भएपनि समाजमा जेष्ठ नागरिकप्रति सम्मानजनक व्यवहार हुन नसकेको गुनासो स्वय् जेष्ठ नागरिकले गरिरहेको आयोगको अनुगमनबाट देखिन्छ । जेष्ठ नागरिकलाई घरपरिवारबाट नै पहिलो संरक्षणको खाँचो रहेको हुन्छ । यद्यपी जेष्ठ नागरिक घर परिवारबाट नै विभिन्न हिंसा र दुर्व्यवहार भोग्न बाध्य भएको बताउनभयो । जेष्ठ नागरिकले आफूमाथि भएको हिंसा र दुर्व्यवहारका घटनाका विषयमा प्रहरी कार्यालय तथा अन्य निकायमा भने उजुरी दिएको पाइदैन् ।

जीवनको उर्जाशील समयमा परिवार, समाज र राष्ट्रलाई हरेक क्षेत्रबाट योगदान दिएका ज्येष्ठ नागरिकहरूलाई सम्मान र आर्थिक सुरक्षाका लागि वि.स. २०५२ साल देखी सरकारले ज्येष्ठ नागरिकहरूको लागि प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता हाल बृद्धि गरी मासिक ४०००।- पुऱ्याइएको छ । जसबाट जेष्ठ नागरिकको सामाजिक सुरक्षामा सहयोग पुगेको पाइन्छ । जेष्ठ नागरिक आश्रममा रहेका जेष्ठ नागरिकहरुलाई स्थानीय तहले आश्रममा नै गएर सामाजिक सुरक्षा (जेष्ठ नागरिक भत्ता) वितरण गर्ने गरेको र उक्त भत्ता रकम केही जेष्ठ नागरिकहरुले आफूखुशी खर्च गर्ने गरेको भन्ने आयोगको अनुगमनबाट पाइयो । अनुगमनका क्रममा जेष्ठ नागरिकले आफूहरुमाथि घर-परिवारबाट नै दुर्व्यवहार हुने गरेको बताउनुभयौंछन् । तर पीडित पक्षले नै त्यस्तो घटना बाहिर भन्दैनन् किनभने त्यसो गर्दा आफ्नो र आफ्नै परिवारको बेइज्जत होला भनेर डराउँछन् र परिवारको कुरा बाहिर भनेको थाहा पाए आफूमाथि हुने गरेको दुर्व्यवहार झन् बढ्ला भन्ने डर पनि हुन्छ उनीहरुमा । ज्येष्ठ नागरिकमाथि हुने शोषण र दुर्व्यवहारविरुद्ध कानुनी उपचारको भरपर्दो व्यवस्था छैन र जे छ त्यो पनि प्रभावकारी कार्यान्वयन भएको छैन् । यी कारणहरूले गर्दा समाजमा ज्येष्ठ नागरिकहरू हिंसा, दुर्व्यवहार सहेर, अपहेलित र पीडित भएर बस्न बाध्य भएको पाइएको छ ।

ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक हेरचाह केन्द्रमा राख्नु पर्ने भएतापनि सबै कारागारहरुमा स्थान अभावले उचित व्यवस्थापन मिलाउन नसकिएको कारागार प्रशासनले आयोगको अनुगमनका क्रममा जानकारी दिएको अवस्था छ। साथै कतिपय कारागारहरुमा छुट्टा छुट्टै राख्नुपर्ने कैदीबन्दीहरूलाई एकै ठाँउमा राख्नु पर्ने अवस्था रहेको प्रशासनले जनाएको छ। फौजदारी अपराध अन्तर्गत गण्डकी प्रदेशका विभिन्न कारागारहरुमा ६५ वर्ष माथिका ४३ जना जेष्ठ नागरिकले कैद भोगिरहेको पाइएको छ । जसमा सवैभन्दा बढी तनहुँमा १५ जना र कास्कीमा १४ जना जेष्ठ नागरिक कारागारमा रहेका छन् । लमजुङ, मनाङ र मुस्ताङ जिल्लाका कारागारमा भने जेष्ठ नागरिक नभएको कारागार प्रशासनले जनाएको छ ।

कतिपय ज्येष्ठ नागरिकहरु घरपरिवारबाटै बेवास्ता भएको र माया, स्नेह र संरक्षण नपाएको कारण वृद्धाश्रम तथा कल्पबासमा बस्न बाध्य भएको र यसरी परिवारबाट टाढा बस्नुपर्दा मानसिक पीडा हुने गरेको भन्ने भनाई आयोगको अनुगमनबाट पाईयो ।  यद्यपी जेष्ठ नागरिकको अधिकार सम्बन्धमा गण्डकी प्रदेश मातहतका जिल्ला प्रहरी कार्यालयमा उजुरी तथा जाहेरी लगायतको कुनैपनि उजुरी नपरेको पाइएको छ ।

जेष्ठ नागरिकको अधिकार संरक्षणमा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय रुपमा विभिन्न महासन्धी, सिद्धान्त, संविधान, ऐन कानुन लगायतको कानुनी व्यवस्था छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २५ (१) ले प्रौढावस्थामा समेत जीविकोपार्जनका लागि सामाजिक सुरक्षाको अधिकार सुनिश्चित गरेको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को धारा ६ अनुसार प्रत्येक व्यक्तिलाई जीवनको अन्तर्निहित अधिकार तथा बाँच्न पाउने अधिकार रहनेछ भन्ने व्यवस्था छ। स्वेच्छाचारी रूपले कसैको पनि जीवन हरण नगरिने र कानुनद्वारा सबैको बाँच्न पाउने अधिकारको संरक्षण गरिने कुरा उल्लेख छ। संयुक्त राष्ट्रसङ्घको महासभाबाट १६ डिसेम्बर १९९१ मा पारित राष्ट्रसङ्घीय वृद्धवृद्धासम्बन्धी सिद्धान्तहरू, नेपालको संविधानको धारा ४१ मा ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ भनिएको छ। जेष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ ले जेष्ठ नागरिकको हेरविचार, स्याहारसम्भार तथा सामाजिक सुरक्षाको लागि केन्द्रीय जेष्ठ नागरिक कल्याण समितिको गठन र जेष्ठ नागरिक कल्याणकोषको व्यवस्था गरेको छ। मुलुकी देवानी संहिता २०७४ को दफा १९ मा सकारात्मक विभेद, ऐनको दफा १२२ मा छोराछोरीको आमाबाबुप्रति कर्तव्य, सामाजिक सुरक्षा ऐन, २०७५ मा सामाजिक सुरक्षा भत्ता आदिको व्यवस्था गरेको भएपनि सोको कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेको देखिदैन।

## २.११ आदिवासी जनजातिको अधिकार अवस्था :

आदिवासी जनजातिहरुको मानव अधिकार संरक्षण र सम्वर्द्धन गर्नको लागि राज्यले संविधान तथा ऐन कानूनहरुको व्यवस्था गरेको छ। आदिवासी तथा जनजाति सम्वन्धी महासन्धि नं १६९ तथा आदिवासी जनजाति सम्वन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्र(UNDRIP) को पनि नेपाल पक्ष राष्ट्र भएको छ। उल्लेखित महासन्धि तथा घोषणापत्रले आदिवासी जनजातिहरुको पहिचानको अधिकार, आत्मनिर्णयको अधिकार, स्वशासनको अधिकार, परामर्शको अधिकार, सहभागिताको अधिकार, भूमि, भू-क्षेत्र र प्राकृतिक स्रोत सम्वन्धी अधिकार, स्वतन्त्र अग्रिम र सुसूचित सहमति, समावेशिताको अधिकार, भाषिक, स्वास्थ्य, शिक्षा लगायतका अधिकारहरुको व्यवस्था गरेका छन। नेपालको संविधानले पनि आदिवासी जनजातिहरुको विविध अधिकारहरुलाई समावेश गरेको छ।

आयोगको यस कार्यालयवाट आदिवासी जनजातिहरुको अधिकार संरक्षण र सम्वर्द्धनको लागि उजूरी ग्रहण गर्ने, उजूरीउपर अनुगमन ,अनुसन्धान गर्ने तथा विभिन्न सम्वर्द्धनात्मक गतिविधिहरु सम्पादन गर्दै आईरहेको छ। विकास निर्माण लगायत हाईड्रोपावर निर्माणको प्रक्रियामा आदिवासी जनजातिहरुसँग स्वतन्त्र, अग्रिम र सुसूचित सहमति (FPIC) लिने नगरिएको, आदिवासी जनजातिहरुलाई पर्याप्त मात्रामा सहभागिता गराउने नगरिएको तथा महासन्धि नं १६९ कार्यान्वयनको लागि राष्ट्रिय कार्ययोजना हालसम्म पनि स्वीकृत गरी कार्यान्वयन हुन नसकेको जस्ता सवालहरु आयोगको अनुगमन तथा छलफलको कममा सहभागीहरुवाट व्यक्त भएको पाईन्छ। आयोगको यस कार्यालयमा विभिन्न जिल्लामा निर्माणाधिन हाईड्रोपावर निर्माण गर्दा आदिवासी जनजातिहरुसँग पर्याप्त मात्रामा परामर्श तथा सहभागिता नगराएको, स्वतन्त्र, अग्रिम र सुसूचित सहमति नलिई निर्माण कार्य अगाडि बढाएको भन्ने निवेदन तथा गुनासोहरु आयोगको यस कार्यालयमा प्राप्त हुने गरेका छन।

## २.१२ आप्रवासी कामदारहरूको अधिकार अवस्था

वैदेशिक रोजगारलाई सुरक्षित,मर्यादित र व्यवस्थित वनाउन नेपालको संविधान, वैदेशिक रोजगार ऐन, २०६४, वैदेशिक रोजगार नियमावली, २०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विभिन्न व्यवस्थाहरु गर्नुका साथै कार्यान्वयनको लागि विभिन्न संस्थागत संरचनाहरु समेत रहेका छन । आयोगको यस कार्यालयवाट विभिन्न जिल्लामा गरिएको अनुगमन तथा अन्तरक्रियामा वैदेशिक रोजगारसँग सम्वन्धित विभिन्न समस्याहरु उठने गरेको पाईन्छ । वैदेशिक रोजगारीको लागि देश भित्र तथा वाहिर ठगिनुपर्ने, वैदेशिक रोजगारले सृजना गरेको पारिवारिक विखण्डन, गन्तव्य मुलुकमा जर्वजस्ती श्रममा लगाउने, यौनशोषण गर्ने, यातना तथा कुटपिटको सामना गर्नुपर्ने, सरकारले घोषणा गरेको फि भिसा, फि टिकटको कार्यान्वयन नभएको, विदेशस्थित कुटनीतिक नियोगहरुवाट उचित सहयोग प्राप्त नभएको जस्ता विषयहरु उठने गरेको पाईन्छ ।

वैदेशिक रोजगारको सम्वन्धमा नीतिगत पक्षलाई हेर्दा गण्डकी प्रदेश सरकारले आ.व. ०७८/०७९ को नीति तथा कार्यक्रममा वैदेशिक रोजगारवाट फर्किएका, विदेश जान तयार भएर जान नपाएका व्यक्तिहरुको पहिचान गरी सीप विकास, क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने, तथ्याङ्क संकलन गर्ने, रोजगार सेवा केन्द्रलाई प्रभावकारी वनाउने तथा प्रदेश श्रम ऐन वनाई कार्यान्वयन गर्ने भनी उल्लेख गरेको देखिन्छ । यद्यपी प्रदेश सरकारको हालसम्म पनि प्रदेश श्रम ऐन, प्रदेश श्रम नीति तर्जुमा हुन नसक्दा आप्रवासी श्रमिकहरुको मानव अधिकारलाई ठोस रुपवाट सम्वोधन गरी अगाडि वढाएको देखिदैन ।

आप्रवासी श्रमिकहरुलाई न्यायमा सहज पहूचको लागि वैदेशिक रोजगार ऐन, २०६४ संशोधन गरी संशोधित ऐनको दफा २१(क) को उपदफा २, ३, ४, ५ ले क्रमश विभाग समक्ष उजूरी दर्ता गर्न सकिने विषयमा सम्वन्धित जिल्ला स्थित प्रमुख जिल्ला अधिकारी समक्ष उजूरी दिन सकिने प्रमुख जिल्ला अधिकारी समक्ष परेको उजूरी इजाजतपत्र प्राप्त संस्था उपर परेकोमा ७ दिन भित्र सो उजूरी विभागमा पठाउनुपर्ने, कुनै व्यक्तिउपर परेको उजूरी सम्वन्धमा प्रमुख जिल्ला अधिकारीले जाँचवुझ गरी कामदार वा निजको प्रतिनिधिलाई क्षतिपूर्ति भराईदिनु पर्ने देखिएमा दुवै पक्षवीच छलफल गराई क्षतिपूर्ति भराईदिने गरी मेलमिलाप गराउने र सो जानकारी विभागलाई दिने, मेलमिलाप गराउन नमिल्ने उजूरी सक्कलै विभाग पठाउने अधिकार प्रदान गरेको छ । यस सम्वन्धमा यस प्रदेश अन्तर्गतका जिल्ला प्रशासन कार्यालयमा पत्राचार गरी कार्यान्वयनको अवस्था माग गर्री प्राप्त जानकारी हेर्दा वैदेशिक रोजगार सम्वन्धी उजूरी पर्न नआएको, केहीमा उजूरी दर्ता भई प्रक्रिया अगाडि वढेको भन्ने देखिन्छ भने केही जिल्ला प्रशासन कार्यालयमा ठगी र मेलमिलाप सम्वन्धी उजूरी प्रहरीमा पठाउने गरेको भन्ने जानकारी प्राप्त भएको छ । यसले गर्दा पीडितहरु लाई जिल्ला प्रशासन कार्यालयमा पनि उजूरी गर्न सकिने भन्ने पर्याप्त जानकारी नभएको तथा जिल्ला प्रशासन कार्यालयले पनि आफुलाई ऐनले प्रत्याभुत गरेको अधिकारलाई प्रभावकारी रुपवाट अगाडि वढाउन नसकेको अवस्था देखिन्छ । जसले गर्दा पीडितहरुले न्याय प्राप्तिमा ढिलाई तथा झन्झटका साथ विभागमा नै पुग्नुपर्ने अवस्था देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले वैदेशिक रोजगारी क्षेत्रको तथ्याङ्क संकलन लगायत केही अधिकारहरु स्थानीय तहलाई प्रदान गरेको छ । सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेका श्रमशक्तिको सूचना तथा तथ्याङ्क संकलन तथा व्यवस्थापन, रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन, वैदेशिक रोजगारीमा जाने श्रमशक्तिका लागि वित्तीय

साक्षरता र सीपमुलक तालिमको सञ्चालन, वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिहरुको सामाजिक पुनःएकीकरण, वैदेशिक रोजगारीवाट प्राप्त ज्ञान, सीप र उद्यमशिलताको उपयोग जस्ता कामको जिम्मेवारी ऐनले स्थानीय तहलाई दिएको छ । यस सम्वन्धमा यस प्रदेशका ८५ ओटै स्थानीय तहहरु लाई पत्राचार गरी कार्यान्वयनको अवस्था सम्वन्धमा जानकारी माग गरिएकोमा कुनै पनि स्थानीय तहहरुमा वैदेशिक रोजगार सम्वन्धी कुनै नीति योजना, कार्यविधि तथा निर्देशिकाहरु तर्जुमा हुन सकेको देखिदैन । तथ्याङ्क संकलनमा पनि केही स्थानीय तहहरुले प्रोफाईल तयार गरेको भए पनि अधिकांश स्थानीय तहहरुले तथ्याङ्क संकलनको कार्यलाई अगाडि वढाएको भन्ने देखिन्छ । प्रत्येक पालिका तहमा रोजगार संयोजकको व्यवस्था भएपनि रोजगार संयोजकको कार्यविवरण अनुरुप कार्यहरु अगाडि वढन सकेको देखिदैन । वित्तीय साक्षरता, सीपयुक्त तालिम, पुनःएकीकरण लगायतको पाटोमा केही स्थानीय तहहरुवाट प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सीपमुलक तालिम र केही दिनको रोजगारको कार्य अगाडि वढाएको देखिए पनि अधिकांश स्थानीय तहहरुवाट ऐन वमोजिम तोकिएका कार्यहरु अगाडि वढाएको देखिदैन ।

आप्रवासी श्रमिकहरुको मानव अधिकार संरक्षण र सम्वर्द्धनमा नेपालको संविधान, वैदेशिक रोजगार ऐन, २०६४, वैदेशिक रोजगार नियमावली, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतका कानूनहरु लगायत विभिन्न सस्थागत व्यवस्थाहरु भए पनि कार्यान्वयनको अवस्था फितलो हुदा आप्रवासी श्रमिकहरुले उत्पति देश, गन्तव्य देशमा विभिन्न समस्याहरु भोल्नुका साथै मेनपावर कम्पनीहरुवाट ठगिएका र समयमा नै न्याय प्राप्ति हुन नसकेको देखिदा स्थानीय तह, प्रदेश सरकार, संघ सरकारले आवश्यक कानूनको तर्जुमा गर्नुका साथै भएका कानूनहरु लाई कडाईका साथ कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

### २.१३ लैंगिक तथा यौनिक अल्पसंख्यकको अधिकार अवस्था :

लैंगिक तथा यौनिक अल्पसंख्यकको हकलाई संवैधानिक हकको रुपमा स्थापित गर्नमा नेपाल अग्रणी राष्ट्रको रुपमा रहेको छ । नेपालको संविधानको धारा १२ लैंगिक पहिचान सहितको नागरिकता प्राप्त गर्ने हक, धारा १६ ले सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १८ ले समानतको हक र धारा ४२ ले लैंगिक तथा अल्पसंख्यक समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक प्रदान गरेको छ । यसका बाबजुद कानूनी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको अभाव र कतिपय कानूनी व्यवस्थामा परिमार्जन नहुँदा यस समुदायका नागरिकहरु पूर्ण रुपमा आफ्नो हक अधिकार उपभोग गर्नबाट वञ्चित हुनुपरेको अवस्था रहेको छ । सर्वोच्च अदालतले २०७१ सालमा समलिंगी विवाहलाई मान्यता दिएर कानून बनाउनका लागि आदेश जारी गरेको भएतापनि २०७४ सालमा जारी भएको मुलुकी देवानी संहितामा यस विषयलाई सम्बोधन गरिएन । उक्त संहिताको २०७४ को दफा ६७ ले महिला र पुरुषविचको विवाहको मात्रै परिकल्पना गरिएको व्यवस्थाले उनीहरुको आफूले रोजेको व्यक्तिसँग वैवाहिक सम्बन्ध कायम गरी परिवार बसाउने अधिकारबाट वञ्चित हुनुपरेको अवस्था देखिन्छ । फलस्वरुप यस समुदायका व्यक्तिहरु लिभिङ टुगेदरको सम्बन्धमा रहने र यसबाट आफ्नै नजिकको साथीबाट समेत दुर्व्यवहार, हिंसाको शिकार समेत हुने गरेको पाईन्छ । त्यसैगरी आफ्नै परिवार र समाजबाट वहिष्करण तथा लाञ्छना, दुर्व्यवहार, प्रहरी प्रशासनबाट अनावश्यक हैरानी, विद्यालयमा गरिने फरक व्यवहारबाट शिक्षा प्राप्तिमा कठिनाई, स्वास्थ्य परीक्षणमा कठिनाई र रोजगारीको अवसरमा कमीले सम्मानपूर्वक

बाँच्न पाउने अधिकार लगायत मानव अधिकारको संरक्षण र संवर्द्धन हुन नसकेको भन्ने यस समुदायको गुनासो रहेको पाईन्छ ।

## २.१४ पाचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्थाः

नेपाल सरकारको पाचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना (आ.व२०७७/७८–२०८१/८२) लागू भएको दुई वर्ष भईसकेको छ। कार्ययोजनाको समयावधि ५ वर्षको रहेको छ। कार्ययोजनाले मानव अधिकार सम्वन्धी शिक्षा, स्वास्थ्य, खाद्य अधिकार, आवास, श्रम, रोजगार तथा सामाजिक सुरक्षा, वालअधिकार र वाल न्याय, सामाजिक न्याय, खानेपानी र सरसफाई, लक्षित वर्गको संरक्षण, सशक्तिकरण र विकास, वातावरण र दिगो विकास, सास्कृतिक अधिकार, कानूनी सुधार र न्याय प्रशासन, हिरासत तथा कारागार सुधार, संक्रमणकालिन न्याय, राष्ट्रिय तथा संयुक्त राष्ट्रसंघीय निकायका सिफारिस/सुझाव कार्यान्वयन, मानव अधिकार शिक्षा र सस्थागत सुदृढीकरण गरी १७ ओटा विषयहरु समावेश गरिएका छन। कार्यान्वयनको लागि उक्त विषयहरुको उद्देश्य, कियाकलाप, जिम्मेवार निकाय, सहयोगी निकाय, समय सीमा र कार्यसम्पादन सुचक समेत कार्ययोजनाले स्पष्ट किटान गरेको छ। कार्ययोजना कार्यान्वयन तथा समन्वयको लागि संघीय समन्वय समिति, प्रदेश समन्वय समिति, जिल्ला समन्वय समिति र स्थानीय तह समन्वय समितिको व्यवस्था रहेको छ। कार्ययोजना कार्यान्वयनको अवस्थालाई हेर्दा गण्डकी प्रदेशमा प्रदेश समन्वय समिति गण्डकी प्रदेश सरकारका प्रमुख सचिवको संयोजकत्वमा गठन भई ६, ६ महिनामा समितिको वैठक वसी समग्र प्रदेशको मानव अधिकारको समीक्षा हुने गरेको छ । यद्यपी प्रदेश समन्वय समितिवाट जिल्ला र स्थानीय तहहरुमा कार्ययोजना कार्यान्वयनको सम्वन्धमा आवश्यक समन्वय हुन नसक्दा सवै जिल्ला तथा स्थानीय तहहरुमा समिति गठनले पूर्णता पाउन सकेको देखिदैन । आयोगको यस कार्यालयवाट कार्ययोजना कार्यान्वयनको अवस्था सम्वन्धमा विभिन्न जिल्ला तथा स्थानीय तहहरुमा अनुगमन गर्दा आयोगको यस कार्यालयको पहलमा कास्की, गोरखा र पर्वत जिल्लामा जिल्ला समन्वय समिति गठन भएको छ भने वाँकी जिल्लामा समिति गठन भएको पाईएको छैन । त्यस्तै स्थानीय तहहरुमा आयोगको यस कार्यालयको पहलमा स्याङजाको गल्याङ नगरपालिका, नवलपरासी( बर्दघाट सुस्तापूर्व) को गैडाकोट नगरपालिका, बाग्लुङको गलकोट नगरपालिकामा स्थानीय तह समन्वय समिति गठन भएको छ। ८५ ओटा स्थानीय तहहरुमा अधिकाशं स्थानीय तहहरुमा स्थानीय तह समन्वय समिति गठनले पूर्णता पाउन सकेको छैन । अनुगमनको कममा जिल्ला तथा स्थानीय तहहरुमा कार्ययोजनाको सम्वन्धमा जानकारी नभएको, स्थानीय तहहरुवाट सम्पादित कार्यकमहरुलाई कार्ययोजनासँग Linkage नगरिएको तथा कार्ययोजना राष्ट्रिय मानव अधिकार आयोगको हो भन्ने जस्तो बुझाई अधिकाश जिल्ला तथा स्थानीय तहहरुको रहेको पाईयो ।

# आयोगको गण्डकी प्रदेश कार्यालयका गतिविधिहरू

**विश्वव्यापी आवधिक समीक्षा सम्बन्धी परामर्श गोष्ठी**




**पोखरा, असोज** राष्ट्रिय मानव अधिकार आयोग केन्द्रीय कार्यालयको आयोजना तथा आयोगको गण्डकी प्रदेश कार्यालय,पोखराको समन्वयमा विश्वव्यापी आवधिक समीक्षा सम्बन्धी परामर्श गोष्ठी २०७८ असोज १ गते पोखरामा सम्पन्न भयो ।

कार्यक्रममा प्रमुख अतिथि गण्डकी प्रदेश सभाका माननीय सभामुख नेत्रनाथ अधिकारीले नेपाल सरकार,प्रदेश सरकार तथा स्थानीय सरकार मानव अधिकारको संरक्षणकर्ता भएकोले मानव अधिकारको अनुगमनगरी प्राप्त सुझावहरुको कार्यान्वयनका लागि संघ संस्था तथा नागरिक समाजबाट निरन्तर खवरदारी गर्नुपर्ने बताउनुभयो । उहाँले शक्ति हुने र नहुनेवीचको फरकबाट नै विभेद उत्पन्न भई मानव अधिकारको हनन् हुने गरेको बताउँदै संविधानमा उल्लेखित मौलिक अधिकारको कार्यान्वयनबाट नै मानव अधिकारको संरक्षण हुने भएकोले सोको अनुगमन गर्नुपर्नेमा जोड दिनुभयो ।

आयोगका माननीय सदस्य डा.सूर्य ढुङ्गेलले जीवन,समानता, स्वतन्त्रता र मर्यादा नै मानव अधिकारको विषय भएकोले समाजमा हुने विभेदका कारण मानव अधिकारको हनन् भएकोले हाम्रो व्यवहारबाट नै विभेदको अन्त्य नभएसम्म मानव अधिकारको सम्मान हुन नसक्ने बताउनुभयो ।

आयोगका माननीय सदस्य मनोज दवाडीले नेपाल सकारले पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना मार्फत अगाडि सारेका १७ ओटा विषयको कार्यान्वयनका लागि योजना बनाउनु पर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नागरिक समाजसंग समन्वय र सहकार्यगर्दै अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो ।

गण्डकी प्रदेश सरकारका प्रमुख सचिव डा. दामोदर रेग्मीले मुलुकको प्रजातान्त्रिक संस्कारबाट नै मानव अधिकारको सम्मान र संस्थागत गर्ने कार्य हुने हुदाँ सकारात्मक सहितको सक्रिय प्रशासन जरुरी रहेको बताउनुभयो । उहाँले सरकार र जनतावीचको सम्बन्ध राख्ने कार्य प्रशासनको भएको उल्लेख गर्दै प्रदेश सरकार मातहतका मन्त्रालयमा मानव अधिकार हेर्ने छुट्टै इकाई स्थापना गर्ने प्रतिवद्धता जनाउनुभयो ।

कास्कीका प्रमुख जिल्ला अधिकारी स्थानेश्वर गौतमले विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त सुझावहरुको कार्यान्वयनका लागि जोड दिने बताउँदै विश्वव्यापी अधिकार र संविधान प्रदत्त मौलिक हकको कार्यान्वयनका लागि आवश्यक बजेट, नीति तथा कानुनको तर्जुमा तथा आवश्यक सुधार गरी अगाडि बढ्ने बताउनुभयो । गैरसरकारी संस्था महासंघ गण्डकीकी अध्यक्ष वीना सिलवालले मानव अधिकारका सवाललाई जिम्मेवारीपूर्वक पूरा गर्नु राज्यको दायित्व भएको बताउनुभयो । नागरिक समाजबाट निरन्तर खवरदारी गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा आयोगका कामु सचिव मुरारी प्रसाद खरेलले विश्वव्यापी आवधिक समीक्षाको तेस्रो चरणबाट नेपाललाई विभिन्न ९६ देशबाट प्राप्त २३३ ओटा सिफारिसहरुमध्ये नेपाल सरकारले १९६ ओटा सिफारिस पुरागर्ने प्रतिवद्धता जनाएकोले उक्त सिफारिसहरुको कार्यान्वयनका लागि नेपाल सरकारले स्पष्ट

कार्यायोजना बनाएर अगाडि बढ्नु पर्ने बताउनुभयो । उहाँले यस अगाडिको पहिलो चरण र दोस्रो चरणमा नेपाललाई प्राप्त सुझावहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा समीक्षात्मक विश्लेषण सहितको प्रस्तुती समेत गर्नुभएको थियो । नेपाललाई प्राप्त सुझावहरुमध्ये आवश्यक कानुन निर्माण तथा संशोधन, विभिन्न संयन्त्रको स्थापना, नीतिगत कार्ययोजना बनाउने, कार्यक्रम अध्ययन, सचेतना(मानव अधिकार शिक्षा) प्रभावकारी बनाउने तथा समन्वय र सहकार्यमा बृद्धि गर्ने प्रकृतीका सुझावहरु प्राप्त भएकोले सोको कार्यान्वयन योजनाबद्ध रुपमा गर्नुपर्नेमा उहाँले जोड दिनु भयो । कार्यक्रममा उच्च सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता इश्वरी प्रसाद ढकालले विश्वव्यापी आवधिक समीक्षा, प्रक्रिया ,संरचनाका बारेमा प्रस्तुती गर्दै सहजीकरण गर्नुभएको थियो । उहाँले विश्वव्यापी आवधिक समीक्षाको शुरुवात देखि प्रतिवेदन प्रस्तुती र नेपाल सरकारलाई प्राप्त हुने सुझावहरुका सम्बन्धमा प्रस्तुत गर्नुभएको थियो ।
कार्यक्रममा गण्डकी प्रदेश अन्तर्गतका विभिन्न जिल्लाका कानुन व्यवसायी, सञ्चारकर्मी, मानव अधिकारकर्मी,नागरिक समाजको उल्लेख्य सहभागीता रहेको थियो ।

## पाचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था विषयक अन्तरक्रिया कार्यक्रम




**गोरखा । असोज :** राष्ट्रिय मानव अधिकार आयोक गण्डकी प्रदेश कार्यालय पोखरा र जिल्ला समन्वय समिति गोरखाको आयोजनामा २०७८ असोज ७ गते गोरखामा पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था सम्बन्धमा छलफल कार्यक्रम सम्पन्न भएको छ ।
कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत खिमलाल सुवेदीले नेपाल सरकारले तर्जुमा गरेको मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको बारेमा सहजीकरण गर्नुभएको थियो । नेपालमा विगतमा मावन अधिकार सम्बन्धी हुदै आएका विभिन्न क्रियाकलापका साथै आम सर्वसाधारणमा मानव अधिकारको सचेतनाको अवस्था, नेपालमा मानव अधिकारमुखी कानूनी, नीति, योजना र कार्यक्रमहरुको तर्जुमा गर्ने परिपाटीको विकास हुँदै आएको र आर्थिक, सामाजिक अधिकारहरुलाई मौलिक हकको रुपमा राखिएको लगायत कार्ययोजनाले समेटेका शिक्षा, स्वास्थ्य, खाद्य अधिकार, आवास, श्रम तथा रोजगार, महिला अधिकार र बाल अधिकार लगायतका १७ विषयका बारेमा जानकारी गराइएको थियो । कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी शंकरहरि आचार्यले मानव अधिकार बहसका रुपमा मात्र सिमित नगरी व्यवहार पनि लागु गर्नुपर्ने जोड दिनुभयो । मानिसका हरेक गतिविधिमा मानव अधिकार विषय जोडिने भएकाले यसमा सबै संवेदनशील हुनुपर्ने र आफुले अधिकार माग गर्दा अर्कोको अधिकार हनन् गर्न नहुने उहाँले बताउनुभयो ।
धार्चे गाउँपालिकाका अध्यक्ष सन्तोष गुरुङले मानव अधिकार सम्बन्धी जनचेतना गाउँ गाउँ पु¥याउनुपर्ने बताउनुभयो । उत्तरी गोरखाका ग्रामीण क्षेत्रमा जनसमुदाय अझै पनि अन्यायमा परेको बताउँदै न्युनतम अधिकार समेत राज्यले पुरा नगरेको र त्यसका लागि तीन तहका सरकार, सबै राजनीतिक दल, नागरिक समाज, संघसंस्थाहरुको एक जुट भएर मानव अधिकार सम्बन्धी कानून कार्यान्वयन गर्ने तर्फ लाग्नुपर्नेमा अध्यक्ष गुरुङले जोड दिनुभयो । नेपाल पत्रकार महासंघ गोरखाका अध्यक्ष नरहरी सापकोटाले मौलिक हक अधिकारलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्दै जनताको शान्ति, सुरक्षा, शिक्षा, स्वास्थ्य लगायतको मानवीय आधारभूत आवश्यकता पुरा गर्न तीन तहका सरकार समन्वय गरेर अघि बढ्नुपर्ने बताउनुभयो

। छलफल पछि जिल्ला समन्वय समितिका प्रमुख अशोक कुमार गुरुङको अध्यक्षतामा २५ सदस्यि पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन जिल्ला समन्वय समिति गठन गरिएको थियो । समितिको सदस्यहरुमा ११ वटा स्थानीय तहका प्रमुख, प्रमुख जिल्ला अधिकारी लगायत जिल्लामा रहेका सरकारी कार्यालयहरुका प्रमुख, तीन वटै सुरक्षा निकायका प्रमुख, नेपाल पत्रकार महासंघका अध्यक्ष, गैरसरकारी संघका अध्यक्ष, नेपाल वार एशोसिएशनका अध्यक्ष लगायतका रहेका छन ।




**यसैगरी राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश** कार्यालयको आयोजनामा पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनको अवस्था सम्बन्धी अन्तरक्रिया कार्यक्रम २०७८ मंसिर १५ गते पोखरामा सम्पन्न भयो । आयोगको पोखरा कार्यालयका नि. कार्यालय प्रमुख चन्द्रकान्त चापागाईको अध्यक्षता र गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थको प्रमुख आतिथ्यता सम्पन्न कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका का.मु.सचिव मुरारी प्रसाद खरेलले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजनाको विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुति पश्चात् सहभागीहरुलाई आ-आफ्नो भनाई राख्नका लागि समय प्रदान गरिएको थियो । कार्यक्रममा जिल्ला समन्वय समितिका पदाधिकारीहरु, सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, सुरक्षाकर्मी, नागरिक समाज, कानुन व्यवसायी, मानव अधिकारकर्मी, सञ्चारकर्मी, गैरसरकारी संस्थाका प्रतिनिधि लगायत गरी ६० जनाको उपस्थिति रहेको थियो ।

यसै गरी आयोगको वार्षिक कार्ययोजना बमोजिम पर्वत, स्याङजा र नवलपुर जिल्लामा पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्था सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । पर्वत जिल्लामा छलफल पछि कार्ययोजना कार्यान्वयनका लागि जिल्ला समन्वय समिति पर्वतका प्रमुख मनोहर वि पौडेलको संयोजकत्वमा जिल्ला समन्वय समिति समेत गठन गरिएको थियो । यसै गरी बाग्लुङ जिल्लाको गलकोट नपामा समेत आयोगको उपस्थितीमा कार्ययोजना कार्यान्वयन स्थानीय तह समन्वय समिति गठन गरिएको थियो ।

### जेष्ठ नागरिकलाई बृद्धाश्रममा नभई दिवा सेवा केन्द्रमार्फत सेवा प्रदान गर्नुपर्ने

**पोखरा । असोज :** राष्ट्रिय मानव अधिकार आयोग,गण्डकी प्रदेश कार्यालय पोखराद्धारा ३१ औं अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस अक्टुवर १ को अवसरमा आयोजना गरिएको जेष्ठ नागरिकका अनुभव र बर्तमान पुस्ताको कतर्व्य तथा जिम्मेवारी विषयक अन्तरक्रिया मिति २०७८ असोज १५ गते पोखरामा सम्पन्न भएको छ । गण्डकी प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय र राष्ट्रिय जेष्ठ नागरिक महासंघ गण्डकीको समन्वयमा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि गण्डकी प्रदेशका सामाजिक विकास मन्त्री मेखलाल श्रेष्ठले गण्डकी प्रदेश सरकारले टोल टोलमा जेष्ठ नागरिक सेवा केन्द्र तथा स्वास्थ्य केन्द्र सञ्चालन गर्ने गरी नीति तथा बजेट विनियोजन गरेको बताउनुभयो । उहाँले घरपरिवारबाट नै जेष्ठ नागरिकको सम्मान हुनुपर्ने र संरक्षण हुनुपर्ने भन्दै असहाय, असक्त र कोही आफन्त नभएका संरक्षणको आवश्यकता भएका जेष्ठ नागरिकको जिम्मेवारी प्रदेश सरकारले लिने बताउनुभयो । जेष्ठ नागरिकलाई भुल्ने, अनुभव आदन प्रदान गर्ने र प्रविधिसंग रमानउने बनाउनका लागि टोलटोलमा दिवा सेवा केन्द्रको आवश्यकता महशुस गरी प्रदेश




सरकारले कार्यक्रम सञ्चालन गरेको बताउनुभयो ।
कार्यक्रममा विशेष अतिथि आयोगका माननीय सदस्य लिली थापाले जेष्ठ नागरिकको सम्मानका लागि युवापुस्तालाई लक्षित गरी सन्देशमुलक सूचनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने र हरेक अंशियारबाट आम्दानीको १० प्रतिशत जेष्ठ नागरिकलाई अनिवार्य उपलब्ध गराउने गरी कानुन तर्जुमाको कार्य अगाडि बढेको बताउनुभयो । उहाँले जेष्ठ नागरिकलाई बृद्धाश्रमका राख्न नहुने तर दिवा सेवा केन्द्रमार्फत सेवा प्रदान गरिनु पर्नेमा जोड दिदैं दिवा स्याहार केन्द्र व्यवस्थित रुपमा सञ्चान गर्न प्रदेश सरकारको ध्यानाकर्षण गराउनु भयो ।
कार्यक्रममा आयोगका गण्डकी प्रदेश कार्यालय पोखराका मानव अधिकार अधिकृत टंक खनालले आयोगले जेष्ठ नागरिकका सवालमा गरेका कामहरु तथा जेष्ठ नागरिकका हक अधिकारसंगै कानुनी व्यवस्थाहरुका बारेमा सहजीकरण गर्नुभएको थियो ।
यसैगरी शिक्षा,संस्कृति,प्रविधी तथा सामाजिक विकास मन्त्रालयका निमित्त सचिव दामोदर सुवेदीले प्रदेश सरकारले जेष्ठ नागरिकका क्षेत्रमा गरेका काम तथा नीतिगत व्यवस्थाहरुका बारेमा प्रस्तुती गर्नुभएको थियो। यसै गरी राष्ट्रिय जेष्ठ नागरिक महासंघ गण्डकीका अध्यक्ष कुशुमकेशव पराजुलीले जेष्ठ नागरिकका अनुभव,जेष्ठ नागरिकका क्षेत्रमा क्रियाशील संघ संस्थाले गरेका कामहरु तथा जेष्ठ नागरिक सेवा केन्द्रबाट प्रदान गरिएका सेवाहरुका बारेमा सहजीकरण गर्नुभएको थियो ।
कार्यक्रममा आयोगका गण्डकी प्रदेश कार्यालय पोखराका नि.कार्यालय प्रमुख चन्द्रकान्त चापागाईले विषयबस्तुमाथि प्रकाश पार्नु भएको थियो । कार्यक्रममा जेष्ठ नागरिक, मानव अधिकारकर्मी, नागरिक समाज सञ्चारकर्मी लगायतका ५५ जनाको सहभागीता रहेको थियो ।

### महिला तथा बाल अधिकारको अवस्था विषयक अन्तरसंवाद

**पोखरा। असोज :** राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेशको आयोजना र महिला मानव अधिकार रक्षक संजाल तनहुँको समन्वयमा २०७८ असोज २२ गते तनहुँको दमौलीमा महिला तथा बाल अधिकारको अवस्था विषयक अन्तरसंवाद कार्यक्रम सम्पन्न भएको छ ।
कार्यक्रममा प्रमुख अतिथि व्यास नगरपालिकाका प्रमुख वैकुण्ठ न्यौपानेले कानुनमा अधिकार दिएपनि व्यवहारमा लागु नभएको भन्दै मानवअधिकारको विषयमा कुनै आग्रह पुर्वाग्रह नराखि सहयोग गर्न आफु तयार रहेको बताउनुभयो ।
कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत टंकप्रसाद खनालले महिला तथा बालबालिकाको अवस्था सम्बन्धमा अनुगमनका क्रममा प्राप्त तथ्यहरु प्रस्तुत गर्दै सहजीकरण गर्नुभएको थियो ।
कार्यक्रममा सहभागीहरुले जिल्लामा महिलामाथि हुने हिंसाका घटनामा कमी नभएको, घरेलु हिंसाका घटना अधिक रहेको, वालविवाह प्रमुख समस्याका रुपमा रहेको, विद्यालय छाड्ने क्रम नरोकिएको, महिला सहभागीता तथा बालबालिकाको सहभागीता कानुनी रुपमा भएपनि व्यवहारिक रुपमा हुन नसकेको, सम्बन्ध विच्छेदका घटना बढेको, महिला हिंसासंगै पुरुषमाथि हुने हिंसाका घटना समेत बढेको, सामाजिक कु-संस्कारबाट हुने हिंसा नरोकिएको,यौनजन्य हिंसाबाट महिला तथा बालबालिका बढी पीडित भएको, बालश्रम, जन्मदर्ताको समस्या, विवाह दर्ता तथा नागरिकता प्राप्तिमा कठिनाई,आत्महत्या बढेको जस्ता समस्या कायमै रहेको देखिदाँ जिल्लामा महिला तथा बालबालिकाको अधिकार प्रचलनमा समस्या उत्पन्न

भएको बताउनु भएको थियो । यसै गरी घटनाहरु न्यायिक समितिमा दर्ता हुने, मेलमिलापमा जोड दिने तथा पीडित पक्षलाई कानुनी उपचार एवम् न्यायमा पहुँच हुन नसकेको हुदाँ यस्ता घटनालाई यथासिघ्र कानुनी दायरामा ल्याएर अनुसन्धान तथा कानुनी प्रक्रिया अगाडि बढाउनु पर्ने र सोकालागि विभिन्न सचेतनामुलक कार्यक्रममा जोड दिनु पर्ने बताउनुभयो ।



राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेशका प्रमुख चन्द्रकान्त चापागाईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा व्यास नपा ५ की वडासदस्य कृष्णदेवी खनाल, सञ्चारचारकमी अन्जना तिमिल्सेना व्यास नपा १० की वडा सदस्य लक्ष्मी परियार, प्रहरी हवल्दार सुनिता कार्की, इनरव्हिल क्लब अफ दमौलीकी अध्यक्ष मन्जु थापा, मुस्लिम महिला साना मियाँ, महिला मानव अधिकार रक्षक संजाल तनहुँकी अध्यक्ष कला पुन, महिला मानव अधिकार रक्षक संजाल गण्डकी प्रदेशकी सदस्य कल्पना पौडेल, आदिवासी जनजाति जिल्ला कार्य समिति तनहुँकी अध्यक्ष बसुन्धरा घर्ती लगायतले महिला तथा बालबालिका माथि हुने हिंसाका घटना न्यूनिकरणका लागि सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्नेमा जोड दिनु भयो ।



## वाल अधिकारको अवस्था र सरोकारवालाहरुको भूमिका छलफल

**वालिङ, स्याङजा । मंसिर :** अन्तर्राष्ट्रिय वाल अधिकार दिवस (नोभेम्वर-२१) को अवसरमा राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय पोखराको आयोजनामा २०७८ मंसिर ३ गते वालिङ नगरपालिकामा बाल अधिकारको अवस्था र सरोकारवालको भूमिका विषय छलफल कार्यक्रम सम्पन्न भएको छ । आयोगका पोखरा कार्यालय प्रमुख चन्द्रकान्त चापागाईंको अध्यक्षता र वालिङ नगरपालिका वडा नं. ६ का वडाध्यक्ष श्यामकृष्ण श्रेष्ठको प्रमुख आतिथ्यतामा औपचारिक रुपमा शुरु भएको कार्यक्रममा नेपाल मगर संघ वालिङ नगर अध्यक्ष सुनिता थापा मगर, राष्ट्रिय मा.वि.विद्यालय व्यवस्थापन समितिका सदस्य शुष्मा अर्याल, स्थानीय समाजसेवी खगिसरा थापाले आफ्नो मन्तव्य राखेका थिए । अन्त्यमा कार्यक्रमका अध्यक्ष राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालयका नि.कार्यालय प्रमुख चन्द्रकान्त चापागाईले आफ्नो मन्तब्य सहित कार्यक्रमको समापन गर्नुभएको थियो । कार्यक्रमको संचालन ईन्सेक जिल्ला प्रतिनिधि तिलमाया थापाले गर्नुभएको थियो ।



## मानव अधिकार रक्षकको अवस्था सम्बन्धी अन्तरक्रिया

**पोखरा । मंसिर :** राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय,पोखरा इन्सेक गण्डकी प्रदेश

कार्यालय, नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश, कोक्याप, एड्भोकेसी फोरम र गैसस महासङ्घ गण्डकी प्रदेशको आयोजनामा २०७८ मङ्सिर २३ गते मानव अधिकार रक्षक र कोभिड-१९ ले पारेको असर विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न  भएको छ ।




कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय पोखराका मानव अधिकार अधिकृत टंकप्रसाद खनालले मानवअधिकार रक्षकको अवस्था, चुनौति र नेपाल पत्रकार महासंघ गण्डकीका महासचिव गोविन्द सुवेदीले कोभिड-१९ ले पत्रकारमा पारेको असरका बारेमा सहजीकरण सहित कार्यपत्र  प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोग पोखराका मानव अधिकार अधिकृत खिमलाल सुवेदीले अधिकार र कर्तव्यलाई बोध गर्न आवश्यक रहेको भन्दै कोभिड १९ का कारण नागरिकहरुको अधिकारहरु हनन भएको बताउनुभयो । गैसस महासंघ गण्डकी प्रदेश अध्यक्ष तथा शान्तिको लागि नागरिक समाजका संयोजक विना सिलवालले नागरिकले आफ्नो अधिकारको मुल्याङकन आफै गर्नुपर्ने र मानवअधिकार रक्षकले आफ्नो कर्तव्यलाई बुझ्न जरुरी रहेको बताउनुभयो । पत्रकार महासङ्घ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्माले अन्याय र हिंसाको विरुद्ध आवाज उठाइ राख्न आवश्यक रहेको तथा मानवअधिकारको संरक्षण र प्रर्वद्धनमा पत्रकारिताको भुमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो । मानव अधिकार सरक्षण मञ्च कास्कीका अध्यक्ष कमलप्रसाद अर्यालले मानव अधिकार रक्षक आफै रक्षक र आफै संरक्षक रहेको भन्दै कोभिड १९ ले मानव अधिकार रक्षकहरुलाई पनि असर गरेको र उनीहरु कार्यक्षेत्र संकुचित बनेकोले मानव अधिकार संरक्षण गर्न बनेका नियमलाई पालना गर्नुपर्नेमा जोड दिनुभयो । कोक्याप गण्डकी प्रदेश संयोजक सरु अधिकारीले लैङ्गिक हिंसाविरुद्ध १६ दिन मात्रै नभई ३ सय ६५ दिन नै हिंसाका विरुद्धमा मानवअधिकारकमी बोल्नुपर्ने तथा हिंसाविरुद्धको अभियानमा निरन्तर लागे हिंसा न्यूनिकरण हुने बताउनु भयो ।  नेपाल पत्रकार महासङ्घ कास्कीका सचिव यदुनाथ बञ्जारले अधिकार र कर्तव्य सगसगै जाने हुदाँ हामी अधिकारको माग गर्न पुर्व कर्तव्य पुरा गर्न आवश्यक छ भन्नु भयो ।  इन्सेक गण्डकी संयोजक शिव खकुरेलले मानव अधिकार रक्षकले विचार र राजनीतिक आस्थालाई छाड्नुपर्ने बताउँदै मानव अधिकारको क्षेत्रमा लागेकाहरुले सधै निश्पक्ष रुपमा काम गर्नुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा जिल्लास्थित मानव अधिकारकर्मी, नागरिक समाज,सञ्चारकर्मी, कानुन व्यवसायी लगायतको सक्रिय सहभागीता रहेको थियो ।

### ७३ औ अन्तर्राष्ट्रिय मानव अधिकार दिवस विविध कार्यक्रमका साथ सम्पन्न

**पोखरा ।मंसिर :** राष्ट्रिय मानव अधिकार आयोग पोखराको आयोजना तथा विभिन्न संघ संस्थाको समन्वयमा ७३ औं अन्तर्राष्ट्रिय मानव अधिकार दिवस कार्यक्रम १० डिसेम्वर मिति २०७८ मंसिर २४ गते पोखरामा सम्पन्न भएको छ । Reducing Inequalities; Advancing Human Rights  भन्ने अन्तर्राष्टिय नारा तथा जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार:दिगो शान्ति र सबृद्धिको आधार भन्ने राष्ट्रिय नाराका साथ प्रभातफेरी कार्यक्रम सम्पन्न गरिएको हो । पोखराको मानव अधिकार चोक, चिप्लेढुङ्गामा व्यानर प्लेकार्ड सहित शुरु भएको प्रभातफेरी कार्यक्रम पोखरा सभागृहमा पुगी शुभकामना मन्तव्य सहित समापन भएको थियो ।

कार्यक्रममा बोल्दै गण्डकी प्रदेश सभाका सभामुख माननीय नेत्रनाथ अधिकारीले नागरिकको मौलिक हक

कार्यान्वयनको लागि विभिन्न ऐन कानूनहरु निर्माण भएको र नागरिकको मानव अधिकार संरक्षण र सम्वर्द्धनका लागि प्रदेश सभा मार्फत प्रदेश सरकारको ध्यान केन्द्रीत गराईरहेको बताउनुभयो ।




महामारीका समयमा वालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु, गर्भवती महिलाहरु वढी प्रभावित भईरहेको उल्लेख गर्दै आम नागरिकको स्वास्थ्यको अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो । गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका प्रमुख सचिव रविलाल पन्थले प्रदेश सरकार प्रदेशस्तरवाट निर्माण गर्ने कानूनको तर्जुमामा जुटिरहेको र केही नीति तथा कानूनहरु निर्माण भई कार्यान्वयनमा समेत रहेको बताउनुभयो । उहाँले नेपाल सरकारले जारी गरेको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन चरणमा रहेको बताउँदै कार्ययोजनामा रहेका विषयहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दा नागरिकको धेरै मानव अधिकारका सवालहरु सम्वोधन हुने उल्लेख गर्नुभयो ।



आयोगका मानव अधिकार अधिकृत खिमलाल सुवेदीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रदेश मन्त्रालयका सचिवहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु, सरकारी निकाय, नागरिक समाज, मानव अधिकारकर्मी लगायत २०० जनाको सहभागिता रहेको थियो । यसैगरी अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा आयोगको प्रदेश कार्यालय पोखराले लेखनाथको भण्डारढीकस्थित राधाकृष्ण बृद्धाश्रममा फलफुल वितरण कार्यक्रम सम्पन्न गरेको थियो । आयोगका मानव अधिकार अधिकृत टंकप्रसाद खनालको नेतृत्वमा गैरसरकारी संस्था महासंघ गण्डकीका अध्यक्ष वीना सिलवालसंगको समन्वयमा बृद्धाश्रममा रहेका ५५ जना जेष्ठ नागरिकलाई केरा, सुन्तला, स्याउ लगायतका फलफुल वितरण गरिएको थियो । यसै गरी होटल टुरिजम एण्ड म्यानेजमेन्ट कलेजका विद्यार्थीहरुलाई मानव अधिकार शिक्षा कार्यक्रम तथा पोखराको मानव अधिकार चोकमा साँझपख दीप प्रज्ज्वलन गरी कार्यक्रमको समापन गरिएको थियो ।

**महिला अधिकारका सवाल विषयक छलफल कार्यक्रम**



**बन्दीपुर तनहुँ । फागुन :** ११२औं अन्तर्राष्ट्रिय महिला दिवश (मार्च-८, २०२२) को अवसरमा राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय पोखराको आयोजनामा २०७८ फागुन २४ गते तनहुँको बन्दीपुर गाउँपालिकामा महिला अधिकारको सवाल विषयक छलफल कार्यक्रम सम्पन्न भएको छ । बन्दिपुर गाउँपालिका र रुम टु रिड तनहुँको समन्वय एवं

सहकार्यमा महिला अधिकारका विषयमा छलफलका साथै "सामाजिक न्याय र लैङ्गिक समानताः दिगो विकासको सुनिश्चितता" विषयमा वक्तृत्वकला कार्यक्रम सम्पन्न गरिएको हो । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, राष्ट्रयसेवक कर्मचारी, राजनीतिक दलका स्थानिय प्रमुख एवं प्रतिनिधि, आमा समूहका पदाधिकारी, नागरिक समाज, टोल विकास संस्थाका प्रतिनिधि, स्थानीय समाजसेवी, अधिकारकर्मी लगायत ६५ जना सरोकारवालाहरुको सहभागिता थियो ।

बन्दिपुर गाउँपालिकाका कार्यापालिका सदस्य शान्ति दवाडीको अध्यक्षता, बन्दिपुर गाउँपालिकाका उपाध्यक्ष करुणा गुरुङको प्रमुख आतिथ्यता र राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालयका नि. कार्यालय प्रमुख चन्द्रकान्त चापागाईंको विशेष आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

कार्यक्रममा स्थानीय जनप्रतिनिधि, राष्ट्रयसेवक कर्मचारी, राजनीतिक दलका स्थानिय प्रमुख एवं प्रतिनिधि, आमा समूहका पदाधिकारी, नागरिक समाज, टोल विकास संस्थाका प्रतिनिधि, स्थानीय समाजसेवी, अधिकारकर्मी लगायत गरी। जसमध्ये ५७ जना महिला र ८ जना पुरुष रहेका थिए ।

## मानव अधिकार रक्षकहरुको प्रादेशिक सम्मेलन

**पोखरा । फागुन :** राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा मानव अधिकार रक्षकहरुको प्रादेशिक सम्मेलन मिति २०७८ फागुन २१ गते पोखरामा सम्पन्न भएको छ। फागुन २० गतेदेखि शुरु भएको उक्त सम्मेलनमा गण्डकी प्रदेशका विभिन्न ११ ओटा जिल्लामा मानव अधिकारको क्षेत्रमा क्रियाशिल विभिन्न संघ संस्थाका १०० जना मानव अधिकार रक्षकहरुको सहभागीता रहेको थियो ।




सम्मेलनको प्रमुख अतिथि गण्डकीका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले गमलामा जल सिंचित गरी उद्घाटन गर्नुभयो । सम्मेलनको उद्घाटनपछि मन्तव्य व्यक्त गर्दै प्रमुख अतिथि गुरुङले मानव समुदाय मानवअधिकारका लागि वर्षौंदेखि लड्दै आएको भए पनि मानव अधिकारको अवस्थामा अहिलेसम्म सुधार हुन नसकेको बताउनुभयो । उहाँले मलुकमा अझै पनि मानव अधिकारका बारेमा चेतना नभएका धेरे नागरिक छन् जसलाई हाम्रो अधिकार के हो ? हाम्रो कानून के हो भन्ने बारेमा समेत जानकारी छैन् तसर्थ मानव अधिकारलाई वास्तविक रुपमा आम नागरिकको घरदैलोमा पुयाउने कार्यमा अग्रपंक्तिमा रहेर काम गर्ने मानव अधिकार रक्षकहरुले नागरिकलाई अधिकार र कतर्व्यका बारेमा सचेतना पुर्‍याउनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले अपराधिक गतिविधि न्यूनीकरण गर्दै शान्त समाजको सँगसँगै निर्माण गर्ने दायित्व मानव अधिकार रक्षकले निर्वाह गर्दै आएको बताउँदै साइबर अपराधसम्बन्धी नयाँ नयाँ विषय आएकाले मानव अधिकार संरक्षणका लागि चुनौति थपिएको हुदाँ मानव अधिकार रक्षकहरुले त्यसतर्फ पनि ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले राज्यबाट ऐन तथा कानुनी रुपमा व्यवस्था नभएसम्म मानव अधिकार रक्षकको सुरक्षाको प्रत्याभूति नहुने भएकोले मानव अधिकार रक्षक सम्बन्धी काननुी संयन्त्र निर्माणका दवाव दिनुपर्नेमा जोड दिनुभयो ।

आयोगका का.मु.सचिव मुरारीप्रसाद खरेलले मानव अधिकार रक्षकको सम्मेलनमा मानव अधिकार रक्षक कसरी प्रस्तुत हुनुपर्छ र सरकारले कस्तो व्यवहार गर्नुपर्छ र मानव अधिकार रक्षकको संरक्षण र सुरक्षाका लागि के कस्ता कानुनी संयन्त्रहरु निर्माण गरिनु पर्दछ ? मानव अधिकार रक्षकको सुरक्षा अवस्था, चुनौतिहरु



र समाधानका उपायका बारेमा गहन छलफल र बिमर्श हुने बताउनुभयो । उहाँले सम्मेलनमार्फत मानव अधिकार रक्षकका सवालमा के कस्ता नीति, कानुन, निर्देशिका चाहिन्छ भन्ने विषयमा समेत सहभागीहरुबाट सुझाव संकलन गरी तीनै तहका सरकारलाई सिफारिस गर्ने जानकारी दिनुभयो ।

गण्डकी प्रदेश सरकारका प्रमुख सचिव रविलाल पन्थले कतिपय कानुन संघीय सरकारले बनाएपछि मात्रै प्रदेश सरकारले बनाउनुपर्ने भएकाले संघीय कानुन निर्माण नहुदाँ प्रदेश कानुन निर्माणमा केही ढिलाइ भएको भन्दै प्रदेश सरकारले विभिन्न ५२ ओटा कानुन सहित नीति तथा कार्यविधि निर्माण गरेको बताउँदै मानव अधिकार संरक्षणमा प्रदेश सरकार संवेदनशील रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा गैरसरकारी संस्था महासंघ अध्यक्ष रामप्रसाद सुवेदीले राज्यलाई उत्तरदायी बनाउन सम्मेलनमा बहस चलाउनु जरुरी भएको भन्दै राष्ट्रिय मानव अधिकार आयोगले गरेका फैसलाको १४ प्रतिशत मात्रै कार्यान्वयन हुनु दुखको कुरा भएकोले आयोगको स्थापनाका लागि नागरिक स्तरबाट गरिएको दवावमुलक कार्यक्रमको स्मरण गराउनु भयो ।

नेपाल बार एसोसिएसनका केन्द्रीय उपाध्यक्ष सुरेन्द्र थापामगरलेबार सधैं मानव अधिकारको रक्षा, विधिको शासन, स्वतन्त्र र सक्षम न्यायपालिको पक्षमा रहेकोले यो विषयलाई एकमुष्ठ रुपमा हेरिनुपर्ने बताउनुभयो । उहाँले चिल र चल्लाको उदाहरण दिदै मानव अधिकार रक्षक आम नागरिकको माउ भएको र सत्ता पक्ष चिल भएको भन्दै जब चिलले चल्ला टिप्न खोज्दा माउले चिललाई आक्रमण गरे बचाउँछ त्यस्तै गरी मानव अधिकार रक्षकले माउ बनेर नागरिकको अधिकार बचाउनु पर्नेमा जोड दिनुभयो ।

नेपाल पत्रकार महासंघ गण्डको प्रदेश महासचिव गोविन्द सुवेदीले मानवअधिकार उल्लंघनका घटनालाई अभिलेखीकरणमात्रै गर्ने भन्दा पनि पीडितलाई न्याय दिनुपर्नेमा जोड दिनुभयो । शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्की संयोजक बिना सिलवालले मानव अधिकार रक्षकको क्षेत्राधिकार पनि स्पष्ट नभएको भन्दै रक्षक नै भक्षक हुने गरेकोले आगामी दिनमा मानव अधिकार रक्षकको जिम्मेवारी अझै बढेको बताउनुभयो । मानव अधिकार रक्षक सञ्जाल गण्डकी अध्यक्ष इन्दिरा पौडेलले घर घरमा मानव अधिकार भन्ने नारा स्थापित गर्न सम्मेलनले सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।



आयोगका गण्डकी प्रदेश कार्यालयका निमित्त प्रमुख चन्द्रकान्त चापागाईले आयोगले यस अगाडि दुई ओटा मानव अधिकार रक्षक सम्बन्धी राष्ट्रिय सम्मेलन सम्पन्न गरिसकेको जानकारी दिदै यसपटक एकैसाथ सात ओटै प्रदेश प्रादेशिक सम्मेलनपछि राष्ट्रिय सम्मेलनको तयारीमा रहेको बताउनुभयो ।

सम्मेलनमा मानव अधिकारको रक्षकको सुरक्षा,संरक्षण तथा पहिचानको अवस्था चुनौती र समाधानका उपायहरु विषयमा इन्सेक गण्डकी प्रदेश संयोजक शिव खकुरेल, मानव अधिकार रक्षकको सुरक्षा,संरक्षण र पहिचान सम्वन्धि राष्ट्रिय संयन्त्रको अपरिहार्यता र मानव अधिकार रक्षकहरुको सुरक्षा,संरक्षण र पहिचानका सम्वन्धमा आयोगका का.मु सचिव मुरारी प्रसाद खरेल, महिला मानव अधिकार रक्षक लगायत जोखिममा पर्न सक्ने मानव अधिकार रक्षकहरुका सुरक्षा र संरक्षणका विशेष उपायहरु विषयमा अधिवक्ता

विनीता नेपाली, मानव अधिकार रक्षकहरुको सुरक्षा तथा संरक्षण र कार्य प्रभावाकारिताका लागि संघ, प्रदेश र स्थानीय तहसम्म सञ्जालिकरण, क्षमता अभिवृद्धीका लागी हाम्रा पहलहरु र यसका उच्चतम नूमना के हुन सक्छन भन्ने विषयमा वरिष्ठ अधिवक्ता राम प्रसाद घिमीरे र मानव अधिकारका नविनतम आयाम लगायका बिषयहरुमा क्रियाशिल मानवअधिकार रक्षकका सवालहरुमा कोपिला नेपालकी कार्यकारी निर्देशक विना शिलवालले सहजीकरण गर्नुभएको थियो । दुईदिनसम्म सञ्चालित उक्त सम्मेलनले मानव अधिकार रक्षकको संरक्षण र सुरक्षाका सवालमा विभिन्न १७ बुँदे घोषणा पत्र जारी गर्दै सम्पन्न भएको थियो ।

### आयोगको २२ औं वार्षिकोत्सव समारोह




**पोखरा । जेठ :** राष्ट्रिय मानव अधिकार आयोग,गण्डकी प्रदेश कार्यालय पोखराको आयोजनामा आयोगको २२ औं वार्षिकोत्सव समारोह २०७९ जेठ १३ गते पोखरामा सम्पन्न भयो । समारोहको प्रमुख अतिथि गण्डकी प्रदेशका प्रमुख सचिव रविलाल पन्थले गमलामा पानी सिंचित गरी समुद्घाटन गर्नु भएको थियो । सो अवसरमा शुभकामना व्यक्त गर्दै प्रमुख सचिव पन्थले आम नागरिकको सभ्य र मर्यादित जीवन नै मानव अधिकार भएको उल्लेख गर्दै मानव अधिकार सम्मान, संरक्षण र त्यसको प्रभावकारी कार्यान्वयनको दायित्व राज्यको भएको बताउनुभयो । उहाँले सरकार मानव अधिकारको संरक्षणका सवालमा कार्ययोजना बनाएर अगाडि बढेको बताउँदै हाल मानव अधिकारसम्बन्धी पाँचौं राष्टिय कार्ययोजना कार्यान्वयनको चरणमा रहेको जानकारी दिनुभयो । उहाँले प्रदेश सरकारको नीति तथा कार्यक्रम मानव अधिकारमैत्री रहेको जानकारी दिदै विभिन्न मन्त्रालयसंग समन्वय र सहकार्य गरेर मानव अधिकार कार्ययोजनालाई कार्यान्वयनमा लैजाने तथा भौतिक पूर्वाधार र विकास निर्माण, वातावरणको संरक्षण र सन्तुलित विकासमा समेत मानव अधिकारको विषयलाई प्राथमिकता दिने बताउनुभयो । उहाँले राष्टिय मानव अधिकार आयोगले नेपाल सरकारले तर्जुमा गरेको मानव अधिकार सम्बन्धी कार्ययोजनाको स्थानीय स्तरमा कार्यान्वयन अवस्था र उक्त विषयमा सचेतनामुलक कार्यक्रम सञ्चालन गर्न तथा सार्वजनिक पदाधिकारीलाई कर्तव्य पालनामा जिम्मेवार र जवाफदेही बनाउनका लागि प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्नकालागि सुझाव दिनु भयो ।

विशिष्ट अतिथि गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता रोहितराज बास्तोलाले नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा गरेका प्रतिवद्धता र नेपालको संविधान तथा कानुनको सफल कार्यान्वयन भएमा मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा सहयोग पुग्ने उल्लेख गर्दै आयोगले आफ्नो स्वतन्त्र भूमिका निर्वाह गर्नु पर्नेमा जोड दिनुभयो ।

कास्कीका प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यले आयोगले आफ्नो संवैधानिक दायित्व पुरा गर्नुपर्नेमा जोड दिदै मानव सभ्यताको विकास क्रमसँगै मानव अधिकार संस्कृतिको विकास हुदै जाने बताउनुभयो ।

नेपाल बार एशोसिएसन केन्द्रीय सदस्य विनिता नेपालीले आयोग अन्य संवैधानिक निकायभन्दा पृथक

भएकोले आम नागरिकमा आयोगप्रतिको अपेक्षा बढी हुनु स्वाभाविक भएको बताउँदै नागरिकका अपेक्षालाई पुरा गर्दै अगाडि बढ्नु पर्नेमा जोड दिनुभयो । आयोगका मानव अधिकार अधिकृत खिमलाल सुवेदीले आयोगको पोखरा कार्यालयमा पछिल्लो एक वर्षमा ३ ओटा उजुरी दर्ता भएको, विभिन्न ३७ ओटा उजुरीको अनुसन्धान पुरा भएकोमा २३ ओटा उजुरी निर्णयका लागि केन्द्रिय कार्यालयमा पठाइएको, २८ ओटा अनुगमन, १४ ओटा प्रवर्द्धनात्मक कार्यक्रम सम्पन्न गरिएको जानकारी दिनुभयो । उहाँले विभिन्न संघ संस्थासंगको समन्वय र सहकार्यमा १०२ ओटा कार्यक्रममा आयोगको सहभागीता रहेको तथा आयोगको पोखरा कार्यालय स्थापनापछि दर्ता भएका उजुरीमध्ये २ सय ३ उजुरी अनुसन्धानका क्रममा नै रहेको जानकारी दिनुभयो । कार्यक्रममा राष्टिय बाल अधिकार परिषद गण्डकी प्रदेश समन्वय अधिकृत बद्री वाग्ले, शान्तिका लागि समाजको सञ्जाल नागरिक पोखराका पूर्व संयोजकहरु विष्णुप्रसाद बराल र ढाकाराम पौडेल, नेपाल आदिवासी जनजाति महासंघ कास्की पूर्व अध्यक्ष पानबहादुर घर्ती, नागरिक समाज पोखरा संयोजक ईन्द्रकमल मानन्धर, अधिवक्ता भुवन पराजुली, महिला मानव अधिकार रक्षक सञ्जालकी संयोजक इन्द्रकुमारी शर्मा, द्वन्द्व पीडित दूधराज अधिकारी लगायतले शुभकामना व्यक्त गर्नु भएको थियो । आयोगका पोखरा कार्यालयका नि. कार्यालय प्रमुख चन्द्रकान्त चापागाईको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन आयोगका मानव अधिकार अधिकृत टंकप्रसाद खनालले गर्नुभएको थियो ।

**जातिय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस**




**पोखरा । जेठ** राष्ट्रिय मानव अधिकार आयोग,गण्डकी प्रदेश कार्यालय पोखराद्धारा जातिय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस(जेठ २१)को अवसरमा आयोजना गरिएको जातिय भेदभाव अन्त्यका लागि स्थानीय तहको भूमिका विषयक छलफल कार्यक्रम मिति २०७९ जेठ २० गते अन्नपूर्ण गाँउपालिकाको कार्यालयमा कास्कीमा सम्पन्न भयो । आयोगका गण्डकी प्रदेश कार्यालय पोखराका प्रमुख चन्द्रकान्त चापागाईको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा अन्नपूर्ण गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत खेमराज देवकोटा प्रमुख अतिथी थिए । कार्यक्रममा गाउँपालिकाका वडाध्यक्षहरु तथा स्थानीय तहका जनप्रतिनिधीहरु,कार्यपालिकाका सदस्यहरु, विभिन्न संघ संस्थाका प्रतिनिधि तथा कर्मचारीहरु सहभागी थिए । कार्यक्रममा आयोगका गण्डकी प्रदेश कार्यलयका प्रमुख चन्द्रकान्त चापागाईले राष्ट्रिय मानव अधिकार आयोग , मानव अधिकार, अपराध र मानव अधिकार ,मानव अधिकार संरक्षणमा राज्यको दायित्व सिमान्तकृत वर्ग, दलित, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक, उपभोक्ता तथा पछाडि पारिएका वर्गका अधिकारहरुलाई केन्द्रविन्दुमा राखी विकास निर्माण र जनताको अपेक्षा परिपूर्तिको लागि विशेष सक्रियता देखाउनुपर्ने, मानव अधिकारका मुल्य र मान्यताहरु तल्लो तह सम्म स्थापित गर्न मानव अधिकारका विषयबस्तुलाई अगाडि बढाउनु पर्ने विषयमा सहजीकरण गर्नुभएको थियो । उहाँले स्थानीय निर्वाचित जनप्रतिनिधिहरुले योजना तर्जुमा देखि विकासको प्रतिफल वितरण सम्म मानव अधिकारलाई केन्द्र विन्दुमा राख्नुपर्ने, सवै कार्यहरुमा सवै तह र वर्गका नागरिकहरुको सक्रिय, स्वतन्त्र र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्ने, अधिकारवाला, कर्तव्यवालाको जिम्मेवारी तथा भुमिका, संयुक्त राष्टसंघले सन १९८६ मा ल्याएको विकासका लागि मानव अधिकारमुखि पद्धती सम्वन्धी घोषणापत्रमा उल्लेख भएका अधिकारहरु स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने

बताउनुभयो । आयोगका मानव अधिकार अधिकृत टंकप्रसाद खनालले जातिय विभेद उन्मुलन दिवसको सान्दर्भिकता, मानव अधिकारका सवाल तथा आगामी दिनमा स्थानीय तहले जातिय विभेद अन्त्य गर्नका लागि गर्नुपर्ने नीति, कार्यविधि, बजेट,कार्यक्रम तथा योजना लगायतका विषयमा सहजीकरण गर्नुभएको थियो । प्रमुख अतिथि अन्नपूर्ण गाउँपालिका कास्कीका प्रमुख प्रशासकीय अधिकृत खेमराज देवकोटाले स्थानीय तहमा मानव अधिकारका सवाललाई गाउँपालिकाले उच्च प्राथमिकता दिएको भन्दै विकासमा नागरिकलाई साथ साथै लगेर नागरिकका चाहना बमोजिम काम गरिएको बताउनुभयो । उहाँले घर समुदाय तथा विद्यालय स्तरबाटै मानव अधिकार शिक्षा तथा सचेतना अगाडि बढाउनु पर्नेमा जोड दिदै अन्नपूर्ण गाउँपालिकालाई छुवाछुतमुक्त गाउँपालिका बनाउने अभियानमा सवैको साथ र सहयोगको अपेक्षा गर्नुभयो ।

**विश्व वातावरण दिवसको अवसरमा वातावरण संरक्षणमा नागरिकको भुमिका विषयक परिचर्चा**

**पोखरा जेठ ।** राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय, पोखराको आयोजना र राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति, नेपालको समन्वयमा वातावरण संरक्षणमा नागरिकको भुमिका विषयक परिचर्चा कार्यक्रम २०७९ जेठ २२ गते पोखरामा सम्पन्न भएको छ। Living Sustainably in Harmony with Nature भन्ने अन्तर्राष्टिय नारा तथा पृथ्वीको संरक्षण: दिगो प्रकृतिमैत्री जीवनयापन भन्ने राष्ट्रिय नाराका साथ पछिल्लो समयमा वातावरणले सामना गर्नुपरेका समस्याहरु वायु प्रदुषण, ध्वनी प्रदुषण, जल प्रदुषण, तापकम वृद्धि, अव्यवस्थित फोहोर, वन विनास, वाढी पहिरो, राष्ट्रिय सम्पदाको विनासको सम्वन्धमा जनचेतना अभिवृद्धि गर्ने, समस्या उजागर गर्ने तथा वातावरण संरक्षणको लागि सरकारलाई जिम्मेवार र जवाफदेही गराउने र वातावरण संरक्षणमा नागरिको दायित्ववोध गराउने उदेश्यका साथ कार्यकमको आयोजना गरिएको थियो ।




कार्यकमममा वातावरणविद डा.अनिल सुवेदीले वातावरण संरक्षणमा नागरिक, वातावरण अभियान्ता र सरकार गंभीर नहुँदा वातावरण विनास वढदै गएको छ। प्रत्येक वर्ष दिवसको अवसर पारेर वृक्षारोपण गरिन्छ तर संरक्षण हुँदैन । वातावरणलाई देखिने वस्तु भन्दा नदेखिने रासायनिक वस्तुले वढी असर पारिरहेको भन्दै कृषि उत्पादनमा पछिल्लो समय अत्याधिक रासायनिक पदार्थ प्रयोग गर्दा क्षणिक उत्पादन वढेको जस्तो देखिए पनि यसले दीर्घकालिन असर पारिरहेको र यसले वातावरणलाई झन दुषित वनाउदै लगेकोले यसमा सवै गंभीर भएर लाग्न आग्रह गर्नुभएको थियो । वरिष्ठ अधिवक्ता तिलक पराजुलीले पछिल्लो समय जलवायु परिवर्तनका कारण नेपाल उच्च जोखिममा परेको,वातावरणीय असरले गर्दा हाईअल्टिटयुडका मुलुकहरु वढी जोखिममा रहेका वताउदै यसमा गंभीर भएर सोच्नुपर्ने वताउदै नेपालका हिमनदी, ताल फुटदैछन, वेमौसमी वाढी पहिरो, प्रकोपको समस्या वढिरहेको छ । विकासका नाममा कुवा, चौतारा, ऐतिहासिक रुख विरुवा मासिदै गएको देखिदा वातावरण जोगाउन प्रत्येक नागरिकको



कर्तव्य रहेको भन्दै विकास र वातावरणलाई सन्तुलितरुपमा अगाडि वढाउनुपर्ने धारणा व्यक्त गर्नुभएको थियो । कार्यक्रममा आयोगका मानव अधिकार अधिकृत खिमलाल सुवेदीले विकास र मानव अधिकार एक आपसमा अन्तरसम्वन्धित रहेको हुदाँ विकासका क्रियाकलाप सञ्चालन गर्दा मानवलाई केन्द्रमा राखेर मानवअधिकारमैत्री तवरले अगाडि वढाउनुपर्नेमा जोड दिनुभयो । राष्टिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय, पोखराका प्रमुख चन्द्रकान्त चापागाईंको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वातावरणविद, वातावरण अभियान्ता, नागरिक समाज, आमा समुह, पत्रकार लगायत ६५ जनाको सहभागिता रहेको थियो ।

**दिगो विकास लक्ष्य  र मानव अधिकार विषयक छलफल कार्यक्रम**

**लमजुङ । असार :** राष्ट्रिय मानव अधिकार आयोग गण्डकी प्रदेश कार्यालय पोखराको आयोजनामा २०७९ असार ७ गते बेसीशहरमा दिगो विकास लक्ष्य  र मानव अधिकार विषयक छलफल कार्यक्रम सम्पन्न भएको छ । तमु ह्यूल छोज धिँ गुरुङ राष्ट्रिय परिषद् बेसीशहर इकाईको समन्वयमा भएको कार्यक्रममा आयोग प्रदेश कार्यालय पोखराका मानव अधिकार अधिकृत टंकप्रसाद खनालले दिगो विकासका लक्ष्यहरुको वारेमा सहजीकरण गर्नुभएको थियो । उहाँले दिगो विकास लक्ष्यका सबै बुँदा मानवअधिकारसँग जोडिएकाले त्यसलाई पूरा गर्न मानव अधिकारका कुराहरुलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्ने बताउनुभयो । दिगो विकास लक्ष्य र मानवअधिकारलाई सँगै जोडेर सबै पक्ष सामूहिकरूपमा अघि बढे मात्र लक्ष्य पूरा हुन सक्ने उल्लेख गर्दै समुदाय स्तरमा सचेतना मूलक छलफल गरिएको उहाँले जानकारी दिनुभयो ।




सरकारले आगामी सन २०३० सम्म दिगो विकास लक्ष्य पूरा गर्ने प्रतिबद्धताका साथ अघि बढेकाले त्यो लक्ष्य पूरा गर्न आयोग तथा सरकार मात्रको प्रयासले सम्भव नभएकाले यसमा तीनै तहका सरकारसँगै नागरिक समाज, अधिकारकर्मी लगायत सबै पक्षको सहयोग र सहकार्य आवश्यक रहेको उहाँले बताउनुभयोनुभयो । मानव अधिकार अधिकृत खनालले दिगो विकासका १७ ओटा लक्ष्यहरुको वारेमा जानकारी गराउनभएको थियो । जसमा  गरिबी अन्त्य गर्ने, खाद्य सुरक्षा, स्वास्थ जीवन, गुरणस्तरिय शिक्षा, महिला किशोरी र बालिकालाई सशक्त बनाउने, स्वच्छ खानेपानी र सरसफाई, न्यायमा पहुँच लगायतका रहेका छन । तमु ह्यूल छोज धिँ गुरुङ राष्ट्रिय परिषद् बेसीशहर इकाईकाका उपाध्यक्ष क्याप्टेन मिलवहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा सहभागीहरुले मानव अधिकार हनन्का विभिन्न घटना भइरहदाँ पनि सोको सुनुवाई नभएकोले सम्वन्धित निकायले ध्यान दिनु पर्ने बताउनुभयो । कार्यक्रमका सहभागीहरुले राज्यको नीति तथा कानुनमा समावेशी र सहभागिताका कुरा भएपनि व्यवहारमा महिला बालवालिका लगायतको क्षेत्रमा मानव अधिकार हनन्का धेरै घटनाहरु भएको र सोको वारेमा सम्वन्धित निकाय सम्वेदनशील बन्न नसक्नु लज्जास्पद भएको  भन्दै नागरिकस्तरबाट सचेतनामुलक खवरदारी आवश्यक रहेको बताउनुभयो । कार्यक्रममा स्थानीय पृथ्वीमान घले, पदमराज घले, विमला पौडेल अधिकारी, बुधराम नेपाली लगायतले विभिन्न समस्या तथा मानव अधिकार हनन् सम्वन्धी घटनाहरु, आफूले देखे भोगेको विषयवस्तु न्यायिक अवस्थाका वारेमा जानकारी गराएका थिए  । कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति लमजुङका प्रमुख पुर्णवहादुर गुरुङले मानव अधिकारको सवाल चुनौतीपूर्ण बनेको उल्लेख गर्दै दिगो विकास लक्ष्य प्राप्तिका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको बताउनुभयो । तमु ह्युला छोंज धि बेसीशहर इकाई सचिव सुवेदार कृष्णवहादुर घले सञ्चालन गर्नुभएको कार्यक्रममा एफपिकका चन्द्रवहादुर मिश्रले स्वागत गर्नुभएको थियो ।

# ४ प्रदेश कार्यालयका उपलब्धि, चुनौती र सुझावहरू

## ४.१ उपलब्धीहरू

आयोगको गण्डकी कार्यालय पोखराद्धारा मनाङ्ग जिल्ला बाहेकका १० जिल्लाहरुमा मानव अधिकार संरक्षण र सम्वर्द्धन सम्वन्धी विभिन्न कार्यक्रमहरु सम्पन्न गरिएको छ ।। गण्डकी प्रदेशका ८५ स्थानीय तहहरु मध्ये ३५ वटा तहमा मानव अधिकार सम्बन्धी संरक्षण र सम्वर्द्धनात्मक कार्यक्रमहरु सम्पन्न भएका छन् । जसमा अनुगमन, अनुसन्धान, मानव अधिकार शिक्षा तथा सचेतनामुलक लगायतका कार्यक्रम रहेका छन् ।

यस कार्यालयले प्रदेश सरकार, नागरिक समाज, प्रहरी प्रशासनको सहकार्यमा अन्तराष्ट्रिय मानव अधिकार दिवस (१० डिसेम्वर) पोखरामा सम्पन्न गरेको छ भने प्रदेश स्तरीय जेष्ठ नागरिकको अधिकार र प्रदेश सरकारको भूमिका, गण्डकी प्रदेश स्तरीय मानव अधिकार रक्षकको सम्मेलन लगायतका महत्वपूर्ण कार्यक्रमहरु सम्पन्न भएका छन् । त्यसैगरी यस कार्यालयले गोरखा, पर्वत, कास्की, स्याङ्जा, नवलपुरमा पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयन अवस्थाको अनुगमन, बागलुङ र लमजुङमा दिगो विकास लक्ष्य र मानव अधिकार अवस्था अनुगमन, मुस्ताङ, तनहुँ पर्वतमा महिला तथा बालबालिकाको अधिकार अवस्था अनुगमन तथा लम्जुङ र नवलपुरमा नागरिकको स्वास्थ्य अधिकार अवस्था अनुगमन गरिएको छ ।

यस अवधिमा यस कार्यालयवाट ३५ वटा निवेदन तथा मौखिक गुनासाहरुका सम्वन्धमा विभिन्न परामर्श सेवा प्रदान गरिएको छ ।बालबालिका तथा महिला हिंसा सम्वन्धी विभिन्न घटनाहरुमा विभिन्न संघसंस्थाहरुसँगको सहकार्यमा संयुक्त अनुगमन गरिएको र पीडितको सुरक्षा तथा मनोविमर्श सेवाको लागि समेत आवश्यक पहल गरिरहेको छ । विभिन्न संघसस्थाहरुले आयोजना गरेका ७६ ओटा कार्यक्रमहरुमा यस कार्यालयवाट अतिथि तथा प्रमुख अतिथिको रुपमा सहभागीता, १३ ओटा कार्यक्रममा स्रोत व्यक्ति तथा सहजकर्ता तथा विभिन्न १० ओटा रेडियो/टेलिभिजनमा आयोगको सहभागिता रहेको थियो ।

यस आ.ब.मा ४७ वटा उजूरी उपर अनुसन्धान सम्पन्न भई आवश्यक निर्णयार्थ केन्द्रीय कार्यालयमा पठाइएको छ । यस आवमा १ मात्र न्याय प्रशासनसंग सम्बन्धित उजुरी दर्ता भएको छ । आयोगको केन्द्रीय कार्यालयले यस आर्थिक वर्षमा पोखरा कार्यालयबाट पठाइएका विभिन्न २७ ओटा उजुरीको सम्बन्धमा आवश्यक निर्णय भएको अवस्था छ ।

गण्डकी प्रदेश सरकार, नागरिक समाज सञ्जाल, नेपाली सेना, नेपाल प्रहरी, स्थानीय प्रशासन तथा विभिन्न सामाजिक संघ संस्था समेतको सहकार्यमा विविध मानव अधिकार सम्बन्धी सचेतनामुलक कार्यक्रम सम्पन्न भई आयोगको समन्वय र सहकार्यमा अभिवृद्धि भएको छ । साथै आवधिक निर्वाचन अन्तर्गत स्थानीय तह निर्वाचनको आयोगबाट निर्वाचनपूर्व ,निर्वाचनको समय र निर्वाचन पश्चात गरी तीन चरणमा यस प्रदेशका विभिन्न ११ जिल्लाको अनुगमनपछि प्रतिवेदन पेश गरिएको छ ।

## ४.२ चुनौति

- आयोगको आफनै कार्यालय भवन नभएको र भाडाको घर कार्य प्रकृति अनुरुप नभएको, पर्याप्त कोठाहरु नभएको, आफु अनुकुल मर्मत वा निर्माण गर्न नपाईने (जस्तै कार्यालयलाई अपाङ्गमैत्री नभएको, बयान गराउन तथा स्तनपान गराउने छुट्टै कोठाको व्यवस्था गर्न नसकिएको) जस्ता समस्याहरु रहेका छन ।
- दुरदराजमा महिला हिंसा तथा जातीय भेदभाव लगायतका घटनाका उजूरी बाहिर नआउने, आएका उजूरीहरुलाई समेत जवर्जस्ती दवाव दिई मिलापत्र गराउन खोजिने प्रवृति कायम नै रहेको छ ।
- प्रहरीले समयमा जाहेरी दर्ता नगर्ने तथा दर्ता भएका जाहेरीमा प्रहरीद्धारा प्रभावकारी अनुसन्धान नहुने ।
- प्रदेशमा अपराधको बैज्ञानिक अनुसन्धानको लागि विधि बिज्ञान प्रयोगशालाहरु नभएकोले राजधानीमा रहेको विधि बिज्ञान प्रयोगशालामा निर्भर हुदाँ अनुसन्धानको समय बढी लाग्ने गरेको ।
- संविधानको मौलिक हकमा अपराध पीडितको हक रहेको भएपनि पीडित साक्षीको सुरक्षा नहुनु, सूचनाको गोपनियता कायम नहुनु (अदालत तथा केही प्रहरी सेलमा समेत)
- अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धी एकद्धार संकट व्यवस्थापन केन्द्र प्रभावकारी नहुनु ।
- पुर्नस्थापना गृह तथा मनोसामाजिक विमर्श केन्द्रहरुको अभाव ।
- बैदेशिक रोजगारीसंग सम्वन्धित विषय, बढ्दो आत्महत्या, बलात्कारको सम्वन्धमा अध्ययन अनुसन्धानको अभाव ।
- सामाजिक सञ्जालको दुरुपयोग वढ्दो ।
- विपद व्यवस्थापनको लागि स्थानीय तहमा रहेको संयन्त्र प्रभावकारी तथा चुस्त नभएको ।
- उपभोक्ता अधिकारको अनुगमन प्रभावकारी हुन नसकेको ।
- आयोगको केन्द्रीय कार्यालयबाट काजमा कर्मचारी सरुवा तथा विदा दिने कार्यले कार्यालयको कार्यसम्पादनमा समस्या भएको ।
- आयोगबाट भएको निर्णय कार्यान्वयन नभएको भन्दै गुनासो सहित पीडित आउने क्रम बढेको ।
- कार्यालयमा एउटा मात्र सवारी साधन हुदाँ वार्षिक कार्यक्रम सम्पन्न गर्न कठिनाई
- दरवन्दी अनुसारको कर्मचारी नहुनु । महिला तथा बालिकामाथि हुने हिंसाका उजुरीमा आवश्यक मनोपरामर्शका लागि अधिकृतस्तरको महिला कर्मचारी नहुनु ।
- कर्मचारीमा क्षमता अभिबृद्धि तथा उत्प्रेरणा मुलक कार्यहरुको अभाव आदिको सम्बोधन हुन नसक्नु ।

## ४.३. सुझावहरु

हाल मुलुक संघीय संरचनामा गई तीन तहको सरकार निर्माण भईसकेको र संघीय संरचना अर्न्तगतका केही सरकारी कार्यालयहरु प्रदेशमा नरहने नेपाल सरकारद्वारा निर्णय भइसकेको सन्दर्भमा प्रदेश सरकारलाई आयोगको यस कार्यालयको लागि सरकारी भवन उपलब्ध गराउनका लागि आवश्यक

पहल गरिदिन आग्रह गरिएको छ । गण्डकी प्रदेश सरकार तथा पोखरा महानगरपालिकाले मानव अधिकारको सम्मान, संरक्षण र संम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको लागि प्रतिबद्ध रहेकोले आयोगको गण्डकी प्रदेश कार्यालयलाई सरकारी कार्यालय भवन वा जग्गा उपलब्ध गराउनु उपयुक्त देखिन्छ ।

- महिला तथा बालिका माथि हुने दुर्व्यवहार तथा हिंसाका घटनामा पीडितलाई न्यायका लागि अस्पतालमा आधारित लैङ्गिक हिंसा सम्बन्धी एकद्धार संकट व्यवस्थापन केन्द्र प्रभावकारी बनाउनुपर्ने ।
- पुन:स्थापना गृह तथा मनोसामाजिक विमर्श केन्दको स्थापना तथा जनशक्तिको आपूर्ति गरिनुपर्ने ।
- बैदेशिक रोजगारीसंग सम्वन्धित विषय, बढ्दो आत्महत्या, बलात्कारको सम्वन्धमा अध्ययन अनुसन्धान हुनुपर्ने ।
- महिला हिंसा विरुद्ध सम्बोधन गर्न बनेका संयन्त्रहरुलाई स्रोत साधन सम्पन्न बनाउनु पर्ने ।
- अपराध अनुसन्धानको लागि आवश्यक पर्ने विधिविज्ञान प्रयोगशाला लगायत चाहिने प्रविधिको व्यवस्था हुनपर्ने ।
- प्रदेशमा तत्काल प्रदेश स्तरीय पूर्नस्थापना गृह संचालन गरिनुपर्ने र क्रमश बृद्धि गरिदै लगिनुपर्ने ।
- बैदेशिक रोजगारको विकल्पको रुपमा राज्यले विभिन्न स्व:रोजगारका कार्यक्रमहरु लागु गर्नुपर्ने ।
- स्थानिय तहमा एच.आई भि संक्रमित तथा प्रभावितहरुको प्रभावकारी व्यवस्थापनको लागि संयन्त्र निर्माण गरी प्रभावकारी कार्यान्वयन गर्नु पर्ने ।
- आदिवासी जनजातिहरुको अधिकार संरक्षणको लागी बनेका राष्ट्रिय तथा आइ. एल.ओ १६९ लगायतका अन्तराष्ट्रिय कानुनहरुको प्रभावकारी कार्यान्वयन गर्न सिफारीस गरिनुपर्ने ।
- बालबालिकाको मनोभावनालाई ध्यानमा राखेर विद्यालयमा दण्ड सजाय रहितको अध्ययन अध्यापनमा जोड दिनुपर्ने तथा विद्यालयलाई बालमैत्री बनाउनका लागि सम्वन्धित निकायबाट नियमित अनुगमन गर्नुपर्ने ।
- सेवा प्रदायक सरकारी तथा सार्वजनिक निकायका पुराना संरचनालाई अपांगता भएका व्यक्तिको अनुकुलता अनुरुप सुधार गर्ने तथा नयाँ बन्ने भौतिक संरचना पहुचयुक्त (अपाङ्गमैत्री) बनाइनु पर्ने
- नागरिकताबाट बञ्चित ज्येष्ठ नागरिकलाई नागरिकता उपलब्ध गराउन पहल गर्नुपर्ने तथा ज्येष्ठ नागरिकको हक अधिकार र सुरक्षाका लागि बनेका नीति, नियम तथा कानुनी प्रावधानहरुको बारेमा चेतना जगाउने कार्यक्रमहरु सञ्चालनमा ल्याउनुपर्ने । ज्येष्ठ नागरिकको स्वास्थ्य सुधारको लागि नि:शुल्क औषधी उपचारको व्यवस्था गर्नुपर्ने र आधारभुत आवश्यकताको पहुँच पुऱ्याउनुपर्ने ।
- विद्यालयको पाठ्यक्रममा मानव अधिकार शिक्षालाई समावेश गर्ने कुरामा जोड दिनुपर्ने ।
- दरबन्दी अनुसारको कर्मचारी व्यवस्थापन तथा कर्मचारीहरुलाई क्षमता अभिबृद्धि सहितका उत्प्रेरणामुलक कार्यक्रममा जोड दिनु पर्ने ।

**अनुसुची १: आयोगको पोखरा कार्यालय स्थापना पछि दर्ता हुन आएका उजूरीको विवरण**

| क्र.सं. | अवधि | उजुरी संख्या |
|---|---|---|
| १ | २०६२ वैशाख २१ देखि २०६२ चैत मसान्तसम्म | ३२५ |
| २ | २०६३ वैशाख १ देखि २०६३ चैत मसान्तसम्म | २५० |
| ३ | २०६४ वैशाख देखि २०६४ चैत मसान्तसम्म | १४९ |
| ४ | २०६५ वैशाख देखि २०६५ चैत मसान्तसम्म | ११३ |
| ५ | २०६६ वैशाख देखि २०६६ चैत मसान्तसम्म | ५३ |
| ६ | २०६७ वैशाख देखि २०६७ चैत मसान्तसम्म | ३९ |
| ७ | २०६८ वैशाख देखि २०६८ चैत मसान्तसम्म | ४४ |
| ८ | २०६९ वैशाख देखि २०६९ चैत मसान्तसम्म | १९ |
| ९ | २०७० वैशाख देखि २०७० चैत मसान्तसम्म | २० |
| १० | २०७१ वैशाख देखि २०७१ चैत मसान्तसम्म | १२ |
| ११ | २०७२ वैशाख देखि २०७२ चैत मसान्तसम्म | ७ |
| १२ | २०७३ वैशाख देखि २०७३ चैत मसान्तसम्म | १३ |
| १३ | २०७४ वैशाख देखि २०७४ चैत मसान्तसम्म | १३ |
| १४ | २०७५ वैशाख देखि २०७५ चैत मसान्तसम्म | २३ |
| १५ | २०७६ वैशाख देखि २०७७ अषाढ मसान्तसम्म | १६ |
| १६ | २०७७ वैशाख देखि २०७८ अषाढ मसान्तसम्म | ९ |
| १७ | २०७८ वैशाख देखि २०७९ अषाढ मसान्तसम्म | १ |
| | **जम्मा उजुरी संख्या** | **११०६** |

नोट : पोखरा कार्यालयबाट वुटवल उपक्षेत्रीय कार्यालयमा पठाईएका उजुरी संख्या २०६

**अनुसुची २: निर्णयका लागि केन्द्रिय कार्यालय पठाईएका उजूरी संख्या**

| क्र.सं. | अवधि | संख्या |
|---|---|---|
| १ | २०६६ भन्दा अगाडी | ६७ |
| २ | २०६६ वैशाखदेखि चैतसम्म | ४६ |
| ३ | २०६७ वैशाखदेखि चैतसम्म | १३४ |
| ४ | २०६८ वैशाखदेखि चैतसम्म | १६३ |
| ५ | २०६९ वैशाखदेखि चैतसम्म | ६५ |
| ६ | २०७० वैशाखदेखि चैतसम्म | ५४ |
| ७ | २०७१ वैशाखदेखि चैतसम्म | ५० |
| ८ | २०७२ वैशाखदेखि चैतसम्म | ३३ |
| ९ | २०७३ वैशाखदेखि चैतसम्म | ३७ |
| १० | २०७४ वैशाखदेखि चैतसम्म | १८ |
| ११ | २०७५ वैशाखदेखि चैतसम्म | ३५ |
| १२ | २०७६ वैशाखदेखि २०७७ असारसम्म | २० |
| १३ | २०७७ वैशाखदेखि २०७८ असारसम्म | २६ |
| १४ | २०७८ वैशाखदेखि २०७९ असारसम्म | २३ |
| | **जम्मा** | **७७१** |

## अनुसुची ३: जिल्लागत तथा विषयगत उजूरी विवरण

| District | CAT | Disappearance | ESCR | ICCPR | CEDAW | CRC | CRPD | CERD | MGW | **जम्मा** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कास्की | ६ | २४ | ९ | २५ | २ | ८ | ० | ० | ० | ७४ |
| तनहुँ | ० | ९ | ० | १ | ० | ० | ० | ० | ० | १० |
| लमजुङ | ० | ४ | ५ | ४ | ० | २ | १ | ० | ० | १५ |
| गोरखा | १ | १० | ० | ३ | १ | ० | ० | ० | ० | १५ |
| पर्वत | ० | ५ | ० | ४ | ० | ० | ० | ० | ० | १० |
| वाग्लुङ | १० | ८ | ६ | ३ | ० | १ | ० | ० | ० | २९ |
| नवलपुर | ० | ९ | ८ | ३ | १ | १ | ० | ० | ० | २२ |
| मनाङ | १ | १ | १ | १ | ० | ० | ० | ० | ० | ४ |
| मुस्ताङ | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | १ |
| म्याग्दी | २ | १ | ३ | ६ | ० | ० | ० | ० | ० | १२ |
| स्याङ्जा | १ | ७ | १ | १ | ० | १ | ० | ० | ० | ११ |
| **जम्मा** | २१ | ७८ | ३३ | ५१ | ४ | १४ | १ | ० | १ | २०३ |

## अनुसुची ४: जिल्लागत उजूरी संख्या

| **क.सं** | **जिल्ला** | **उजुरी संख्या** |
|---|---|---|
| १ | कास्की | ७४ |
| २ | तनहुँ | १० |
| ३ | लमजुङ | १५ |
| ४ | गोरखा | १५ |
| ५ | पर्वत | १० |
| ६ | वाग्लुङ | २९ |
| ७ | नवलपुर | २२ |
| ८ | मनाङ | ४ |
| ९ | मुस्ताङ | १ |
| १० | म्याग्दी | १२ |
| ११ | स्याङ्जा | ११ |
| | **जम्मा** | **२०३** |

# अनुसुची ५ : खर्चको फाँटवारी

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय

कार्यालय कोड नं.: २१४००३९०१

खर्चको फाटवारी

असार महिनाको

म. ले. प. फा. न. २१०

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय, पोखरा

**आर्थिक वर्ष:-** २०७८/७९
**बजेट उपशीर्षक :** राष्ट्रिय मानव अधिकार आयोग (प्रशासनिक खर्च समेत)(२१४०००११३)

| खर्च/ वित्तीय सङ्केत नं | खर्च/वित्तीय सङ्केतको नाम | अन्तिम बजेट | यस महिना सम्मको निकासा | गत महिना सम्मको खर्च | यस महिनाको खर्च | यस महिना सम्मको खर्च | पेश्की | पेश्की बाहेक खर्च रकम | बाँकी बजेट |
|---|---|---|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ७,८३७,०००.०० | ५,४१६,१७४.२० | ४,९९७,९१४.६० | ४१८,२५९.६० | ५,४१६,१७४.२० | ०.०० | ५,४१६,१७४.२० | २,४२०,८२५.८० |
| २११२१ | पोशाक | १८०,०००.०० | १२०,०००.०० | १२०,०००.०० | ०.०० | १२०,०००.०० | ०.०० | १२०,०००.०० | ६०,०००.०० |
| २११३२ | महंगी भत्ता | ४३२,०००.०० | २९०,०००.०० | २६६,०००.०० | २४,०००.०० | २९०,०००.०० | ०.०० | २९०,०००.०० | १४२,०००.०० |
| २११३९ | अन्य भत्ता | ५,०००.०० | ५,०००.०० | ५,०००.०० | ०.०० | ५,०००.०० | ०.०० | ५,०००.०० | ०.०० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ५१,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ५१,०००.०० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | ७२,०००.०० | ५३,२००.०० | ४८,८००.०० | ४,४००.०० | ५३,२००.०० | ०.०० | ५३,२००.०० | १८,८००.०० |
| २२१११ | पानी तथा बिजुली | २०७,०००.०० | ७२,३८६.०० | ५१,०६१.०० | २१,३२५.०० | ७२,३८६.०० | ०.०० | ७२,३८६.०० | १३४,६१४.०० |
| २२११२ | संचार महसुल | २२८,०००.०० | १४६,८७६.०० | ११३,७२६.०० | ३३,१५०.०० | १४६,८७६.०० | ०.०० | १४६,८७६.०० | ८१,१२४.०० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १६९,०००.०० | १६८,७५१.३६ | ११८,२४२.६१ | ५०,५०८.७५ | १६८,७५१.३६ | ०.०० | १६८,७५१.३६ | २४८.६४ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | २७०,०००.०० | २५६,६६६.५० | २१७,०६४.५० | ३९,६०२.०० | २५६,६६६.५० | ०.०० | २५६,६६६.५० | १३,३३३.५० |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ४०,०००.०० | १९,४५०.०० | ८,७५०.०० | १०,७००.०० | १९,४५०.०० | ०.०० | १९,४५०.०० | २०,५५०.०० |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २४५,०००.०० | १९८,३५३.९० | १८७,१०८.९० | ११,२४५.०० | १९८,३५३.९० | ०.०० | १९८,३५३.९० | ४६,६४६.१० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | २०,०००.०० | १५,१८१.०० | ७,७३१.०० | ७,४५०.०० | १५,१८१.०० | ०.०० | १५,१८१.०० | ४,८१९.०० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ११७,०००.०० | ७५,०००.०० | १६,७५०.०० | ५८,२५०.०० | ७५,०००.०० | ०.०० | ७५,०००.०० | ४२,०००.०० |
| २२४१३ | करार सेवा शुल्क | ४८,०००.०० | ४८,०००.०० | ४०,०००.०० | ८,०००.०० | ४८,०००.०० | ०.०० | ४८,०००.०० | ०.०० |
| २२५२२ | कार्यक्रम खर्च | १,९२८,०००.०० | १,४०६,२९१.०० | १,२३९,८९०.०० | १६६,४०१.०० | १,४०६,२९१.०० | ०.०० | १,४०६,२९१.०० | ५२१,७०९.०० |
| २२५२९ | विविध कार्यक्रम खर्च | २२५,०००.०० | २१६,७६९.०० | २१६,७६९.०० | ०.०० | २१६,७६९.०० | ०.०० | २१६,७६९.०० | ८,२३१.०० |
| २२६१२ | भ्रमण खर्च | ६७,०००.०० | ५८,३४५.०० | ५८,३४५.०० | ०.०० | ५८,३४५.०० | ०.०० | ५८,३४५.०० | ८,६५५.०० |
| २२७११ | विविध खर्च | १४४,०००.०० | १२१,३२७.०० | १०३,०३७.०० | १८,२९०.०० | १२१,३२७.०० | ०.०० | १२१,३२७.०० | २२,६७३.०० |
| २८१४२ | घर भाडा | ६१२,०००.०० | ६११,८६६.०० | ५०७,८६६.०० | १०४,०००.०० | ६११,८६६.०० | ०.०० | ६११,८६६.०० | १३४.०० |
| | कुल जम्मा | १२,८९७,०००.०० | ९,२९९,६३६.९६ | ८,३२४,०५५.६१ | ९७५,५८१.३५ | ९,२९९,६३६.९६ | ०.०० | ९,२९९,६३६.९६ | ३,५९७,३६३.०४ |
| | अन्तिम बजेटको तुलना ( %प्रतिशतमा ) | | | | | | | | |

तयार गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

प्रमाणित गर्नेको दस्तखतः

नामः

दर्जाः

मितिः

**अनुसूची ६ प्रेस विज्ञप्ति :**

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
गण्डकी प्रदेश कार्यालय, Gandaki Province Office
पोखरा-८, एयरपोर्ट(पर्यटन मार्ग), Pokhara-8, Airport(Paryatan Marga)

## प्रेस नोट

२४ चैत्र २०७८

**मानव अधिकार उल्लंघनकर्तालाई निर्वाचनमा उम्मेदवार नबनाउन राजनीतिक दलहरूलाई पत्राचार**

राष्ट्रिय मानव अधिकार आयोग, गण्डकी प्रदेश कार्यालय पोखराले आगामी २०७९ साल वैशाख ३० गते सम्पन्न हुन गईरहेको स्थानीय तहको निर्वाचनलाई मानव अधिकारमैत्री वनाउन गण्डकी प्रदेशका ११ ओटै जिल्ला (कास्की,तनहुं,लमजुङ,गोर्खा,मनाङ,मुस्ताङ,म्याग्दी,बाग्लुङ,पर्वत,स्याङजा र नवलपरासी(वर्दघाट सुस्ता पूर्व) का सक्रिय प्रमुख राजनीतिक दलहरू लाई पत्राचार गरेको छ । मानव अधिकार उल्लङ्घनकर्ता भनी आयोगले किटान गरी नाम सार्वजनिक गरेका व्यक्तिहरूलाई निर्वाचनमा उम्मेदवार नबनाउन आग्रह गरेको छ । साथै सार्वजनिक आवागमनमा अवरोध हुने गरी कुनै किसिमको जुलुश, आमसभा,कोणसभा,बैठक भेला वा निर्वाचन प्रचार प्रसार नगर्न नगराउन, कुनै सरकारी कार्यालय वा सामुदायिक विश्वविद्यालय वा विद्यालय क्षेत्र प्रयोग गरी निर्वाचन सम्वन्धी भेला वा प्रचार प्रसार नगर्न नगराउन, निर्वाचन प्रचार-प्रसारको क्रममा आयोजना गरिने कुनै पनि कार्यक्रमहरूमा बालबालिकाको प्रयोग नगर्न नगराउन, ज्येष्ठ नागरिक,महिला,यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदाय र अपाङ्गता भएका व्यक्ति लगायत कसैको पनि भावनामा आंच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचार प्रसार नगर्न नगराउन, निर्वाचन अवधिमा हुने विभिन्न कार्यक्रमहरूमा घृणा, द्वैष फैलने किसिमका अमर्यादित शब्दहरू दलका उम्मेदवार, पार्टी नेतृत्व एवं कार्यकर्ताहरु बाट व्यक्त नगर्न नगराउन, निर्वाचन प्रक्रियाको लागि समानुपातिक समावेशी सिद्धान्तको आधारमा उम्मेदवारी तय गर्न,निर्वाचन आयोगबाट जारी आचारसंहिताका विशेषतः मानव अधिकारसँग सम्वन्धित विषयहरूलाई प्राथमिकताका साथ पालना गर्न गराउन पनि अनुरोध गरेको छ ।

पत्रमा, निर्वाचनलाई मानव अधिकारमैत्री वातावरणमा सम्पन्न गर्न निर्वाचन आयोग,सबै राजनीतिक दलहरू, निर्वाचनमा खटिने कर्मचारी, सुरक्षाकर्मी,अनुगमन तथा पर्यवेक्षणकर्ता र मतदाता समेतलाई अनुरोध गर्दै घोषित निर्वाचन मानव अधिकारमैत्री वातावरणमा सम्पन्न हुने अपेक्षा समेत गरेको छ ।

चन्द्रकान्त चापागाईं
(नि.कार्यालय प्रमुख)

फोन नं. ०६१-५३६०८१,५३६०५९ फ्याक्स नं. ००९७७-६१-५३५८७५ पो.ब.नं. ७२ पोखरा, नेपाल
Phone: +977 61-536081, 536059 Fax: +977 61-535875, G.P.O. Box: 72, Pokhara, Nepal
Email: nhrcpkr@gmail.com website www.nhrcnepal.org

# आयोगबाट सम्पादित कार्यक्रमको झलक


















## राष्ट्रिय मानव अधिकार आयोगका कार्यालयहरू

### केन्द्रीय कार्यालय

**हरिहर भवन, पुल्चोक, ललितपुर**

फोन : ०१–५०१००१५, (हटलाइन : ०१–५०१००००)

फ्याक्स : ०१-५५४७९७३, पोष्ट बक्स नं. ९१८२, काठमाडौँ, नेपाल

ई-मेल : nhrc@nhrcnepal.org

### प्रदेश कार्यालयहरू :

**प्रदेश नं. १ कार्यालय, विराटनगर**

फोन : ०२१-४६१९३१, ४६१०९३, फ्याक्स : ०२१-४६११००

ई-मेल : nhrcbrt@nhrcnepal.org

**प्रदेश नं. २ कार्यालय, जनकपुर**

फोन : ०४१-५९०३१३/१४, फ्याक्स : ०४१-५९०३१५

ई-मेल : nhrcjnk@nhrcnepal.org

**बागमती प्रदेश कार्यालय, सानेपा, ललितपुर**

फोन : ०१-५४२९१७२, ५४३०३६२, फ्याक्स : ०१-५४३०३६२

ई-मेल : nhrcsnp@nhrcnepal.org

**गण्डकी प्रदेश कार्यालय, पोखरा**

फोन : ०६१–५८६०५९/५८६०८१, फ्याक्स : ०६१–५३५८७५

ई-मेल : nhrcpkr@gmail.com

**लुम्बिनी प्रदेश कार्यालय, बुटवल**

फोन : ०७१-४१०१७५, फ्याक्स : ०७१-४१०१७६

ई-मेल : nhrcbtl@nhrcnepl.org

**सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी**

फोन : ०९१-५२५६२१, ५२५६२२, फ्याक्स : ०९१-५२५६२३

ई-मेल : nhrcdhn@nhrcnepal.org

### प्रदेश शाखा कार्यालयहरू

**प्रदेश नं. १ शाखा कार्यालय, दिक्तेल**

फोन : ०३६-४२०२८४

ई-मेल : nhrckht@nhrcnepal.org

**लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज**

फोन : ०८१-५२६७०७, ५२६७०८

ई-मेल : nhrcnpj@nhrcnepal.org

**कर्णाली प्रदेश शाखा कार्यालय, जुम्ला**

फोन : ०८७-५२०२२२

ई-मेल : nhrcjum@nhrcnepal.org